
प्रार्थनाद्वारा शक्ति
इ. एम. बउन्ड्स

# प्रार्थनाद्वारा शक्ति

## एड्वर्ड एम. बउन्ड्स

# Power Through Prayer

## Edward M. Bounds (1835-1913)

**प्रकाशक**
**ट्याबरनेकल अफ गड मिनिस्ट्रीज**
**बाह्रबिसे - ९, सिन्धुपाल्चोक,**
**नेपाल**
Visit us @ www.togmission.com
email: togmission@gmail.com

पहिलो प्रकाशन : वि.सं. २०८१ (२०२४ A.D.)
अनुवादक : के.एम.दास
टाइपिङ्ग : सहदेव श्रेष्ठ

## धन्यवाद

जे जति असल कुराहरू गरिएका छन् ती सबै उहाँकै ज्ञान र सामर्थ्यले गरिएका हुन्, र जे जति असल परिणामहरू यसबाट आउँछ ती सबै उहाँकै आत्मा र अनुग्रहले नै हुने छन्। सबै धन्यवाद र महिमा उहाँलाई नै चढाउँछौँ।

**Bibliography (सन्दर्भ सामग्री)**

Power Through Prayer - Edward M. Bounds

All our books are freely available for download on our website.

The contents of this book can be used only for non-commercial purposes.
© All rights reserved.

# विषय सूची


| विषय | पृष्ठ |
|---|---|
| १. प्रार्थनाका मानिसहरूको आवश्यकता छ | ५ |
| २. हाम्रो पर्याप्तता परमेश्वरबाटको हो | ११ |
| ३. अक्षरले मार्छ | १५ |
| ४. हटाउनु पर्ने प्रवृत्तिहरू | १९ |
| ५. प्रार्थना - महान् आवश्यकता | २३ |
| ६. प्रार्थनाद्वारा गरिने सेवकाइ सफल सेवकाइ | २७ |
| ७. प्रार्थनाको लागि अधिक समय दिनुपर्छ | ३१ |
| ८. प्रार्थना गर्ने मानिसहरूका उदाहरणहरू | ३५ |
| ९. दिनलाई प्रार्थनासाथ सुरु गर्नू | ३९ |
| १०.प्रार्थना र भक्ति संयुक्त छन् | ४२ |
| ११.भक्तिको एउटा नमुना | ४६ |
| १२.हृदयको तयारी आवश्यक छ | ५१ |
| १३.टाउकोबाटको भन्दा हृदयबाटको अनुग्रह | ५५ |
| १४.अभिषेक एक आवश्यकता | ५८ |
| १५.अभिषेक साँचो सुसमाचार प्रचारको चिन्ह हो | ६१ |
| १६.अभिषेकको मूल्य अधिक प्रार्थना | ६५ |
| १७.प्रार्थना नै आत्मिक नेतृत्वको चिन्ह हो | ६९ |
| १८.प्रचारकहरूलाई मानिसहरूको प्रार्थना चाहिन्छ | ७४ |
| १९.प्रार्थनाबाट ठुलो परिणाम प्राप्त गर्न हतारबिनाको लगनशीलता चाहिन्छ | ७९ |
| २०.प्रार्थनासहितको पुलपिटले प्रार्थना गर्ने मण्डली जन्माउँछ | ८४ |


www.togmission.com

# प्रस्तावना

प्रार्थनाद्वारा शक्तिलाई "प्रार्थनाको विषयवस्तुमा साँच्चिकै महान् कृतिहरूमध्ये एक" मानिएको छ। "उत्कृष्ट" भन्ने शब्द यस उल्लेखनीय पुस्तकको लागि उचित रूपमा लागु हुन्छ।

बीस उत्तेजक र प्रेरणादायक अध्यायहरूमा, प्रत्येक अध्यायमा महान् आत्मिक मानिसहरूका भनाइहरूसहित, एड्वर्ड एम. बउन्ड्सले एउटा पास्टरको जीवनमा महत्त्वपूर्ण प्रार्थनाको अनिवार्यतालाई जोड दिनुभएको छ। उहाँ भन्नुहुन्छ, *"... प्रत्येक प्रचारक जसले प्रार्थनालाई उनको आफ्नै जीवन र सेवामा एक शक्तिशाली कारक बनाउँदैनन्, परमेश्वरको काममा एउटा कारकको रूपमा कमजोर छन्, र यस संसारमा परमेश्वरको उद्देश्यलाई प्रस्तुत गर्न शक्तिहीन छन्।"*

*"सेवकको लागि मनोरञ्जन घाँस काट्ने हतियारको लागि धारिलो पारिनु समान हुनुपर्छ - अर्थात् उनको कामको लागि आवश्यक भएसम्म मात्र प्रयोग गर्नुपर्दछ। महामारीको समयमा एउटा चिकित्सकले, जीवन र मृत्युको मामिलामा धेरैले उनको सहयोगको अपेक्षा गरिरहेका बेला, आफ्नो जीवनको लागि आवश्यक भन्दा बढी आराम वा मनोरञ्जन लिन सक्छ ? के तपाईँ छेउमा उभिनु हुनेछ र पापीहरूलाई मृत्युको पीडामुनि स्वाँ स्वाँ गरिरहेको देख्नुहुन्छ, र भन्नुहुन्छ: "परमेश्वरले तिनीहरूलाई बचाउनको लागि म आफैलाई कठोर काम गर्ने नोकर बनाउन माग गर्नुभएको छैन ?" के यो सेवक वा इसाई दयाको आवाज हो, वा बरु विलासी आलस्य र शैतानी क्रूरताको आवाज हो।" - रिचर्ड ब्याक्सटर*

*"समयको दुरुपयोगले मनलाई हानि पुऱ्याउँछ। रोगी अवस्थामा मैले मेरो अध्ययनमा बिताएका दिनहरूलाई आत्म-निन्दाको साथ फर्केर हेरेको छु; म इतिहास र कविता र मासिक पत्रिकाहरू पढ्नुमा बरालिएको थिएँ, तर म मेरो अध्ययनमा थिएँ! अर्को मानिस तुच्छ कामहरूमा समयको बर्वाद गरेको अवलोकन गर्नेहरू सबैको लागि कुख्यात छ, तर म के गर्दै छु? सायद, मेरो मण्डलीको आत्मिक भलाइको सन्दर्भमा केही पनि छैन। एकान्तता र प्रार्थनामा धेरै रहनुहोस्। आफ्नो मालिकको सम्मान र महिमा अध्ययन गर्नुहोस्।"- रिचर्ड सिसिल*

# अध्याय - १

# प्रार्थनाका मानिसहरूको आवश्यकता छ

*"जीवनको सर्वाङ्गीण पवित्रतालाई लगनशीलता साथ पछ्याउनु होस्। तपाईँको सम्पूर्ण उपयोगिता यसैमा निर्भर हुन्छ, किनभने प्रचारहरू एक अथवा दुई घण्टासम्म रहन्छन्; तपाईँको जीवनले चाहिँ हप्ताभरि प्रचार गर्छ। यदि शैतानले एउटा लोभी सेवकलाई प्रशंसा, सुख विलास र भोजन प्रेमी बनाउन सकेको खण्डमा तिनले तपाईँको सेवालाई नाश पार्‍यो। आफूलाई प्रार्थनामा दिनुहोस्, र आफ्नो प्रचार, विचार र शब्दहरू परमेश्वरबाट पाउनुहोस्। लुथरले आफ्नो असल तीन घण्टालाई प्रार्थनामा बिताए।"- रबेर्ट मुर्रे मेक्चइन*

मण्डलीको प्रगति र सुसमाचारको विस्तार र प्रभावको लागि नयाँ संस्थाहरू, नयाँ योजनाहरू र नयाँ प्रविधिहरू तयार गर्नुमा हामी सधैँ तनावमा नजिए तापनि बलभन्दा बाहिरको प्रयास गर्दै जिइरहेका छौँ। आजको यो प्रवृत्तिको चलनचाहिँ मानिसप्रतिको ध्यानलाई गुमाउनु अथवा मानिसलाई योजना अथवा संस्थामा डुब्न दिनु हो। परमेश्वरको योजनाचाहिँ मानिसबाट बढी उपलब्धि ल्याउनु हो, अरू कुनै पनि थोकहरूबाट भन्दा धेरै गुणा। मानिसहरू नै परमेश्वरका प्रविधिहरू हुन्। मण्डली उत्तम प्रविधिहरूको खोजीमा छ, परमेश्वर उत्तम मानिसहरूको खोजीमा हुनुहुन्छ। "परमेश्वरबाट पठाइएका एक जना मानिस थिए, जसको नाम यूहन्ना थियो।" येशू ख्रीष्टको लागि बाटो तयार गर्ने र उहाँको आगमनलाई घोषणा गर्ने सम्पूर्ण प्रणालीहरू त्यो मानिस यूहन्नामा जोडिएको थियो। "हाम्रा निम्ति एउटा बालकको जन्म भएको छ। हाम्रा निम्ति एउटा छोरो दिइएको छ।" संसारको उद्धार डुँडमा रहेको त्यो छोराबाट आएको थियो। संसारमा सुसमाचारको जरालाई गाडिदिने मानिसहरूको व्यक्तिगत गुणको बारेमा पावलले कुरा गर्दा उहाँले तिनीहरूको सफलताको रहस्यलाई खुलस्त पार्नुहुन्छ। सुसमाचारको महिमा र

www.tegmission.com

प्रभावकारिता त्यसलाई घोषणा गर्ने मानिसहरूमाथि नै निर्भर भएको हुन्छ। "किनकि जसको हृदय परमप्रभुप्रति सिद्ध छ, उनीहरूका निम्ति आफूलाई सामर्थी देखाउन उहाँका आँखाहरू सारा पृथ्वीभरि यताउता दगुरिरहन्छन्।" (२इति १६:९ टी.बी.एस.)" संसारमा आफ्नो शक्तिलाई प्रकट गर्नको लागि मानिसहरूको आवश्यकता र माध्यमको रूपमा उनीहरूमाथिको आफ्नो निर्भरतालाई यहाँ परमेश्वरले घोषणा गर्दै हुनुहुन्छ। यो महत्त्वपूर्ण र जरुरी सत्य नै आजको यान्त्रिक युगले बिर्सिन योग्य एउटा सत्य हो। यसलाई बिर्सनु भन्ने कुरा परमेश्वरको कामको लागि सूर्यलाई आकाश मण्डलबाट हटाएको जत्तिकै विनाशकारी हुन्छ। त्यसले ल्याउने परिणाम: अन्धकार, अन्योल र मृत्यु हुन्।

आजको मण्डलीको आवश्यकताचाहिँ थप अथवा उत्तम यन्त्रहरू होइन, नयाँ अथवा थप संस्थाहरू र नयाँ प्रविधिहरू होइनन्, तर पवित्र आत्माले प्रयोग गर्न सक्ने मानिसहरू नै हुन् – प्रार्थनाका मानिसहरू, प्रार्थनामा शक्तिशाली मानिसहरू। पवित्र आत्मा प्रविधिहरूद्वारा बग्नुहुन्न, तर मानिसहरूद्वारा बग्नु हुन्छ। उहाँ यन्त्रहरूमाथि आउनुहुन्न, तर मानिसहरूमाथि आउनुहुन्छ। उहाँ योजनाहरूलाई अभिषेक गर्नुहुन्न, तर मानिसहरूलाई – प्रार्थनाका मानिसहरूलाई।

एउटा प्रख्यात इतिहासकारले भन्नुभएको थियो, कि देशको परिवर्तनमा दार्शनिक इतिहासकार वा लोकतान्त्रिक राजनीतिज्ञहरूले स्वीकार गर्नेभन्दा बढी मानिसहरूको गुणमा अचानक हुने परिवर्तनहरूको सम्बन्ध हुन्छ। यो सत्य ख्रीष्टको सुसमाचारमा पूर्ण रूपमा लागू हुन्छ, ख्रीष्टका अनुयायीहरूको गुण र व्यवहारले संसारलाई ख्रीष्टिय संसार बनाउँछ, देशहरू र व्यक्तिहरूलाई रूपान्तरण गर्छ। सुसमाचार प्रचारकहरूमा यो विशेष रूपमा सत्य हो।

सुसमाचारको चरित्र र भविष्य प्रचारकको हातमा सुम्पिएको छ। परमेश्वरबाट मानिसलाई पठाइएको सन्देशलाई तिनले बनाउन पनि सक्छ,

बिगार्न पनि सक्छ। स्वर्गीय तेल बग्ने सुनौलो नली प्रचारक नै हुन्। नली सुनौलो मात्र भएर भएन, तर तेल पूर्ण रूपमा बाधाविना खेर नगईकन बग्ने गरी खुला र त्रुटिरहित हुनुपर्दछ।

मानिसले प्रचारक बनाउँछ। परमेश्वरले मानिस बनाउनुहुन्छ। केही हदसम्म सन्देशभन्दा सन्देशवाहक महत्त्वको हुन्छन्। प्रचारभन्दा प्रचारक महत्त्वको हुन्छन्। प्रचारकले प्रचार बनाउँदछन्। जसरी जीवन दिने आमाको दूध खास गरी आमाको जीवन नै हो, त्यसरी नै प्रचारकले प्रचार गर्ने सबै थोक प्रचारक जो छन् त्यही कुरा र गुणले भरिएको हुन्छ। माटोको भाँडोमा धन छ, र भाँडोको स्वाद धनमा पस्न सक्छ, र त्यसको रङलाई फिक्का तुल्याउन पनि सक्छ। मानिस, पूर्ण मानिस प्रचारमा हुन्छन्। प्रचार एक घण्टाको प्रदर्शन होइन। यो जीवनको बहाव हो। एउटा प्रचार बनाउनको लागि २० वर्ष लाग्छ, किनभने मानिसलाई बनाउनको लागि २० वर्ष लाग्छ। साँचो प्रचार एउटा जीवनसँग जोडिएको कुरा हो। प्रचार बढिरहन्छ, किनभने त्यो मानिस बढिरहन्छ। प्रचार शक्तिशाली हुन्छ, किनभने त्यो मानिस शक्तिशाली छ। प्रचार पवित्र छ, किनभने त्यो मानिस पवित्र छ। प्रचार स्वर्गीय अभिषेकले भरिएको छ, किनभने मानिस स्वर्गीय अभिषेकले भरिएको छ।

www.togmission.com

पावलले "मेरो सुसमाचार" भनी भन्नुभयो। त्यसको अर्थ उहाँले आफ्नो व्यक्तिगत असामान्य गुणले त्यसको स्तरलाई घटाउनु भएको होइन, वा स्वार्थपूर्ण तरिकाले त्यसलाई आफ्नो बनाउन खोज्नुभयो, तर सुसमाचार पावल भन्ने त्यो मानिसको हृदय र रगतमा उहाँको व्यक्तिगत गुणद्वारा पूरा गरिनको लागि साथै उहाँको प्रज्वलित प्राणको प्रज्वलित शक्तिद्वारा सामर्थ्य बनाउन र सल्काइनको लागि उहाँको जिम्मामा सुम्पिएको थियो। पावलका प्रचारहरू – तिनीहरू के थिए? तिनीहरू कहाँ छन्? प्रेरणाको समुद्रमा तैरिरहेका खाकाहरू र छरिएका टुक्राहरू! तर आफ्नो प्रचारभन्दा महान् मानिस त्यो पावल आफ्नो रूपान्तरण गर्ने हात मण्डलीमाथि राखेको अवस्थामा रूपमा, कदमा र गुणमा पूर्णतामा सदाको लागि जीवित छन्।

प्रचार आवाज मात्र हो। मौनतामा आवाज नाश हुन्छ, अक्षरहरू बिर्सिन्छन्, प्रचारहरू सम्झनाबाट मेटेर जान्छन्; प्रचारक जीवित रहन्छन्।

प्रचारको जीवन दिने प्रभाव प्रचारकको आत्मिक अवस्थाभन्दा माथि जान सक्दैन। मरेका मानिसहरूले मृत प्रचार गर्छन्, र मृत प्रचारले मार्छ। सम्पूर्ण कुराहरू प्रचारकको आत्मिक चरित्रमा निर्भर हुन्छन्। यहुदीहरूको पालोमा प्रधान पूजाहारीले रत्नहरूले सजिएको सुनको पातामा 'परमप्रभुको निम्ति पवित्रता' भनी खोपिराखे। यसैले हरेक प्रचारक जो ख्रीष्टको सेवामा छन्, यही पवित्र उद्देश्यमा आफूलाई ढालेर त्यसको अधीनतामा जिउनुपर्छ। यहुदी पूजाहारीहरूको पवित्रताको लक्ष्य र पवित्रताको चरित्रभन्दा तल पर्नु ख्रीष्टका सेवकहरूको लागि अति सरमको कुरा हो। जोनाथन एड्वर्ड्सले भन्नुभएको छ, "अझै पवित्र हुने र ख्रीष्टजस्तै बदल्ने मेरो उत्कट चाहनालाई मैले पछ्याइरहेँ। मैले चाहना गरेको स्वर्गचाहिँ पवित्र स्वर्ग हो।" ख्रीष्टको सुसमाचार लोकप्रियताको लहरले अगाडि बढ्दैन। त्यसमा स्वयम् फैलिने शक्ति छैन। त्यसको जिम्मेवारी भएका मानिसहरू अगाडि बढ्दा त्यो अगाडि बढ्दछ। एउटा प्रचारकले सुसमाचारको अनुकरण गर्नुपर्दछ। त्यसका स्वर्गीय र अति विशिष्ट विशेषताहरू उनमा देखिनुपर्दछ। वशमा पार्ने प्रेमको शक्ति प्रचारकमा आफूलाई प्रस्तुत गर्ने, आफूमा केन्द्रित हुन नदिने, पूर्ण रूपमा निर्देशन गर्ने, स्वयम्लाई बिर्सिन लगाउने शक्तिको रूपमा हुनुपर्दछ। आत्म–इन्कारको सामर्थ्य उनको अस्तित्व, उनको हृदय, उनको रगत र हड्डी हुनुपर्दछ। मानिसहरूको बिचमा उनी जाँदा भद्रतालाई पहिरेको, विनम्रतामा रहेको, सर्पजस्तै चनाखो र ढुकुरजस्तै सोझो पुरुषको रूपमा जानुपर्दछ; दासको भावना र राजाको आत्मासहित, भरोसा राख्नुमा बालकजस्तै सरलता र मधुरतासहित उनी जानुपर्दछ। एउटा प्रचारकले मानिसहरूको उद्धारको लागि सम्पूर्ण कुराहरूलाई त्यागेर स्वयम्लाई रित्याउने विश्वास र स्वयम्लाई जलाउने जोसको साथ परमेश्वरको काममा लाग्नुपर्छ। परमप्रभुको लागि एउटा पुस्तालाई बनाउने मानिसहरू निस्स्वार्थी, दयालु, निडर र साहसी सहिद हुनुपर्दछ। यदि तिनीहरू काँतर, अवसरवादी, स्थान खोज्ने, मानिसहरूलाई खुसी पार्ने अथवा मानिसहरूसँग डराउने भए, यदि तिनीहरू

परमप्रभु वा उहाँको वचनलाई पक्रिनुमा कमजोर विश्वास भएकाहरू भए, यदि तिनीहरूको आत्म–इन्कार आफ्नै कारण अथवा संसारको कारण तोडिन्छ भने तिनीहरूले न त मण्डलीलाई, न त संसारलाई परमेश्वरको लागि जित्न सक्छन्।

प्रचारकको तिखो र कडा प्रचार आफ्नो लागि हुनुपर्दछ। उनको सबैभन्दा कठिन, होसियारीपूर्ण, थकाइलाग्दो र पूर्ण काम आफूमा गरिनुपर्दछ। १२ जनालाई तालिम दिनु नै ख्रीष्टको महान्, कठिन र चिरस्थायी काम थियो। प्रचारकहरू प्रवचन बनाउनेहरू होइनन्, तर मानिस बनाउनेहरू र सन्त बनाउनेहरू हुन्, र यो कामको लागि सक्षम तालिम प्राप्त मानिस त्यो हो, जो आफूलाई एउटा मानिस र सन्त बनाएको छ। परमेश्वरले चाहेको महान् प्रतिभाहरू होइन, न त महान् शिक्षा न त महान् प्रचारकहरू, तर मानिसहरू, जो पवित्रतामा महान् छन्, विश्वासमा महान्, प्रेममा महान् छन्, विश्वासयोग्यतामा महान् छन्, सधैँ पुलपिटमा पवित्र प्रचार गर्दै र पवित्र जीवन बिताउँदै परमेश्वरको लागि महान् छन्। यिनीहरूले परमप्रभुको लागि एउटा पुस्तालाई बनाउन सक्छन्।

यही किसिमले सुरुका इसाईहरू बनिएका थिए। हल्लाउन नसकिने मानिसहरू, स्वर्गीय ढाँचासँग पूर्ण रूपमा मिल्ने प्रचारकहरू थिए – तिनीहरू साहसी, बलियो, योद्धा र सन्तहरू थिए। प्रचार गर्नु तिनीहरूको लागि आत्म–इन्कार गर्ने, आफूलाई क्रूसमा चढाउने, गम्भीर, कठिन र सहिद बन्ने कामको रूपमा थियो। तिनीहरूले यसलाई आफ्नो जीवनमा यस्तो तरिकाले अभ्यास गरे, कि त्यसले तिनीहरूको पुस्तालाई प्रभाव पाऱ्यो, र परमेश्वरको लागि त्यसको गर्भमा जन्मिन बाँकी रहेको अर्को एउटा पुस्तालाई बनायो। प्रचार गर्ने मानिस प्रार्थना गर्ने मानिस हुनुपर्दछ। प्रार्थना नै प्रचारकको अति शक्तिशाली हतियार हो। यो एउटा स्वयम् सबै गर्न सक्ने शक्ति हो, यसले सबैलाई जीवन र शक्ति दिन्छ।

साँचो प्रचार भित्री कोठामा बनाइन्छ। मानिस – परमेश्वरको मानिस भित्री

www.togmission.com

कोठामा बनिन्छन्। उनको जीवन र उनको गहिरो दृढ विश्वासहरू परमप्रभुसँगको गोप्य सङ्गतिमा जन्मन्छन्। उनको आत्माको बोझिलो र आँसुले भरिएका वेदनाहरू, उनको प्रभावशाली र मिठा प्रवचनहरू उनी परमप्रभुसँग एकान्तमा रहँदा पाइने कुराहरू हुन्। प्रार्थनाले मानिस बनाउँछ; प्रार्थनाले प्रचारक बनाउँछ; प्रार्थनाले पास्टर बनाउँछ।

आजको पुलपिट प्रार्थनामा कमजोर छ। शिक्षाको घमन्ड प्रार्थनाको भरोसा राख्ने विनम्रताको विरोधमा छ। प्रार्थना पुलपिटमा अक्सर औपचारिक विधि बनेको छ – विधिको रूपमा गरिने सङ्गतिमा एउटा प्रस्तुति बनेको छ। प्रार्थना अहिलेको आधुनिक पुलपिटको लागि पावलको जीवन र पावलको सेवामा भए जसरी एउटा शक्तिशाली सामर्थ्यको रूपमा छैन। हरेक प्रचारक जसले प्रार्थनालाई आफ्नो जीवन र सेवामा एउटा शक्तिशाली कारकको रूपमा बनाउँदैनन् परमप्रभुको काममा एउटा कारकको रूपमा कमजोर हुन्छन्, र परमप्रभुको सन्देशलाई संसारमा प्रस्तुत गर्न शक्तिहीन हुन्छन्।

# अध्याय - २

# हाम्रो पर्याप्तता परमेश्वरबाटको हो

*" तिनी सबैभन्दा प्रार्थनामा श्रेष्ठ हुँदै गए। तिनको भित्री स्वभाव र आत्माको बोझ, भक्ति र तिनको आचरण र बोलीमा भएको गम्भीरता, र थोरै र पूर्ण भएको तिनका शब्दहरू अरूलाई सान्त्वना दिन प्रकट हुँदा नयाँ व्यक्तिहरूलाई पनि अक्सर आश्चर्यचकित पारेका छन्। मेरो जीवनमा मैले अहिलेसम्म महसुस गरेका वा देखेका कुराहरूमध्ये भयानक जिउँदो अति आदरणीय कुरा भनी मैले भन्नुपर्दा त्योचाहिँ तिनको प्रार्थना थियो। र त्यो साँच्ची नै एउटा गवाही थियो। तिनी अरू कोही भन्दा परमप्रभुलाई घनिष्ठ रूपमा चिनेका र नजिक जिएका व्यक्ति थिए, किनभने तिनलाई घनिष्ठ रूपमा चिन्ने हरेकले तिनको छेउमा उच्च आदर र डरको साथ जानुपर्ने सबै कारणहरू देख्नेछन्।" - जर्ज फक्सको बारेमा विलियम पेन*

अति मिठा अनुग्रहहरूले पनि एउटा सानो विकृतिले गर्दा तितो फल फलाउन सक्छन्। सूर्यले जीवन दिन्छ, तर घामको डढाइले मृत्यु ल्याउँछ। प्रचार जीवन दिनको लागि हो, यद्यपि त्यसले मार्न पनि सक्छ। चाबी प्रचारकको हातमा छ, उनले बन्द गर्न पनि सक्छन्, साथै खोल्न पनि सक्छन्। आत्मिक जीवनको स्थापना र परिपक्वताको लागि प्रचार परमेश्वरको महान् प्रणाली हो। सही तरिकाले कार्यान्वयन गरिँदा यसका फाइदाहरू अनुक्त छन्, तर गलत तरिकाले कार्यान्वयन गरिँदा कुनै पनि दुष्ट्याइँ यसको हानिकारक परिणामहरूभन्दा माथि हुने छैन। जब गोठाला सावधान छैनन् अथवा खर्क नाश पारिन्छ, बगाललाई नाश पार्नु सजिलो कुरा हुन पुग्छ; जब पाले निद्रामा छन् अथवा खाना र पानीमा विष हालिन्छ, गढलाई कब्जा गर्नु सजिलो हुन्छ। अति विशेषाधिकारहरू प्राप्त गरेर महान् दुष्ट्याइँहरूलाई सामना गर्नुपर्ने स्थानमा रहेर अति गम्भीर कर्तव्यहरूमा संलग्न भएको (अवस्थामा प्रचारक) हुँदा, यदि शैतानले प्रचारक र प्रचारलाई दूषित तुल्याउन आफ्नो

दक्ष प्रभावलाई प्रयोग गर्न सकेन भने त्यो उसको चलाखीपनको लागि हास्य र उसको चरित्र र इज्जतको लागि बदनाम हुन पुग्छ। यी सबैको सामु पावलको प्रश्नात्मक चित्कार "यी कुराहरूको लागि को पर्याप्त छ?" कहिल्यै असुहाउँदो हुन पुग्दैन।

पावल भन्नुहुन्छ: "तर हाम्रो योग्यता परमेश्वरबाट आउँछ। नयाँ करारका सेवकहरू हुन उहाँले हामीलाई योग्यका बनाउनुभयो, लिखित अक्षरमा होइन, तर पवित्र आत्मामा। किनभने लिखित अक्षरले त मार्छ, तर पवित्र आत्माले जीवन दिनुहुन्छ।" साँचो सेवकाइ परमेश्वरले छोएको, परमेश्वरले योग्य तुल्याएको र परमेश्वरले बनाएको हुन्छ। प्रचारकमाथि परमेश्वरको आत्मा अभिषेकको शक्तिको रूपमा रहनुहुन्छ, पवित्र आत्माका फलहरू तिनको हृदयमा हुन्छन्, पवित्र आत्माले त्यो मानिस र वचनलाई जीवन दिनुहुन्छ; उनको प्रचारले जीवन दिन्छ, त्यो मुहानले जीवन दिएझैँ जीवन दिन्छ; पुनरुत्थानले जीवन दिएझैँ जीवन दिन्छ; ग्रीष्म ऋतुले ज्वलन्त जीवन दिएझैँ ज्वलन्त जीवन दिन्छ; शरद् ऋतुले फलदार जीवन दिए जसरी फलदार जीवन दिन्छ। जीवन दिने प्रचारक परमेश्वरको मानिस हो, जसको हृदय सधैँ परमेश्वरप्रति तृषित हुन्छ, जसको प्राणले सधैँ लगनशील भएर परमेश्वरलाई पछ्याइरहेको हुन्छ, जसका आँखा परमेश्वरमा नै केन्द्रित हुन्छ, र जसमा परमेश्वरको आत्माको शक्तिद्वारा शरीर र संसार क्रूसमा टाँगिएको हुन्छ, र तिनको सेवकाइ उद्धारचित्तले जीवन दिने नदीको बाढीजस्तो हुन्छ।

मार्ने प्रचार अनात्मिक प्रचार हो। प्रचार गर्ने क्षमता परमेश्वरबाटको होइन। परमेश्वरभन्दा मुनिका स्रोतहरूले त्यसलाई सामर्थ्य र उत्प्रेरणा दिएको हुन्छ। त्यस्तो प्रचारकमा पवित्र आत्मा देखिनु हुन्न, न त उनको प्रचारमा देखिनु हुन्छ। मार्ने प्रचारद्वारा धेरै प्रकारका शक्तिहरू प्रस्तुत र उत्प्रेरित हुन सक्छन्, तर ती सबै आत्मिक शक्तिहरू होइनन्। तिनीहरू आत्मिक शक्तिजस्तै देखिन सक्छन्, तर सिर्फ छायाँ र नक्कल हुन्; जीवन भएजस्तै देखिन सक्छन्, तर त्यो जीवन सिर्फ बनावटी मात्र हो। मार्ने प्रचार अक्षर हो; जति मिलेको र सुहाउँदो देखे पनि त्यो अक्षर मात्र हो, सुख्खा, फुस्रो अक्षर, रित्तो र पातलो

बोक्रो हो। अक्षरमा जीवनको कीटाणु हुन सक्छ, तर त्यसलाई जीवित पार्नको लागि सासको मुहान त्यसमा छैन। ती जाडो यामका बिउहरू हुन्, जाडो यामको जमिनजस्तो कडा र जाडो यामको हावाजस्तो चिसो; तिनीहरूद्वारा पग्लिनु र उम्रिनु भन्ने कुरा छैन। यो अक्षर – प्रचारमा सत्य छ। तर स्वर्गीय सत्य आफैमा पनि जीवन दिने सामर्थ्य छैन; त्यो पवित्र आत्माद्वारा जीवित पारिनुपर्दछ, परमेश्वरका सबै शक्तिहरूले त्यसलाई थाम्नुपर्दछ। परमेश्वरको आत्माद्वारा जीवित नपारिएको सत्य भुल बराबर अथवा त्योभन्दा पनि बढी मृत्यु ल्याउन सक्छ। त्यो मिश्रित नभएको सत्य होला, तर पवित्र आत्माविना त्यसको छायाँ र छुवाइ मृतक छन्, यसको सत्य झुट हो, र यसको ज्योति अन्धकार हो। अक्षर–प्रचार अभिषेकहीनको हुन्छ, न त पवित्र आत्माले मधुर पारिएको, न त अभिषेक गरिएको। त्यहाँ आँसु हुन सक्छ, तर परमेश्वरको यन्त्रलाई आँसुले चलाउन सक्दैन। आँसुचाहिँ हिउँले ढाकिएको समुद्री हिम पहाडमाथि लाग्ने ग्रीष्म ऋतुको सास जस्तो हुन सक्छ, सतही प्रभावबाहेक केही हुने छैन। त्यसमा भावना र उत्कटता होला, तर त्यो अभिनेताको भावना र वकिलको गम्भीरता मात्र हो। प्रचारकले आफूले बालेको आगोबाट तातोपनको अनुभव गर्न सकिन्छ, आफ्नै व्याख्यामा प्रभावकारी हुन सक्छ, आफ्नो दिमागको उत्पादनलाई प्रस्तुत गर्नुमा गम्भीर हुन सक्छ; प्रचारकले प्रेरितको स्थानलाई खोसिलिएर प्रेरितको आगोको नक्कल गर्न सकिन्छ। दिमाग र नसाहरूले यसको लागि ठाउँ दिन सक्छ र परमप्रभुको आत्माको कामको नक्कल गर्न सक्छ; र यी शक्तिहरूद्वारा अक्षर उज्यालो पारिएका वचनहरूजस्तो प्रोज्ज्वल र चम्किलो हुन सक्छ, तर त्यो उज्यालो र चम्काइ मोती रोपिएको जमिनजस्तो जीवनरहित बाँझो हुन्छ। ती शब्दहरूको पछाडि, त्यो प्रचारको पछाडि, त्यो समयको पछाडि, त्यो तरिकाको पछाडि र त्यो कार्यको पछाडि मृत्यु ल्याउने कारक छ। महान् बाधाचाहिँ प्रचारक स्वयम्मा छ । उनी आफैमा जीवन दिने महान् शक्ति छैन। उनको कट्टरता, इमानदारी, शुद्धता अथवा गम्भीरतामा केहीको कम छैन होला; तर कसै गरी त्यो मानिस, त्यो भित्री मानिस आफ्नो गोप्य स्थानहरूमा कहिल्यै फुटेको छैन, र परमप्रभुको अगि समर्पित भएको छैन। उनको भित्री जीवन परमेश्वरको सन्देश र शक्तिको सञ्चारको लागि राजमार्ग होइन। कसै गरी उनको

महापवित्रस्थानको शासन परमेश्वरले होइन, उनी स्वयम्ले गरिरहेका छन्। कतै उनी आफैलाई थाहा नहुने गरी आत्मिक कुराहरूलाई सञ्चार नगर्ने थोकले उनको भित्री अस्तित्वलाई छोएको छ, र स्वर्गीय प्रवाह बन्द भएको छ। उनको भित्री अस्तित्वले आफ्नो पूर्ण आत्मिक दिवालियापन र शक्तिहीनताको महसुस कहिल्यै गरेको छैन। परमेश्वरको शक्ति र परमेश्वरको आगो उनीभित्र आएर उनलाई भरेर, शुद्ध गराएर र सामर्थी नबनाउन्जेल आत्म–निराश र आफ्नो दयनीय स्थितिको महसुस साथ व्यक्त गर्न नसक्ने चिच्च्याइहरूले चिच्च्याउन तिनले सिकेका छैनन्। आत्म–गौरव र आत्म–बलले कुनै एउटा हानिकारक रूपमा परमेश्वरको मन्दिरलाई अपमान र अनादर गरेको छ, जसलाई परमेश्वरको लागि पवित्र राख्नु पर्थ्यो। जीवन दिने प्रचारको लागि प्रचारकले धेरै मूल्य चुकाउनुपर्छ – स्वयम् मर्नुपर्छ, संसार क्रूसमा टाँगिनुपर्छ, र उनको आफ्नै प्राण प्रसवपीडामा पर्नुपर्छ। क्रूसमा टाँगिएको प्रचारले मात्र जीवन दिन सक्छ, क्रूसमा टाँगिएको प्रचार क्रूसमा टाँगिएको मानिसबाट मात्रै आउन सक्छ।

## अध्याय - ३

# अक्षरले मार्छ

*"स्वस्थताको आनन्द लिइरहेको बेला मैले गरेको भन्दा यो दुःखका समयहरूमा म मेरो जीवनलाई अनन्तताको अझ नजिक राखेर जाँच गर्ने ठाउँमा ल्याइएको थिएँ। यो जाँचमा एउटा सह-मानवको रूपमा, एउटा इसाई सेवकको रूपमा र मण्डलीको जिम्मेवारी व्यक्तिको रूपमा मैले सह-मानवलाई गर्नुपर्ने मेरा कर्तव्यहरूलाई हेर्दा आफ्नो विवेकअनुसार स्विकारिएको ठाउँमा थिएँ, तर मेरो उद्धारकर्ता र मुक्तिदाताको दृष्टिकोणबाट हेर्दा परिणाम फरक थियो। मलाई उद्धार गर्नु, संरक्षण गर्नु र बालक अवस्थादेखि वृद्ध अवस्थासम्म जीवनको विभिन्न उतारचढावहरूमा सघाउनु भन्ने कुराको सट्टामा भएको मेरो कर्तव्यको अनुपातमा मैले फिर्ता गरेको कृतज्ञता र प्रेमसहितको आज्ञाकारिता केही पनि होइनन्। मलाई पहिले प्रेम गरेको र मेरो लागि यति धेरै गरेको उहाँप्रति भएको मेरो चिसोपनालाई देख्दा म भावविह्वल र अलमल्ल परेको छु। अझ मेरो अयोग्य चरित्रलाई सिद्ध तुल्याउनको लागि, मेरो कर्तव्य र विशेषाधिकारको हदमा दिएको अनुग्रहमा बढ्दै जानु भन्ने कुरालाई मैले बेवास्ता गरेको मात्र नभएर बढ्दै जानुको अभाव हुँदाहुँदै, गोलमाल ल्याउने फिक्री र परिश्रममा अगाडि बढ्दै, पहिलेको जोस र प्रेममा घट्दै गएँ। म अलमल्ल परेको थिएँ, आफूलाई विनम्र तुल्याएँ, अनुग्रहको लागि बिन्ती गरेँ, र केही बाँकी नराखीकन आफूलाई प्रभुको लागि अर्पण गर्ने भन्ने कुराको लागि परिश्रम गर्ने मेरो करारलाई नवीकरण गरेँ।" - बिशप मेकेन्ड्री*

मार्ने प्रचार, अक्सर हुने गरी, कट्टरवाद प्रचार हुन सक्छ होला – अकाट्य र सिद्धान्तमा कट्टर। हामीले कट्टरवादलाई प्रेम गर्छौं। त्यो असल छ। त्यो उत्तम छ। त्यो शुद्ध र स्पष्ट परमेश्वरको वचनको शिक्षा हो, असत्यसँगको लडन्तमा सत्यले विजय–चिन्हहरू जितेको छ; सोझो अथवा लापरबाही गलत विश्वास अथवा अविश्वास भन्ने उजाड पार्ने बाढीहरूका विरोधहरूमा

विश्वासले तटबन्धहरू खडा गरेको छ; तर कट्टरवाद जति स्पष्ट र स्फटिकजस्तो कडा भए पनि, [नयाँ सिद्धान्तहरूप्रति] शङ्कास्पद र युद्ध गर्न तयार भए पनि, अक्षर जति असल रूपमा भए पनि, असल नाम पाए पनि, असल ज्ञान भए पनि त्यसले मार्छ। मरेको कट्टरवादजस्तो अरू मरेको केही छैन। विश्वास गर्न योग्य नहुने गरी मरेको, विचार गर्न योग्य नहुने गरी र पढ्न र प्रार्थना गर्न योग्य नहुने गरी मरेको छ।

मार्ने प्रचारमा अन्तर्दृष्टि र सिद्धान्तको ज्ञान हुन सक्छ, त्यो विद्वान् र स्वभावमा आलोचनात्मक हुन सक्छ, अक्षरको व्युत्पत्ति र व्याकरणको हरेक सूक्ष्म विवरण थाहा हुन सक्छ, अक्षरलाई परिपक्व रूप दिन सक्ने क्षमता हुन सक्छ, र [दर्शनशास्त्रीहरू] प्लाटो र सिसरोले जसरी अक्षरलाई चम्किलो पार्न सक्छ, वकिलले आफ्नो सङ्क्षेप तयार पार्नको लागि अथवा मुद्दा लड्नको लागि आफ्नो पाठ्यपुस्तकलाई अध्ययन गरेझैँ अध्ययन गर्न सक्छ, यद्यपि तुसारोजस्तो मात्र हुन सक्छ, एउटा मार्ने तुसारो। मार्ने प्रचारमा वाक्कौशल हुन सक्छ, कविता र साहित्यको कला देख्न सक्छ, प्रार्थनाको छर्काइले स्वादिलो पारिएको हुन सक्छ, प्रतिभाशालीद्वारा चम्किलो पारिएको हुन सक्छ, यद्यपि यी सबै केवल एउटा विशाल, महँगो, बहुमूल्य सजावट र सुन्दर फूलहरू जुन लासमाथिको सजावट मात्र हुन्। मार्ने प्रचार ज्ञानविनाको पनि हुन सक्छ, ताजा विचार अथवा भावनाहरू नभएको स्वादहीनका सामान्य कुराहरू पहिरिएको अथवा महत्त्वहीनका विशेष कुराहरू पहिरिएको अनियमित शैली भएको, असुहाउँदो, गोप्य कोठा अथवा अध्ययनको केही चिन्ह नभएको, विचार नभएको, अभिव्यक्ति नभएको र प्रार्थना नभएको पनि हुन सक्छ, त्यस्तो प्रचारको प्रभाव कति विशाल र कति पूर्ण उजाड हुन्छ होला! त्यसले ल्याउने आत्मिक मृत्यु कति गहिरो हुन्छ होला!

यो अक्षर प्रचारले खास कुराहरूको सतह र छायाँमा काम गर्छ, खास चिजहरूमा होइन। यसले भित्री भागमा प्रवेश गर्दैन। यसमा परमेश्वरको वचनमा भएको गोप्य जीवनको बारेमा कुनै गहिरो अन्तर्दृष्टि अथवा बलियो ज्ञान छैन। यो बाहिरपट्टि साँचो देखिन्छ, तर बाहिरपट्टिको बोक्रो मात्रै हो,

जसलाई फुटाएर मात्रै गुदीमा पुग्न सकिन्छ। अक्षर आकर्षण गर्ने गरी पहिरिएको हुन सक्छ र फेसनदार पनि हुन सक्छ, तर त्यो आकर्षण परमेश्वरपट्टिको होइन, न त त्यसको फेसन स्वर्गीय छ। असफलता प्रचारकमा छ। परमेश्वरले उनलाई बनाउनुभएको होइन, न त तिनी कुमालेको हातमा माटो भएझैँ परमेश्वरको हातमा कहिल्यै थिए, तिनी प्रवचन बनाउनुमा व्यस्त थिए, त्यसको विचार र त्यसको अन्त, त्यसको आकार र त्यसका प्रभावशाली शक्तिहरूमा व्यस्त थिए; तर तिनको लागि परमेश्वरका गहिरा कुराहरू कहिल्यै अध्ययन गर्नु, बुझ्नु र अनुभव गर्नुपरेको छैन। तिनी कहिल्यै "अग्लो र उच्च सिंहासनको" अगि उभिएका थिएनन्, कहिल्यै सराफहरूका गीत सुनेका छैनन्, कहिल्यै त्यो भयानक पवित्रताको दर्शन देखेका छैनन्, न त त्यसको दगुराइलाई अनुभव गरेका छन्, र कमजोरपना र दोषको भावले भरिएर निराश र भावविह्वल भएर चिच्याएका छन्, र पुनर्जीवन पाएका छन्, न त तिनको हृदय परमप्रभुको वेदीको जिउँदो आगोले छोएर शुद्ध पारिएर बल्न थालिएको छ। उनको सेवाले मानिसहरूलाई उनीकहाँ, मण्डलीमा र उत्सवमा खिच्न सक्छ, तर साँचो परमेश्वरप्रतिको खिचाइ भने हुँदैन। त्यहाँ मधुर, पवित्र, स्वर्गीय सङ्गतिको सुरुवात हुँदैन। मण्डली सिँगारिएको छ, तर भक्ति वृद्धि भएको छैन, आनन्दित भएको छ, तर पवित्र भएको छैन, जीवन दबाइएको छ, गर्मी यामको हावामा चिसोपना छ, माटो सुख्खा भएको छ। हाम्रो परमप्रभुको सहर मृतकहरूको सहर बनेको छ; मण्डली युद्ध गर्न तयार भएको सेना हुनुको सट्टामा चिहान भएको छ, प्रशंसा र प्रार्थना निसासिएको छ, आराधना मरेको छ। प्रचारक र प्रचारले पवित्रताको सट्टामा पापलाई प्रवर्धन गर्दै छन्। नरक मानिसहरूले भरिँदै छ स्वर्ग होइन।

मार्ने प्रचार प्रार्थनाहीनको प्रचार हो। प्रार्थनाविना प्रचारकले मृत्यु जन्माउँदछ जीवन होइन। प्रार्थनामा कमजोर भएको प्रचारक जीवन दिने शक्तिमा कमजोर हुन्छ। प्रार्थनालाई प्रमुख र प्रभावकारी कारकको रूपमा आफ्नो चरित्रमा हुनुबाट हटाइदिएको प्रचारक प्रचारबाट त्यसको जीवन दिने विशेष शक्तिलाई पनि हटाउँछ। पेसेवर प्रार्थना भन्ने छ र हुनेछ पनि, तर पेसेवर प्रार्थनाले प्रचारको आफ्नो मृतक काममा सघाउँछ। पेसेवर प्रार्थनाले

प्रचार र प्रार्थना दुवैलाई चिसो पार्छ र मार्छ। सामुदायिक प्रार्थनामा देखिने फितलोपना र अल्छे र अनादरपूर्ण व्यवहारहरूको कारण पुलपिटमा भएको पेसेवर प्रार्थना नै हो। धेरै पुलपिटहरूमा प्रार्थना लामो, विनासन्दर्भको, सुख्खा र खाली छन्। अभिषेक र हृदयहीन ती मार्ने तुसारोजस्तो आराधनाका सबै अनुग्रहहरूमाथि पर्दछन्। ती मृत्यु ल्याउने प्रार्थनाहरू हुन्। भक्तिको सानो सङ्केत पनि त्यसको सासले मरेको छ। त्यो जति लामो हुन्छ त्यति नै अझ बढी मृतक हुन्छ। पुलपिटमा सोझो, निश्चित, उत्सुक, सरल, अभिषिक्त रूपमा प्रकट हुने छोटो, जिउँदो, साँचो हृदयबाट आउने, पवित्र आत्माद्वारा गरिने प्रार्थनाको लागि पुकार अहिलेको समयमा पनि सुहाउँदो छ। परमेश्वरले प्रार्थनाको रूपमा गन्ने खालको प्रार्थना गर्न सिकाउने एउटा पाठशाला साँचो भक्ति, साँचो आराधना र साँचो प्रचारको लागि सबै ईश्वरशास्त्रीय पाठशालाहरूभन्दा झन् बढी फाइदापूर्वक हुन्छ।

रोक्नुहोस्! पर्खनुहोस्! विचार गर्नुहोस्! हामी कहाँ छौँ? हामी के गर्दै छौँ? मार्नको लागि प्रचार गर्दै छौँ त? मार्नको लागि प्रार्थना गर्दै छौँ त? होइन, परमेश्वरलाई प्रार्थना गर्दै छौँ! त्यो महान् परमेश्वर, सारा ब्रह्माण्डको सृष्टिकर्ता र सबै मानवको न्यायकर्ता! कस्तो भय! कस्तो सरलता! कस्तो इमानदारीको माग हुन्छ होला। भित्री मनुष्यत्वमा कति सत्यताको माग हुन्छ होला! हामी कति साँचो हुनुपर्छ होला! कति दयालु! परमेश्वरलाई प्रार्थना गर्नु कति महान् अभ्यास – मानवको सबैभन्दा उच्च प्रयास र अति साँचो कुरा हो! के हामीले यो श्रापित मार्ने प्रचार र मार्ने प्रार्थनालाई सधैँको लागि त्यागेर साँचो र त्यो शक्तिशाली कुरा – प्रार्थनापूर्ण प्रार्थना, जीवन सृजना गर्ने प्रचार जसले स्वर्ग र पृथ्वीलाई प्रभाव पार्ने महान् शक्ति र परमेश्वरको कहिल्यै नरित्तिने र खुला धनलाई मानिसको आवश्यकताको लागि र भिखारीपनको लागि ल्याउँछ, सो गर्न पर्दैन र?

# अध्याय - ४

# हटाउनु पर्ने प्रवृत्तिहरू

*" हामी अमेरिकाको जङ्गलमा मरिरहेका अन्यजातिहरूको उद्धारको लागि परमेश्वरको अगि आफ्नो प्राण खन्याएको डेभिड ब्राइनेर्डलाई (David Brainerd) हेरौँ, जसलाई तिनीहरूको उद्धारबाहेक अरू कुनै कुराले खुसी दिँदैन थियो। सबै व्यक्तिगत ईश्वर-भक्तिको जरामा गुप्तमा अन्तस्करणदेखि नै गरिएको प्रार्थना रहन्छ। एउटा मिसनरीमा आफू बस्ने ठाउँको भाषामा असल ज्ञान, विनम्र र मन जित्ने स्वभाव र गोप्य कोठा धर्ममा परमेश्वरलाई हृदय दिएको जीवन यिनै कुराहरू मानव उद्धार भन्ने महान् काममा परमेश्वरको हातमा औजार बन्नको लागि सबै ज्ञान र वरदानभन्दा मानिसलाई आवश्यक पर्ने योग्यता हो।" - केरी दाजुभाइहरू, श्रीरामपुर*

सेवकाइमा दुई वटा अति असन्तुलित प्रवृत्तिहरू छन्। एउटा चाहिँ आफूलाई मानवसँगको सम्बन्धबाट पूर्ण रूपमा अलग राख्नु हो। साधु र सन्न्यासीहरू यसका उदाहरण हुन्। तिनीहरू परमेश्वरसँग धेरै समय बिताउनको लागि मानिसहरूबाट पूर्ण रूपमा अलग रहन्छन्। तिनीहरू असफल भएका छन्, यो पक्का हो। हामी परमेश्वरसँग नजिक रहनु भन्ने कुरा त्यसको अमूल्य लाभलाई मानिसहरूको बिचमा फैलाउँदा मात्र फाइदापूर्वक हुन्छ। यी समयहरूमा परमेश्वरप्रतिको चासो धेरै छैन, प्रचारकहरूमा पनि र विश्वासीहरूमा पनि। हाम्रा उत्कट तृष्णाहरू त्यतातिर छैनन्। हामीले आफूलाई आफ्नो अध्ययनको लागि अलग राख्छौँ, हामी विद्यार्थी बन्छौँ, किताबका किराहरू बन्छौँ, बाइबलका किराहरू बन्छौँ, र प्रवचन तयार पार्नेहरू बन्छौँ, र साहित्य, विचार र प्रचारको लागि उल्लेखनीय व्यक्तिहरू बन्छौँ; तर मानिसहरू र परमेश्वर, कहाँ छन् उहाँहरू? हृदयबाट बाहिर, विचारबाट बाहिर। प्रचारकहरू जो विचारमा महान् छन्, र महान् विद्यार्थीको रूपमा छन्, तिनीहरू प्रार्थना गर्नुमा पनि सबैभन्दा महान् हुनुपर्दछ, नत्र तिनीहरू सबैभन्दा महान् पछि हट्नेहरू

हुनेछन्, हृदयहीनको कामदार, बुद्धिवादतिर ढल्केको, परमेश्वरको दृष्टिमा सबैभन्दा सानो प्रचारकभन्दा पनि तल्लो स्थानका हुनेछन्।

अर्को प्रवृत्ति चाहिँ सेवालाई पूर्ण रूपमा लोकप्रिय तुल्याउने हो। उनी अब परमेश्वरको मानिस होइन, तर मामिलाको मानिस हो। तिनी प्रार्थना गर्दैनन्, किनभने उनको मिसन मानिसहरूको लागि हो। यदि उनले मानिसहरूलाई उत्प्रेरित गर्न सके – एउटा रुचि, धर्मको पक्षमा एउटा संवेदना र मण्डलीको काममा एउटा चासो सृजना गर्न सके तिनी सन्तुष्ट हुन्छन्। परमेश्वरसँगको उनको व्यक्तिगत सम्बन्ध उनको काममा एउटा कारक होइन। उनका योजनाहरूमा प्रार्थनाको लागि थोरै अथवा ठाउँ नै छैन। त्यस्ता सेवकाइको विपत्ति र विनाश पृथ्वीको गणितले गणना गर्नै सक्दैन। परमेश्वरमा प्रचारकले आफ्नो लागि र आफ्ना मानिसहरूको लागि प्रार्थनामा जस्ता छन् त्योअनुसार नै उनको शक्ति मानिसहरूको साँचो भलाइको लागि रहन्छ, त्योअनुसार नै उनको साँचो फल प्राप्ति, र परमेश्वर र मानिसप्रतिको उनको साँचो इमानदारी अहिले र अनन्तकालसम्म रहन्छ।

प्रार्थनाविना प्रचारकले उनको उच्च बोलावटको स्वर्गीय स्वभावको समानतामा उनको आत्मालाई राख्नु असम्भव हुन्छ। कर्तव्य र सेवकाइको काम र तालिकाप्रतिको परिश्रमशील इमानदारीद्वारा प्रचारकले आफूलाई ठिक र सही ठाउँमा राख्न प्रयास गर्नु गम्भीर भूल हो। प्रवचन बनाउनुमा पनि कला, कर्तव्य, काम वा मज्जाको रूपमा निरन्तर र कठोर परिश्रम गर्नाले व्यस्त र कठोर बनाउनेछ, र प्रार्थनाको बेवास्ताद्वारा हृदयलाई परमेश्वरबाट टाढा राख्नेछ। वैज्ञानिकले प्रकृतिमा परमेश्वरलाई गुमाउँछ। प्रचारकले पनि प्रवचनमा परमेश्वरलाई गुमाउन सक्छ।

प्रार्थनाले प्रचारकको हृदयलाई ताजा तुल्याउँछ, विचारमा परमेश्वरसँग मिलेको र दयामा मानिसहरूसँग मिलेको राख्छ, उनको सेवकाइलाई पेसेवरको भन्ने चिसो हावाबाट माथि उठाउँछ, तालिकालाई फलवन्त बनाउँछ, र हरेक चक्कालाई स्वर्गीय अभिषेकको शक्ति र सुविधाद्वारा

घुमाउँछ।

श्रीमान् स्पर्जन भन्नुहुन्छः "निःसन्देह प्रार्थनाको मानिसको रूपमा प्रतिष्ठित प्रचारक अरू सबैभन्दा उच्च मानिस हो, उनी एउटा साधारण इसाईको रूपमा प्रार्थना गर्छन्, नत्र तिनी एउटा पाखण्डी हुन्थे, उनी साधारण इसाईहरूभन्दा बढी प्रार्थना गर्छन्, नत्र तिनी आफूले स्वीकार गरेको पदको लागि अयोग्य ठहरिन्थे। यदि तपाईं एउटा सेवकको रूपमा प्रार्थनाशील हुनुहुन्न भने तपाईं दयालाग्दो हुनुहुन्छ, यदि तपाईं पवित्र भक्तिमा गम्भीर हुनुहुन्न भने तपाईं मात्र दयालाग्दो हुनुहुने छैन, तपाईंका मानिसहरू पनि दयालाग्दो हुनेछन्, र त्यो दिन आउँदै छ, जुन बेला तपाईं सर्माउनु हुनेछ, र अलमल्ल पर्नुहुनेछ। हाम्रा सबै पुस्तकालयहरू र अध्ययनहरू गोप्य कोठाको तुलनामा शून्यता मात्र हुन्। तम्बुमा (मण्डली) हाम्रा प्रार्थना र उपवासका दिनहरू साँच्ची नै उच्च दिनहरू थिए, अरू कहिल्यै स्वर्गका ढोकाहरू फराकिलो रूपमा खोलिएका थिएनन्, र हाम्रा हृदयहरू मध्य महिमाको त्यति नजिक कहिल्यै थिएनन्।"

प्रार्थनाशील सेवकाइ बनाउने प्रार्थना स्वाद बढाउनको लागि छर्काएको जस्तो गरिने प्रार्थना होइन, तर प्रार्थना हाम्रो शरीरमा हुनुपर्दछ, र रगत र हड्डीहरू त्यसद्वारा बनिएको हुनुपर्दछ। प्रार्थना कुनामा छोडिएको तल्लो स्तरको कर्तव्य होइन; जीवनका व्यापार र व्यस्तताबाट खोसिएको समयका टुक्राहरूमा गरिने छोटो अवधिको प्रदर्शन होइन; तर यसको अर्थचाहिँ हाम्रो समयको उत्तम भाग, हाम्रो समयको मुटु र बल प्रार्थनालाई दिनुपर्छ। अध्ययन अथवा सेवकाइको कर्तव्यले निलेको गोप्य कोठाको समय यसको अर्थ होइन, तर यसको अर्थचाहिँ पहिलो गोप्य कोठा दोस्रो चाहिँ अध्ययन र काम कर्तव्यहरू दुवै हुन्। अध्ययन र काम कर्तव्यहरू गोप्य कोठाद्वारा ताजा र प्रभावशाली बनाइन्छ। एक व्यक्तिको सेवकाइलाई प्रभाव पार्ने प्रार्थनाले उनको चरित्रलाई पनि प्रभाव पार्नुपर्छ। चरित्रलाई रङ र रूप दिने प्रार्थना आनन्दको लागि गरिने हतारको मनोरञ्जन होइन। ख्रीष्ट येशूको बडो क्रन्दन र आँसुले गरेझैँ प्रार्थना बलियो रूपमा हाम्रो हृदय र जीवनमा प्रवेश गर्नुपर्छ;



www.togmission.com

पावलले गरेझैँ प्राणलाई वेदनामा खन्याउनुपर्छ, याकूबको प्रभावकारी प्रार्थनाझैँ भित्र बल्ने आगो र शक्तिको रूपमा रहनुपर्छ। यस्तो गुणस्तरको हुनुपर्दछ, कि जसलाई परमेश्वरको सुनौलो धुपौरोमा हालेर धूपको रूपमा चढाउँदा त्यसले शक्तिशाली आत्मिक वेदना उत्पादन गर्छ।

प्रार्थना भन्ने कुरा हामी काखे बालक हुँदा हामीमाथि लाद्दिएको नीच बानी होइन, जुन जीवनभरि नामधारी रूपमा गरिन्छ, न त घण्टौँ बिताएर खाने रात्रि भोजनको अगि भनिने सभ्य क्षणिक समयको छोटो आशिष्! तर यो हाम्रो जीवनका गम्भीर वर्षहरूमा गरिने गम्भीर काम हो। हाम्रो लामो खान्की अथवा भोजका समयहरूमा भन्दा यसको लागि बढी समय र भोकको आवश्यकता हुन्छ। हाम्रा प्रचारहरूमा बढी ठाउँ लिने प्रार्थनाले हाम्रो जीवनमा बढी ठाउँ लिनुपर्छ। हाम्रो प्रार्थनाको चरित्रले नै हाम्रो प्रचारको चरित्रलाई निर्णय गरिन्छ। हल्का प्रार्थनाले हल्का प्रचार उत्पादन गर्छ। प्रार्थनाले प्रचारलाई बलियो बनाउँछ, त्यसलाई अभिषेक दिन्छ, र त्यसलाई प्रभावशाली बनाउँछ। असल परिणाम ल्याउने हरेक प्रभावकारी सेवकाइहरूमा प्रार्थना एउटा गम्भीर कामको रूपमा रहँदै आएको छ।

प्रचारक अरूभन्दा सर्वश्रेष्ठ रूपमा एउटा प्रार्थनाको मानिस हुनुपर्दछ। उनको हृदय प्रार्थनाको विद्यालयबाट स्नातकोपाधि पाएको हुनुपर्दछ। प्रार्थनाको विद्यालयमा मात्र हृदयले प्रचार गर्न सिक्न सक्छ। प्रार्थना नगर्नु भन्ने असफलतालाई कुनै पनि शिक्षाले सही तुल्याउन सक्दैन, त्यसको अभावलाई कुनै गम्भीरता, कुनै लगनशीलता, कुनै अध्ययन, कुनै वरदानहरूले पूर्ति गर्न सक्दैन।

परमेश्वरको पक्षमा मानिसहरूसँग बोल्नु महान् कुरा हो, तर मानिसहरूको लागि परमेश्वरसित बोल्नु अझ महान् कुरा हो। मानिसहरूको लागि परमेश्वरसित बोल्न नसिकेको मानिस परमेश्वरको लागि असल तरिकाले र सफलतापूर्वक मानिसहरूसित कहिल्यै बोल्न सक्दैन। योभन्दा झन् ठुलो कुराचाहिँ पुलपिटबाट प्रार्थनाहीनका शब्दहरू आउनु हो, र त्यसबाट नै मृत्यु ल्याउने शब्दहरू आउँछन्।

www.tognimission.com

# अध्याय - ५

# प्रार्थना - महान् आवश्यकता

*" तपाईँलाई प्रार्थनाको महत्त्व थाहा छ: त्यो सबै थोकभन्दा बहुमूल्य छ। कहिल्यै, कहिल्यै त्यसलाई बेवास्ता नगर्नू।" - सर थोमस बक्सटन*

*" एउटा सेवकलाई आवश्यक पर्ने पहिलो कुरा, दोस्रो कुरा, तेस्रो कुरा प्रार्थना हो। त्यसो हो भने मेरा प्रिय भाइ, प्रार्थना गर: प्रार्थना गर, प्रार्थना गर, प्रार्थना गर।" - एड्वर्ड्स पेसन*

प्रचारकको जीवनमा, प्रचारकको अध्ययनमा, प्रचारकको पुलपिटमा प्रस्ट देखिने, सबै कुरालाई भर्ने शक्तिको रूपमा, र सबै कुरालाई रङ दिने पदार्थको रूपमा प्रार्थना रहनुपर्छ। प्रार्थना दोस्रो स्थानको काम बन्नु हुँदैन, र खालि लेपको रूपमा रहनुहुँदैन। आफ्नो प्रभुसँग "पूरै रात प्रार्थनामा बिताउनु" उनलाई दिइएको कुरा हो। प्रचारकले आत्म-इन्कार प्रार्थनामा आफूलाई तालिम दिनुपर्छ, र उनलाई आफ्नो गुरुलाई हेर्न भनिएको छ, जो "बिहान उज्यालो हुनुभन्दा धेरै अगि उठेर बाहिर एकान्त ठाउँमा जानुभयो, र त्यहाँ प्रार्थना गर्नुभयो।" प्रचारकको अध्ययन एउटा गोप्य कोठा, एउटा बेथेल, एउटा वेदी, एउटा दर्शन, एउटा भऱ्याङ हुनुपर्दछ, ताकि सम्पूर्ण विचारहरू मानिसहरूतिर जानुभन्दा अगि स्वर्गतिर उक्लिएर गएको होस्; ताकि हरेक प्रवचन स्वर्गीय हावाले सुगन्धित पारिएर गम्भीर तुल्याएको होस्, किनभने अध्ययनमा परमप्रभु हुनुहुन्थ्यो।

जसरी एउटा वाष्पीय इन्जिन आगो नसल्काएसम्म चल्दैन त्यसरी नै आत्मिक परिणामहरूको कुरामा प्रचार पनि, जबसम्म प्रार्थनाले आगो सल्काएर बाफ उत्पादन गर्दैन तबसम्म त्यसका सम्पूर्ण यन्त्रहरू, पूर्णता र टल्काइको साथ त्यो मरेको अवस्थामा रहन्छ। प्रार्थनाको शक्ति प्रवचनमा,

प्रवचनभित्र र प्रवचनको पछाडि नरहेको खण्डमा प्रवचनको सिँगार, सुन्दरता र बल सबै फोहोर मात्र हो। प्रचारकले प्रार्थनाद्वारा प्रवचनमा परमेश्वरलाई ल्याउनुपर्दछ। प्रचारकले आफ्ना शब्दहरूद्वारा मानिसहरूलाई परमेश्वरतिर लैजानुभन्दा अगि प्रार्थनाद्वारा परमेश्वरलाई मानिसहरूतिर लैजानुपर्छ। प्रचारक मानिसहरूसँग सम्पर्क पाउनुभन्दा अगि ऊ परमेश्वरबाट सुनेको र सम्पर्क भएको हुनुपर्छ। प्रचारकको लागि परमेश्वरतिर खुला ढोका हुनु मानिसहरूतिर खुला ढोका पाउनको लागि पक्का प्रतिज्ञा हो।

यस कुरालाई दोहोऱ्याइ–दोहोऱ्याइ भन्नु आवश्यक छ, कि प्रार्थना एउटा बानीको रूपमा अथवा तालिकाबद्ध वा पेसाको रूपमा गरिएको प्रदर्शनको रूपमा रहँदा त्यो एउटा मृत र सडेको कुरा हो। त्यस्तो प्रार्थनाको हामीले बताइरहेको प्रार्थनासँग केही सम्बन्ध छैन। हामी साँचो प्रार्थनालाई जोड दिँदै छौँ, जुन प्रचारकको अस्तित्वको हरेक उच्च तत्त्वमा संलग्न हुन्छ, र त्यसमा आगो सल्काउँछ, जुन ख्रीष्टसँगको अत्यावश्यक एकता र पवित्र आत्माको पूर्णताद्वारा जन्मन्छ, जुन कोमल करुणा र मानवको अनन्त भलाइप्रतिको मृत्युहीन फिक्री भन्ने गहिरो मुहानबाट बग्छ, जुनचाहिँ परमप्रभुको महिमाप्रतिको उत्कट जोस हो; जुनचाहिँ प्रचारकको कामको कठिनता र गम्भीरता, र त्यसमा परमेश्वरको शक्तिशाली सहायताको आवश्यकतामा भएको पूर्ण विश्वास हो। यी कुराहरूमा भएको गम्भीर र गहिरो विश्वासमा आधारित प्रार्थना नै साँचो प्रार्थना हो। यस्तो प्रार्थनाको प्रभावले गरिने प्रचार नै मानिसहरूको हृदयमा अनन्त जीवनको बिउ छर्ने र मानिसहरूलाई स्वर्गको लागि बनाउने प्रचार हो।

यो सत्य हो, कि त्यहाँ लोकप्रिय प्रचार, सुमधुर प्रचार, लिने प्रचार, बौद्धिक, साहित्यिक र दिमागी शक्तिको प्रचार भन्ने  आफ्नो नाप र राम्रो रूपको साथ थोरै अथवा प्रार्थनाविनाका प्रचारहरू हुन सक्छन्। तर प्रचार गर्नुमा भएको परमेश्वरको उद्देश्यलाई पूरा गर्ने प्रचार सम्पूर्ण रूपमा प्रार्थनाद्वारा जन्मेको हुन्छ, प्रार्थनाको शक्ति र आत्माद्वारा प्रचारिन्छ, प्रचारकको प्रार्थनाद्वारा सुनिश्चित तुल्याएर उम्रिन लगाइन्छ, र श्रोताहरूको

हृदयमा त्यो घडीको धेरै पछिसम्म पनि जीवन दिने शक्तिको रूपमा राखिन्छ।

हामीले हाम्रो प्रचारको आत्मिक गरिबीलाई धेरै कोणबाट क्षमा दिन सक्छौँ होला, तर पवित्र आत्माको शक्तिद्वारा हुने परमेश्वरको उपस्थितिको लागि गरिने प्रार्थनाको अभावमा नै साँचो रहस्य पत्ता लगाइन्छ। आफ्नो स्थानअनुसार निपुण प्रचार गर्न सक्ने अनगिन्ती प्रचारकहरू छन्, तर प्रभावहरूचाहिँ अल्पकालीन मात्र हुन्छन्, र आत्माको क्षेत्रमा कारकको रूपमा ती प्रवेश गर्दैनन्, जहाँ परमेश्वर र शैतान, स्वर्ग र नरकको बिचमा डरलाग्दो युद्ध भइरहेको छ, किनभने ती प्रार्थनाद्वारा शक्तिशाली लडाकु र आत्मिक रूपमा विजयी बनाएका छैनन्।

परमेश्वरको लागि शक्तिशाली परिणामहरू ल्याएका प्रचारकहरू ती नै हुन्, जो मानिसहरूसँग बिन्ती गर्न साहस गर्नुभन्दा अगि परमेश्वरसँग प्रार्थनामा विजय हासिल गरेका छन्। यी प्रचारकहरू जो गोप्य कोठामा परमेश्वरसित अति शक्तिशाली हुन्छन्, उनीहरू नै पुलपिटमा मानिसहरूसित अति शक्तिशाली हुन्छन्।

प्रचारकहरू मानवहरू हुन्, र तिनीहरू मानव प्रवाहहरूको बलियो बहाउको अगाडि असहाय छन्, र कतिपल्ट त्यसमा बगाइन्छन्। प्रार्थना आत्मिक काम हो, र मानव स्वभाव कठिन परिश्रमलाई मन पराउँदैनन् आत्मिक काममा पनि। मानवीय स्वभाव एउटा पूर्ण शान्त सागरमा शान्तिपूर्ण हावाको सहायताले स्वर्गतिर यात्रा गर्न चाहन्छ। प्रार्थना नम्र तुल्याउने काम हो। यसले बुद्धिजीवी र घमन्डीलाई सरममा पार्छ, अहङ्कारलाई क्रूसमा टाँग्छ, र हाम्रो आत्मिक दरिद्रतालाई प्रकट गराउँछ, यी सबै कुरा मासु र रगतको लागि सहन गाह्रो छ। यी सबैलाई सहनुभन्दा प्रार्थना नगर्नु सजिलो हुन्छ। यसैले अहिलेको समयहरूको, हुन सक्छ, सबै समयहरूको सबैभन्दा गम्भीर दुष्टताहरूलाई हामीले सामना गर्न आइपुगेका छौँ, त्यो थोरै प्रार्थना अथवा प्रार्थनाहीनता। यी दुई वटा दुष्टताहरूमध्ये सायद प्रार्थनाहीनताभन्दा थोरै प्रार्थना गर्नु नै खराब हो। थोरै प्रार्थना गर्नु एक प्रकारले नाटकीय प्रार्थना हो,

www.togmission.com

विवेकले लगाउने दोषलाई हटाउने माध्यम हो, र तमासा र भ्रम हो।

प्रार्थनाको लागि दिने थोरै समयले त्यसमा हामीले राख्ने थोरै महत्त्वलाई देखाउँछ। साधारण प्रचारकले दैनिक प्रार्थनामा बिताउने समय उनको दिनभरिको समयको विवरणमा मुस्किलले गन्न योग्य हुन्छ। प्रायः प्रचारकको एक मात्र प्रार्थनाको समय रात्रि पोसाक लगाएर ओछ्यानमा जान तयार भएको अवस्थामा ओछ्यानको छेउमा हुन्छ, चाँडै उनी ओछ्यानमा हुन्छन्। सम्भवतः उनले बिहान लुगा लगाउनुभन्दा अगि आत्तुरीको साथ थोरै प्रार्थनाका स्वरहरू थप्छन्। धर्मशास्त्रमा उल्लेख र अन्य पवित्र मानिसहरूले प्रार्थनाको लागि अलग गरेको समय र शक्तिको तुलनामा यस्तो प्रार्थना कति कमजोर, व्यर्थ र थोरै हुन्छ होला। सबै समयका परमप्रभुका साँचो मानिसहरूको प्रार्थना गर्ने बानीको छेउमा हाम्रो तुच्छ, बालकको जस्तो प्रार्थना कति दरिद्र र महत्त्वहीनको हुन्छ! प्रार्थनालाई आफ्नो मुख्य कामको रूपमा ठान्ने र त्यसको महत्त्वको उच्च अनुमानअनुसार समय अर्पण गर्ने मानिसहरूलाई नै परमेश्वरले स्वर्गीय राज्यका साँचाहरू दिनुहुन्छ, र तिनीहरूद्वारा नै उहाँले संसारमा आफ्नो आत्मिक चमत्कारहरू गर्नुहुन्छ। परमेश्वरका महान् अगुवाहरूको चिन्ह र छापचाहिँ महान् प्रार्थना हो, र उहाँले तिनीहरूका परिश्रमलाई विजयी परिणामहरूद्वारा मुकुट पहिराउनुहुन्छ भन्ने कुराको बैना हो।

प्रचारकलाई प्रार्थना गर्न साथै प्रचार गर्न आज्ञा दिइएको छ। यदि उनले यी दुवैलाई असल तरिकाले गरेनन् भने उनको काम अधुरो हुन्छ। प्रचारकले मानिसहरू र स्वर्गदूतहरूको वाक्कौशलसाथ बोल्न सक्छन् होला, यद्यपि सारा स्वर्गलाई तिनको सहायताको लागि आफ्नो पक्षमा खिच्न सक्ने विश्वाससहित प्रार्थना गरेनन् भने, तिनको प्रचार परमप्रभुको स्थायी आदर ल्याउने र प्राण बचाउने काममा हल्ला मच्चाउने घण्टा र झ्याइँझ्याइँ गर्ने झ्यालीजस्तो मात्र हुन्छ।

www.tograssion.com

## अध्याय - ६

# प्रार्थनाद्वारा गरिने सेवकाइ सफल सेवकाइ

*"मेरो दुर्बलता र निष्फलताको प्रमुख कारणचाहिँ प्रार्थनामा व्याख्या गर्न नसक्ने तरिकाले पिछडिएको नै हो। म हृदयको पूर्ण तयारीको साथ लेख्न वा पढ्न वा बात गर्न वा सुन्न सक्छु, तर प्रार्थना यी सबैभन्दा आत्मिक र भित्री मनुष्यत्वसँग सम्बन्धित कुरा हो, र जुनसुकै काम भए पनि त्यो जति बढी आत्मिक छ त्यति बढी मेरो शारीरिक हृदय त्यसबाट पछि हट्छ। प्रार्थना र धैर्यता र विश्वास कहिल्यै निराश हुँदैन। मैले एउटा कुरा धेरै अगिदेखि सिकेँ, कि यदि म एउटा सेवक बन्छु भने विश्वास र प्रार्थनाले मलाई एक बनाउनुपर्छ। जब मैले मेरो हृदयलाई प्रार्थनाको लागि ठिक अवस्थामा र स्वतन्त्रतामा भेटाउँछु, तब सबै कुरा तुलनात्मक रूपमा सजिलो हुन्छ।" - रिचर्ड न्युटन*

www.togmission.com

हरेक सफल सेवकाइमा प्रार्थना प्रस्ट देखिने र नियन्त्रण गर्ने शक्तिको रूपमा – प्रचारकको जीवनमा प्रस्ट देखिने र नियन्त्रण गर्ने र उनको कामको गहिरो आत्मिकतामा प्रस्ट देखिने र नियन्त्रण गर्ने शक्तिको रूपमा हुन्छ भन्ने कुरालाई एउटा आत्मिक स्वयंसिद्ध नियमको रूपमा राख्न सकिन्छ। एउटा सेवकाइ प्रार्थनाविना नै विचारशील सेवकाइ हुन सक्छ; प्रचारकले प्रार्थनाविना नै प्रसिद्धि र लोकप्रियता हासिल गर्न सक्छ होला; प्रचारकको जीवन र काम भन्ने यन्त्रलाई प्रार्थना भन्ने तेलविना नै अथवा चक्काको एक दाँतीलाई मात्र मुस्किलले पुग्ने ग्रिजको साथ चलाउन सक्छ होला, तर प्रार्थनालाई प्रस्ट देखिने र नियन्त्रण गर्ने शक्तिको रूपमा नबनाईकन कुनै पनि सेवकाइ प्रचारक र उनका मानिसहरूमा पवित्रता सुनिश्चित गर्ने आत्मिक सेवकाइ हुन सक्दैन।

प्रार्थना गर्ने प्रचारकले परमेश्वरलाई काम गर्न लगाउँछन्। प्रचारकको काममा परमेश्वर आफसेआफ अथवा सामान्य नियमको कारण आउनुहुन्न,

तर उहाँ प्रार्थना र विशेष उत्कट बिन्तीले आउनुहुन्छ। परमेश्वरलाई हामीले पूर्ण हृदयले खोज्दा भेटाउन सक्छौँ भन्ने कुरा पश्चात्ताप गर्ने पापीको लागि जति सत्य छ त्यति नै प्रचारकको लागि पनि छ। प्रार्थनापूर्ण सेवकाइ नै प्रचारकलाई मानिसहरूप्रति सहानुभूति देखाउने ठाउँमा ल्याउने सेवकाइ हो। प्रार्थनाले (प्रचारकलाई) स्वर्गसँग एक बनाउनु जसरी नै मानिसहरूसँग पनि एकतामा ल्याउँछ। प्रचारकलाई उच्च जिम्मेवारीहरू र कर्तव्यहरूको लागि योग्य तुल्याउने एक मात्र सेवकाइ प्रार्थनापूर्ण सेवकाइ हो। उच्च विद्यालय, शिक्षा, ईश्वरशास्त्र र प्रचार यी सबै कुराहरूले प्रचारक बनाउन सक्दैन, तर प्रार्थनाले बनाउँछ। प्रेरितहरूलाई प्रचार गर्न दिएको आज्ञा पेन्तिकोसको घटनासम्म खाली नै थियो, जुन प्रार्थनाद्वारा ल्याइएको थियो। प्रार्थनापूर्ण सेवक लोकप्रियता भन्ने क्षेत्रलाई पार गरेका हुन्छन्, दैनिक र लौकिक कुराहरूको क्षेत्र, र सांसारिक पुलपिटको आकर्षण भन्ने क्षेत्रलाई पार गरिसकेका हुन्छन्; उनी मण्डलीका आयोजकको क्षेत्रलाई पार गरेर आश्चर्यचकित र शक्तिशाली क्षेत्रमा प्रवेश गरेका हुन्छन्, त्यो आत्मिक क्षेत्र हो। उनको कामको परिणाम पवित्रता हो। परिवर्तित हृदयहरू र जीवनहरूले उनको कामको सत्यता र महत्त्व भन्ने गुणहरूको वास्तविकतालाई सजाउँछन्। उनको सेवकाइका नियमहरू सांसारिक अथवा सतही नियमहरू होइनन्, उनी परमेश्वरका कुराहरूमा गहिरो रूपमा भरिएको र गहिरो रूपमा शिक्षा दिइएका हुन्छन्। आफ्ना मानिसहरूको बारेमा परमेश्वरसँगको तिनको लामो गहिरो कुराकानी र तिनको कुस्ती लड्ने आत्माका वेदनाहरूले तिनलाई परमेश्वरका कुराहरूमा राजकुमारको रूपमा मुकुट पहिरिएका छन्। पेसागत भन्ने चिसोपना धेरै अगि नै उनको प्रार्थनाको तीव्रताले पग्लिसक्यो।

धेरै सेवकाइहरूको थोरै महत्त्वका परिणामहरू र कति जनाका मृतक अवस्थाहरू यी सबैको कारण प्रार्थनाको अभावमा भेटिन्छ। प्रार्थनाविना कुनै पनि सेवकाइ सफल हुन सक्दैन, र यो प्रार्थना आधारभूत, सदा रहने र सधैँ बढ्ने कुराको रूपमा रहनुपर्छ। प्रवचनको मूल पद र प्रवचन प्रार्थनाको परिणाम हुनुपर्छ। अध्ययन प्रार्थनाले भरिएको हुनुपर्छ, त्यसका सम्पूर्ण कर्तव्यहरू प्रार्थनाले भिजिएको हुनुपर्छ, र त्यसको पूर्ण आत्मा प्रार्थनाको

आत्मा हुनुपर्दछ। परमप्रभुबाट चुनिएकाहरूमध्ये एक जनाको मृत्युशय्याको अफसोस, "थोरै प्रार्थना गरेकोमा म पछुताउँदछु," यो एउटा प्रचारकको लागि एक दुःखद र अफसोसपूर्ण पश्चात्ताप हो। स्वर्गीय प्रधान-बिशप टेटले भन्नुभएको थियो, "म एउटा महान्, गहिरो, साँचो प्रार्थनाको जीवन चाहन्छु।" हामी सबैले यही नै भनौँ, र यसलाई नै पाऔँ।

परमेश्वरका साँचो प्रचारकहरू एउटा महान् विशेषताद्वारा सुप्रसिद्ध छन् - तिनीहरू प्रार्थनाका मानिसहरू थिए। विभिन्न कुराहरूमा उहाँहरूमा फरक-फरक विचार थियो, तर उहाँहरू सबैको केन्द्र सधैँ नै एउटै थियो। उहाँहरूले विभिन्न स्थानबाट सुरु गर्नुभयो होला, र विभिन्न बाटो हुँदै यात्रा गर्नुभयो होला, तर तिनीहरू सबै एकै स्थानमा आइपुग्नुभयो : तिनीहरू प्रार्थनामा एक भएका थिए। परमेश्वर तिनीहरूको लागि आकर्षणको केन्द्र हुनुहुन्थ्यो, र प्रार्थना परमेश्वरकहाँ पुऱ्याउने बाटो थियो। यी मानिसहरू कहिलेकाहीँ प्रार्थना गर्नेहरू थिएनन्, न त नियमित वा छिटपुट अन्तरालहरूमा थोरै मात्र प्रार्थना गरे। तर तिनीहरूले यस्तो प्रार्थना गरे, कि तिनीहरूको प्रार्थना तिनीहरूको चरित्रभित्र पस्यो, र त्यसको रूपलाई आकार दियो; तिनीहरूले यसरी प्रार्थना गरे, कि त्यसले तिनीहरूको आफ्नै जीवनलाई र अरूहरूको जीवनलाई प्रभाव पाऱ्यो। मण्डलीको इतिहासलाई बनाउने गरी र समयको वर्तमानलाई प्रभाव पार्ने गरी तिनीहरूले प्रार्थना गरे। तिनीहरूले प्रार्थनामा लामो समय बिताए, घडीको सुइलाई हेरेर गरेकाले होइन, तर त्योचाहिँ उहाँहरूको लागि महत्त्वपूर्ण र आनन्द ल्याउने कामको रूपमा रहेकाले तिनीहरूले मुस्किलले त्यसलाई छोड्न सक्थे।

प्रार्थना तिनीहरूको लागि पावललाई भए जसरी उत्कटतासहित गर्ने आत्माको परिश्रम थियो, र याकूबलाई भए जसरी  एउटा कुस्ती खेल्ने र विजय ल्याउने कुरा थियो, र ख्रीष्टलाई भए जसरी "बडो क्रन्दन र आँसुको" कुरा थियो। तिनीहरूले "सारा प्रार्थना र निवेदन साथ पवित्र आत्मामा प्रार्थना गरे।" शक्तिशाली प्रभावकारी प्रार्थना परमेश्वरका शक्तिशाली सिपाहीहरूको शक्तिशाली हतियारको रूपमा रहँदै आएको छ। "एलिया पनि त हामीहरूको

जस्तै स्वभाव भएका मानिस थिए। तिनले पानी नपरोस् भनेर भक्तिसाथ प्रार्थना गरेका थिए, र तीन वर्ष छ महिनासम्म पृथ्वीमा पानी परेन। तिनले फेरि प्रार्थना गरे, र आकाशबाट वर्षा भयो, र भूमिले उब्जनी दियो" भन्ने एलियाको बारेमा बताएको वाक्यले सबै अगमवक्ताहरू र प्रचारकहरूलाई समेट्दछ, जसले आफ्नो पुस्तालाई परमेश्वरको लागि उत्प्रेरित गरे, साथै उनीहरूले प्रयोग गरेका हतियारलाई पनि देखाउँछ, जसद्वारा तिनीहरूले तिनीहरूका आश्चर्यकर्महरू गरे।

# अध्याय - ७
# प्रार्थनाको लागि अधिक समय दिनुपर्छ

*" इसाई सिद्धान्तका महान् विद्वान्हरू र शिक्षकहरूले सधैँ आफ्नो प्रकाशको उच्च स्रोत प्रार्थनामा भेट्टाएका छन्। हामी अङ्ग्रेजी मण्डलीभन्दा बाहिर जानै परेन, बिशप एन्ड्रयुसको बारेमा यो उल्लेख छ, कि उहाँ दैनिक पाँच घण्टा घुँडामा बिताउनुभयो। इसाई समयहरूमा मानव जीवनलाई समृद्ध र सुन्दर बनाउने सबैभन्दा ठुलो व्यवहारिक समाधानहरू प्रार्थनाद्वारा नै आएका हुन्।" - क्यानन् लिड्डन।"*

धेरै वटा व्यक्तिगत प्रार्थनाहरू तिनीहरूको परिस्थितिअनुसार छोटो हुनुपर्दछ, तर साजा प्रार्थनाहरू एउटा नियमको रूपमा नै छोटो र सङ्क्षिप्त हुनुपर्छ। आकस्मिक रूपमा गरिने छोटो प्रार्थनाको आफ्नै महत्त्व र मूल्य छ – यद्यपि हाम्रो परमेश्वरसँगको बातचितमा समय भन्ने कुराको एउटा विशेष अत्यावश्यक महत्त्व छ। सबै सफल प्रार्थनाको रहस्यचाहिँ परमेश्वरसँग धेरै समय बिताउनुमा नै छ। शक्तिशाली शक्तिको रूपमा अनुभव गरिने प्रार्थनाचाहिँ परमेश्वरसँग बिताएको धेरै समयको प्रत्यक्ष वा अप्रत्यक्ष परिणाम हो। हाम्रो छोटा प्रार्थनाहरूको महत्त्व र प्रभावकारिता त्योभन्दा अगि गरिएका लामो प्रार्थनाहरूमा निर्भर हुन्छन्। परमेश्वरसँग लामो निरन्तर शक्तिशाली लडन्तद्वारा विजय प्राप्त नगरेको मानिसले छोटो प्रभावकारी प्रार्थना गर्न सक्दैन। याकूबको विश्वासको विजय हासिल गर्नु त्यो रातभरको लडन्तविना सम्भव हुँदैन थियो। परमेश्वरसितको परिचय अचानक हतारमा गरिने सम्पर्कहरूद्वारा हुँदैन। परमेश्वरले आफ्ना वरदानहरूलाई बेवास्तासहित हतारमा आफूकहाँ आउने जानेहरूलाई दिनुहुन्न। परमेश्वरसँग मात्र धेरै समय बिताउनुमा नै उहाँलाई चिन्नु र उहाँको उपस्थितिमा प्रभावकारी हुनु भन्ने कुराको रहस्य हुन्छ। उहाँलाई चिनेको विश्वासको लगनशीलताले उहाँ प्रभावित बन्नुहुन्छ। उहाँले आफ्ना बहुमूल्य वरदानहरू निरन्तर र उत्कट

रूपमा खुरन्धार त्यसप्रति आफ्नो इच्छा र कृतज्ञतालाई व्यक्त गर्नेहरूलाई दिनुहुन्छ। येशू ख्रीष्ट, जो यो कुरामा साथै अरू कुराहरूमा हाम्रो लागि नमुना हुनुहुन्छ, धेरै रातहरू प्रार्थनामा बिताउनुभयो। उहाँको बानीचाहिँ धेरै प्रार्थना गर्नु थियो। उहाँको लागि सधैँ प्रार्थना गर्ने निश्चित ठाउँ थियो। धेरै लामो प्रार्थनाका समयहरूले उहाँको इतिहास र चरित्रलाई बनाए। पावलले दिनरात प्रार्थना गरे। दानिएलले दिनको तीन पल्ट प्रार्थना गर्नको लागि अति महत्त्वपूर्ण विषयहरूको बिचबाट आफ्नो समय निकाले। दाउदको बिहान, बेलुकी र दिउँसोको प्रार्थना धेरै समयहरूमा विनाशङ्का लामो समयका थिए। यी धर्मशास्त्रका सन्तहरूले प्रार्थनामा बिताएको समयको निश्चित विवरण हामीसँग छैन, यद्यपि तिनीहरूले प्रार्थनामा लामो समय बिताएका सङ्केतहरू छन्, र कोही बेला लामो प्रार्थना गर्ने उहाँहरूको चलन थियो।

हामीले कसैले यो सोचेको चाहँदैनौँ, कि उहाँहरूको प्रार्थनाको महत्त्व घडीद्वारा नापिनुपर्छ, तर हाम्रो उद्देश्यचाहिँ परमेश्वरसँग एकान्तमा धेरै समय बिताउनु पर्ने कुराको आवश्यकताको प्रभाव हाम्रा दिमागहरूमा परोस्; र यदि हाम्रो विश्वासले यो विशेषताको उत्पादन गर्दैन भने हाम्रो विश्वासचाहिँ कमजोर र सतहको विश्वास हो।

आफ्नो चरित्रमा पूर्ण रूपमा ख्रीष्टलाई चित्रण गरेका र उहाँको लागि संसारलाई धेरै शक्तिशाली रूपमा प्रभाव पारेका मानिसहरू परमेश्वरसँग लामो समय बिताउनु भन्ने कुरालाई आफ्नो जीवनको उल्लेखनीय विशेषताको रूपमा बनाएका मानिसहरू नै थिए। चार्ल्स सिमियोनले बिहान चार बजेदेखि आठ बजेसम्मको समयलाई परमेश्वरको लागि अर्पण गर्नुभयो। श्रीमान् जोन वेस्लीले दिनमा दुई घण्टा प्रार्थना गर्नुभयो। उहाँले बिहान चार बजे प्रार्थना सुरु गर्नुहुन्थ्यो। उहाँको बारेमा उहाँलाई घनिष्ठ रूपमा चिनेका एक जनाले लेख्नुभयो, "उहाँले प्रार्थनालाई अरू सबैभन्दा आफ्नो जीवनको महत्त्वपूर्ण कामको रूपमा ठान्नुहुन्थ्यो, र मैले उहाँलाई उहाँको गोप्य कोठाबाट शान्तिमय अनुहारको साथ झन्डै चम्किलो भएर निस्केको देखेको छु।" जोन फ्लेचरले आफ्नो कोठाका भित्ताहरूलाई आफ्नो प्रार्थनाको सासले खुइल्याउनुभयो।

कोही बेला उहाँ रातभरि प्रार्थना गर्नुहुन्थ्यो; उहाँले सधैँ, बारम्बार र महान् गम्भीरता साथ प्रार्थना गर्नुहुन्थ्यो; उहाँको पूर्ण जीवन एउटा प्रार्थनाको जीवन थियो। उहाँले भन्नुभएको थियो, "म मेरो हृदयलाई परमेश्वरतिर नउचालीकन आफ्नो स्थानबाट उठ्दिनँ।" उहाँले एक जना साथीलाई सधैँ गर्ने अभिवादन यस प्रकारको थियो: "के म तिमीलाई प्रार्थना गरिरहेको भेट्टाउँदछु?" लुथरले भन्नुभएको थियो, "यदि म हरेक दिन बिहान दुई घण्टा प्रार्थनामा बिताउन असफल भए भनेँ शैतानले दिनभर विजय प्राप्त गर्दछ। मसँग यति धेरै कामहरू छन्, कि मैले दैनिक प्रार्थनामा तीन घण्टा नबिताईकन काम सुरु गर्न सक्दिनँ।" "जसले असल तरिकाले प्रार्थना गरेको छ उसले असल तरिकाले अध्ययन गरेको छ," भन्नुचाहिँ उहाँको आदर्शवाक्य थियो।

प्रधान-बिशप लेटन यति धेरै परमेश्वरसँग एकान्तमा समय बिताउनुहुन्थ्यो, कि नित्य ध्यानमा भए जसरी देखिनुहुन्थ्यो। उहाँको जीवनी लेखकले भन्नुभएको छ, "प्रार्थना र प्रशंसा उहाँको काम र आनन्द थियो।" बिशप केन परमेश्वरसँग यति धेरै समय बिताउनुभयो, कि उनको प्राण परमेश्वरप्रति तीव्र प्रेमले पक्रिएको थियो। बिहान तीन बज्नुभन्दा अगि उहाँ परमेश्वरसँग रहनुहुन्थ्यो। बिशप एसबरीले भन्नुभएको थियो, "सकेसम्म चार बजे उठ्नु र प्रार्थना र अध्ययनमा दुई घण्टा बिताउनु मेरो इच्छा हो। शमूएल रदरफोर्ड जसको भक्तिको सुगन्ध अझै समृद्ध छ, प्रार्थनामा परमेश्वरलाई भेट्नको लागि बिहान तीन बजे उठ्नुहुन्थ्यो। जोसप एलेन आठ बजेसम्म गरिने आफ्नो प्रार्थनाको लागि बिहान चार बजे उठ्नुहुन्थ्यो। यदि अन्य कुनै पनि व्यवसाय गर्नेहरू उहाँ उठ्नुभन्दा अगि उठेर आफ्नो काममा लागेको सुन्नुभयो भने उहाँ भन्ने गर्नुहुन्थ्यो, "ओहो, मलाई यसले कति सरममा पार्‍यो! तिनीहरूको मालिकभन्दा मेरो मालिक अझ बढी योग्यको हुनुहुन्न?" जसले यो व्यवसायलाई असल तरिकाले सिकेको छ उसले आफ्नो इच्छाअनुसार आनाकानी नगरीकन नरित्तिने स्वर्गीय बैङ्कको स्वीकृति साथ आफूलाई चाहे जति निकाल्छ।

स्कटल्यान्डको सबैभन्दा पवित्र र प्रतिभाशाली प्रचारकहरूमध्ये एक यसो

भन्नुहुन्छ, "मैले परमेश्वरसँगको बातचितमा उत्तम समय बिताउनुपर्छ, यो मेरो सबैभन्दा उत्कृष्ट र अति फलदायी रोजगार हो, र यसलाई कुनामा थन्काउनु हुँदैन। बिहानको समय छदेखि आठ बजेसम्म सबैभन्दा निर्बाध समय हो, र त्यो यस कामको लागि प्रयोग गरिनुपर्छ। चिया पछिको मेरो समय सबैभन्दा उत्तम समय हो, र त्यो परमेश्वरलाई गम्भीरता साथ समर्पित गरिनुपर्छ। मैले सुत्नु अगि प्रार्थना गर्ने असल पुरानो बानी त्याग्नुहुँदैन, तर निद्राबाट जोगिनुपर्छ। जब म रातमा बिउँझन्छु, मैले उठेर प्रार्थना गर्नुपर्छ। बिहानको नास्ता पछिको केही समय अन्तर्बिन्तीको लागि दिन सकिन्छ।" यो रबेर्ट मेक्चइनको प्रार्थना योजना थियो। स्मरणीय मेथोडिस्ट समूहले आफ्नो प्रार्थनामा हामीलाई लज्जित पार्छन्। "बिहान चारदेखि पाँच बजेसम्म व्यक्तिगत प्रार्थना; साँझ पाँचदेखि छ बजेसम्म व्यक्तिगत प्रार्थना।"

स्कटल्यान्डको पवित्र र अद्भुत प्रचारक जोन वेल्चले (John Welch) यदि उहाँले दिनमा आठदेखि दस घण्टा प्रार्थनामा बिताउनुभएन भने त्यो दिन खराब तरिकाले बितेको भनी ठान्नुहुन्थ्यो। राति प्रार्थना गर्न उठ्दा आफूले ओढ्न पाएको होस् भनेर एउटा लुगा सधैँ राख्नुहुन्थ्यो। उहाँ भुईंमा लडेर रोइरहेको उहाँकी श्रीमतीले भेट्टाउँदा उनले गुनासो गर्थिन्। उहाँले जवाफ दिनुहुन्थ्यो, "हे नारी, म ३००० आत्माहरूको लागि जबाफदेही छु, र उनीहरूमध्ये धेरैको अवस्था कस्तो छ भनी मलाई थाहा छैनँ।"

# अध्याय - ८

# प्रार्थना गर्ने मानिसहरूका उदाहरणहरू

*" मानवीय दिमाग सक्षम भएको सबैभन्दा उच्च शक्ति प्रार्थना गर्ने कार्य हो - प्रार्थना, सम्पूर्ण बोधको एकाग्रतामा गरिने प्रार्थना। विशाल समूहमा रहेका सांसारिक मानिसहरू र शिक्षित मानिसहरू प्रार्थना गर्नुमा पूर्ण रूपमा असक्षम छन्।" - शमूएल टेलर कोलरिच*

विशप विल्सन भन्नुहुन्छ, "हेन्ड्री मार्टिनको दैनिकीमा उनको प्रार्थनाको आत्मा, उनले त्यो कर्तव्यको लागि समर्पित गरेको समय, र त्यसमा उनको तीव्रता यी कुराहरू नै मलाई प्रभावित पारेका पहिलो कुराहरू हुन्।"

पेसनले कडा काठका फल्याकहरूमा खाल्टो बनाए, जसमा उहाँका घुँडाहरूले धेरै पटक धेरै लामो समय थिचिरहेका थिए। उहाँको जीवनी लेखक भन्नुहुन्छ, "जस्तोसुकै परिस्थितिमा पनि निरन्तर गरिने उहाँको प्रार्थना नै उहाँको जीवन चरित्रको सबैभन्दा उल्लेखनीय तथ्य हो, र उहाँको उत्कृष्टतासँग प्रतिस्पर्धा गर्ने सबैको कर्तव्यलाई यसले देखाउँछ। उहाँको तीव्र र खुरन्धार प्रार्थनालाई नै उहाँको प्रतिष्ठित र निर्बाध सफलताहरूको कारण भनी विनाशङ्का ठुलो मात्रामा श्रेय दिन सकिन्छ।"

मार्किस डेरेन्टीले (Marquis DeRentry), जसको लागि ख्रीष्ट नै सबैभन्दा बहुमूल्य हुनुहुन्थ्यो, आफ्नो सेवकलाई आधा घण्टा पछि आफूलाई प्रार्थनाबाट बोलाउन आदेश दिनुभयो। उहाँको सेवकले समय भएपछि सानो एउटा प्वालबाट उहाँको मुहारलाई देखे, त्यो यति पवित्रताले भरिएको थियो, कि तिनी उहाँलाई बोलाउन असन्तोष माने। उहाँका ओठहरू चलिरहेका थिए, तर उहाँ पूर्ण रूपमा शान्त हुनुहुन्थ्यो। साँढे तीन घण्टा बितिसक्दासम्म उनी कुरिबसे; त्यसपछि तिनले उहाँलाई बोलाए, जब उहाँ आफ्नो घुँडाबाट

उठ्नुभयो, भन्नुभयो, कि उहाँ ख्रीष्टसँग बातचित गर्दा आधा घण्टा धेरै छोटो थियो।

ब्राइनेर्डले भन्नुभयो, "म मेरो कुटीमा एक्लै बस्न मन पराउँछु, जहाँ म प्रार्थनामा धेरै समय बिताउन सक्छु।"

विलियम ब्राम्वेल (William Bramwell) मेथोडिस्ट संस्थाको इतिहासमा पवित्रताको लागि र प्रचारमा पाएको अद्भुत सफलताको लागि र प्रार्थनामा उहाँले पाएका अचम्मका उत्तरहरूको लागि प्रख्यात छन्। उहाँ एकै चोटि घण्टौँसम्म प्रार्थना गर्ने गर्नुहुन्थ्यो। झन्डै उहाँ घुँडामै जिउनुभयो। आफ्नो प्रचारको क्षेत्रमा आगोको ज्वालाझैँ जानुहुन्थ्यो। उहाँले प्रार्थनामा बिताएको समयले गर्दा आगो सल्किएको थियो। एकान्तमा प्रार्थना गर्दा धेरै पल्ट एकै चोटि चार घण्टा प्रार्थनामा बिताउनुहुन्थ्यो।

बिशप एन्ड्रयुस हरेक दिनको सबैभन्दा ठुलो भाग पाँच घण्टासम्म प्रार्थना र भक्तिमा बिताउनुहुन्थ्यो।

सर हेन्ड्री हेभलक हरेक दिनको पहिलो दुई घण्टा परमेश्वरसँग एकान्तमा बिताउनुहुन्थ्यो। यदि छ बजे सेनाको छाउनी उठाउनु छ भने उहाँ चार बजे उठ्नुहुन्थ्यो।

एर्ल क्यर्न्स (Earl Cairns) प्रार्थना र बाइबल अध्ययनमा डेढ घण्टा समय बिताउन बिहान छ बजे उठ्नुहुन्थ्यो, र पौने आठतिर पारिवारिक सङ्गति सुरु गर्नुहुन्थ्यो।

डा. अडनैरम जड्सनले प्रार्थनामा पाएको सफलताको श्रेय उहाँले प्रार्थनामा दिनुभएको धेरै समयलाई जान्छ। एक पल्ट उहाँले यसरी भन्नुभएको थियो, "यदि सम्भव छ भने तिम्रा मामिलाहरूलाई व्यवस्थित गर, ताकि तिमीले दैनिक दुई अथवा तीन घण्टा फुर्सदका साथ भक्ति गर्न समर्पित गर्न सकियोस्, खालि भक्तिको अभ्यास मात्र होइन, परमेश्वरसँगको गोप्य प्रार्थना

र सङ्गतिको लागि दिन सकियोस्। दिनमा सात पटक आफ्नो काम र साथीसङ्गतबाट अलग हुन प्रयास गर्नू, र आफ्नो प्राणलाई व्यक्तिगत प्रार्थनामा परमेश्वरतिर उचाल्नू। मध्यरातको केही समयपछि उठेर रातको शून्यता र अँध्यारोपनको बिचमा यस पवित्र कामको लागि केही समय दिएर आफ्नो दिनलाई सुरु गर्नू। बिहानको उदयले तिमीलाई त्यही काम गरिरहेको भेट्टाएको होस्। दिनको ९, १२, ३, ६ र रातको ९ बजे यी घडीहरूले पनि तिमीले त्यही गरिरहेको साक्षी दिएको होस्। उहाँको काममा दृढ रहनू। यसलाई कायम राख्न सबै व्यवहारिक बलिदानहरू गर्नू। आफ्नो समय छोटो छ, र काम र साथीसङ्गतले तिम्रो परमेश्वरलाई तिमीबाट लुट्न दिनुहुँदैन भन्ने कुरा सम्झनू।" हामी भन्छौँ, असम्भव र कट्टरवादी निर्देशनहरू! डा. जड्सनले ख्रीष्टको लागि एउटा साम्राज्यलाई प्रभाव पार्नुभयो, र बर्मीहरूको हृदयमा अविनाशी ढुङ्गाले परमेश्वरको राज्यको जग बसाल्नुभयो। उहाँ सफल हुनुहुन्थ्यो, ख्रीष्टको लागि संसारलाई शक्तिशाली रूपमा प्रभाव पारेका थोरै मानिसहरूमध्ये एक हुनुहुन्थ्यो। उहाँभन्दा महान् वरदान भएका बुद्धिजीवी र शिक्षित मानिसहरूले त्यस्तो प्रभाव पारेनन्; तिनीहरूका धार्मिक कामहरू बालुवामाथिको पैतालाका छापजस्ता छन्, तर उहाँले आफ्नो कामलाई बहुमूल्य पत्थरमा कुँदिराख्नुभयो। त्यो कामको गहिराइ र टिकाइको रहस्य उहाँले प्रार्थनामा समय दिनुभयो भन्ने तथ्यमा भेटिन्छ। उहाँले प्रार्थनाद्वारा फलामलाई रातो गरी तातो राख्नुभयो, र परमेश्वरको दक्षताले यसलाई सदा रहने शक्तिले बनायो। कुनै पनि मानिसले परमेश्वरको लागि महान् र स्थायी काम गर्न सक्दैन, जो प्रार्थनाको मानिस होइन, र कुनै पनि मानिस प्रार्थनाको लागि धेरै समय नदिईकन प्रार्थनाको मानिस बन्न सक्दैन।

के यो सत्य हो, कि प्रार्थना भनेको सुस्त र यान्त्रिक बानीको पालना मात्र हो? के यो एउटा महत्त्वहीनको प्रदर्शन हो र, जसका तत्त्वहरू स्वादहीन, सङ्क्षिप्त र सतहको बनुन्जेल त्यसमा हामीलाई तालिम दिइन्छ? केनन लिड्डन भन्नुहुन्छ, "के यो साँचो हो, कि प्रार्थना, अनुमान गरिनेझैँ, भावनाको अर्ध निष्क्रिय खेलभन्दा थोरै मात्र फरक छ, जुन मिनेट अथवा घण्टौँसम्म सुस्त रूपमा सजिलोसँग बग्ने दिउँसोको सपना?" उहाँ अझै भन्नुहुन्छ,

"साँचो रूपमा प्रार्थना गरेकाहरूले जवाफ दिउन्। तिनीहरूले पुर्खा याकूबसँग मिलेर प्रार्थनालाई एउटा अदृश्य शक्तिसँगको लडन्त भनी भन्छन्, जुन मध्यरातको घडीसम्म अथवा उज्यालो नहुञ्जेलसम्म पनि लम्बिन सक्छ, जुन गम्भीर उत्कट जीवनमा कहिलेकाहीँ हुने कुराको रूपमा रहँदैन। कुनै बेला तिनीहरूले सामान्य अन्तर्बिन्तीलाई पावलको साथ मिलेर गरेको लडन्तको रूपमा वर्णन गर्छन्। तिनीहरूले प्रार्थना गर्दा गेतसमनीको महान् मध्यस्थकर्तामाथि र निराशा र बलिदानको वेदनाको कारण भुइँमा झरेका ती रगतका थोपाहरूमाथि आफ्ना आँखा केन्द्रित गरेका हुन्छन्। खुरन्धारपना सफल प्रार्थनाको मुख्य तत्त्व हो। खुरन्धारपना भनेको सपना देख्नु होइन, तर लगनशीलतासाथ काम गर्नु हो। 'स्वर्गको राज्यले बलमिचाइ सहिरहेको छ, अनि बलजफती गर्नेहरूले जबरजस्तसँग यसलाई लिन्छन्' भन्ने कुरा विशेष प्रार्थनाद्वारा हो। यो स्वर्गीय बिशप ह्यामल्टनको भनाइ हो, कि प्रार्थनालाई तयारी हुनुपर्ने र उत्कटतासाथ निरन्तरता दिनुपर्ने कामको रूपमा देख्न नथालीकन कुनै पनि मानिसले प्रार्थनामा केही भलाइ ल्याउन सक्दैन, जुन उत्कटता सबैभन्दा रोचक र अत्यावश्यक विषयको रूपमा हाम्रो धारणामा रहने विषयहरूमाथि हामीले देखाउँछौँ।"

# अध्याय - ९

# दिनलाई प्रार्थनासाथ सुरु गर्नू

*" मैले कोही कसैलाई देख्नुभन्दा अगि प्रार्थना गर्नुपर्छ। जब म लामो समयसम्म सुत्छु, अथवा अरूलाई चाँडै भेट्छु, मैले गुप्त प्रार्थना सुरु गर्नु अगि प्रायः ११ वा १२ बजिसकेको हुन्छ। यो एउटा बेहाल प्रणाली हो। यो धर्मशास्त्रसम्मत छैन। ख्रीष्ट बिहान उज्यालो हुनुभन्दा धेरै अगि एकान्त स्थानमा जानुभयो। दाउद भन्छन्, 'एकाबिहानै म तपाईंलाई खोज्नेछु;' 'बिहानै तपाईंले मेरो स्वर सुन्नुहुन्छ।' पारिवारिक प्रार्थनाले त्यसको शक्ति र मधुरताको धेरै अंशलाई गुमाउँदछ, र मबाट खोजेर आउनेहरूलाई मैले कुनै भलाइ गर्न सक्दिनँ। विवेकले दोषको अनुभव गर्दछ, प्राण खुवाइएको छैन, दियो मिलाएको छैन। त्यसपछि गुप्त प्रार्थनामा हुँदा आत्मा प्रायः धुनबाट बाहिर हुन्छ, मलाई लाग्छ, कि (दिनलाई) परमेश्वरबाट सुरु गर्नु धेरै असल हो - उहाँको मुहारलाई पहिले हेर्नु र मेरो प्राण अरूको नजिक हुनुभन्दा अगि त्यसलाई उहाँको नजिक लानु।" - रबेर्ट मुर्रे मेक्चइन*

परमेश्वरको लागि यस संसारमा धेरै गरेका मानिसहरू एकाबिहानै आफ्नो घुँडामा उभिन्थे। जसले एकाबिहानको समयलाई, त्यसले दिने मौका र ताजापनसहित, परमेश्वरलाई खोज्नुको सट्टामा अन्य कुराको पिछा लागेर खेर फाल्छ त्यसले बाँकी दिनभर उहाँलाई खोज्नुमा थोरै प्रगति पाउँछ। यदि बिहान हाम्रो विचार र प्रयासमा परमेश्वरले पहिलो स्थान पाउनुभएन भने दिनको बाँकी समयमा उहाँ अन्तिम स्थानमा हुनुहुनेछ।

एकाबिहानै उठ्नु र प्रार्थना गर्नु भन्नुको पछाडि उहाँप्रतिको उत्कट इच्छा नै हुन्छ, जसले हामीलाई परमेश्वरलाई खोज्नुतिर धकेल्छ। बिहानको अनुत्साह अनुत्साहित हृदयको सूचक हो। बिहानै परमेश्वरलाई खोज्नुमा पछि परेको हृदयले परमेश्वरप्रतिको त्यसको रुचिलाई गुमाइसकेको छ। दाउदको हृदय परमेश्वरप्रति प्रफुल्लित थियो। तिनी परमेश्वरप्रति भोको र तृषित थिए,

र यसैले तिनले दिनको उज्यालो हुनुभन्दा अगि एकाबिहानै परमेश्वरलाई खोजे। परमेश्वरप्रति तत्पर भएको उनको प्राणलाई ओछ्यान र निद्राले साङ्लो लगाउन सकेन। ख्रीष्ट परमेश्वरसितको सङ्गतको लागि तिर्खाउनुहुन्थ्यो, यसैले एकाबिहानै उठेर उहाँ डाँडामा प्रार्थना गर्न जानुहुन्थ्यो। चेलाहरू पूरै बिउँझिँदा आफ्नो विलासिताको बारेमा सर्माउँथे, र उहाँलाई कहाँ भेटाउन सक्छ भनी जान्थे। परमेश्वरको लागि यस संसारलाई शक्तिशाली रूपमा प्रभाव पारेका मानिसहरूको सूचीलाई हामी हेर्न सक्छौँ, र तिनीहरूले एकाबिहानै परमेश्वरलाई खोजेका भेट्टाउन सक्छौँ।

परमेश्वरप्रतिको इच्छा, जसले निद्राको साङ्लोलाई तोड्न सक्दैन, त्यो कमजोर कुरा हो, र आफ्नो इच्छालाई पूरा गरिसकेपछि परमेश्वरको लागि त्यसले थोरै मात्र भलाइ ल्याउन सक्छ। दिनको सुरुवातमा शैतान र संसारभन्दा धेरै पछि परेको परमेश्वरप्रतिको इच्छा कहिले सिद्ध हुने छैन।

केवल एकाबिहानै उठ्नु मात्रै मानिसहरूलाई अगाडि बढाएर उनीहरूलाई परमप्रभुको सेनाको सेनापति बनाउँछ भन्ने होइन, तर यो उत्कट इच्छा हो, जसले जगाउँछ, र सबै प्रकारका आत्म–भोगी साङ्लाहरू तोड्छ। तर बिहानै उठ्नाले त्यो इच्छा प्रकट हुन बाटो दिन्छ, बढाउँछ, र बलियो बनाउँछ। यदि तिनीहरूले ओछ्यानमा नै बिहानको समयलाई बिताएर आफ्नो अभिलाषालाई पूरा गर्नुभएको थियो भने त्यो इच्छा निभिसकेको हुन्थ्यो। त्यो इच्छाले उनीहरूलाई जगायो, र पूर्ण हृदयले उहाँलाई खोज्ने बनायो, र त्यस बोलावटलाई ध्यान दिएर त्योअनुसार काम गर्न थाल्नाले उहाँहरूको विश्वासलाई परमेश्वरमा पकड दियो, र उहाँहरूको हृदयलाई मिठो र पूर्ण परमेश्वरको प्रकाश दियो, र यो विश्वासको बल र प्रकाशको पूर्णताको श्रेष्ठताले उनीहरूलाई सन्त बनायो, र उहाँहरूको सन्त जीवनको प्रभामण्डल हामीमाथि ओर्लेर आएको छ, र हामी उहाँहरूको विजयहरूको आनन्दमा प्रवेश गरेका छौँ। तर हामी त्यो आनन्दमा आफ्नो सन्तुष्टि लिन्छौँ, र त्यसको उत्पादनमा होइन। हामी तिनीहरूका चिहानहरू बनाउँछौँ, र तिनीहरूका समाधि–लेखहरू लेख्छौँ, तर उहाँहरूका उदाहरणहरूलाई नपछ्याउन हामी

होसियारी अपनाउँछौँ।

परमेश्वरलाई खोज्ने र एकाबिहानै खोज्ने प्रचारकहरूको पुस्ताको आवश्यकता हामीलाई छ, जसले प्रयासको ताजापन र शीत परमेश्वरलाई दिन्छन्, र त्यसको सट्टामा उहाँको शक्तिको ताजापन र पूर्णता पाउँछन्, ताकि दिनभरको उष्ण र परिश्रमको बिचमा उहाँ तिनीहरूको लागि पूर्ण आनन्द र बल भएको शीत हुन सकून्। परमप्रभुलाई खोज्नुमा भएको हाम्रो अल्छेपना नै उल्लेखनीय पाप हो। यस संसारका सन्तान हामीभन्दा बढी चतुर छन्। उनीहरू आफ्नो कुरामा बिहानदेखि बेलुकासम्म लागिरहन्छन्। हामी जोस र लगनशीलतासाथ परमेश्वरलाई खोज्दैनौँ। लगनशीलतासाथ परमेश्वरलाई नपछ्याउने कुनै पनि मानिस उहाँकहाँ पुग्न सक्दैन। अनि एकाबिहानै उहाँको पछि नलाग्ने कुनै पनि प्राणले उहाँलाई लगनशीलतासाथ पछ्याउन सक्दैन।

# अध्याय - १०

# प्रार्थना र भक्ति संयुक्त छन्

*“ आजका सेवकाइहरूमा आत्मिक प्रभावको खुलस्त देखिने अभाव छ। मैले मेरै कुराहरूमा यसको अनुभव गर्छु, र अरूहरूमा पनि यो देख्छु। मलाई डर लाग्छ, कि हाम्रो बिचमा व्यवस्थापन गर्ने, समाधान गर्ने, निर्देशन गर्ने एउटा तल्लो तहको दिमागको स्वभाव चाहेको भन्दा बढी देखिन्छ। हामी एक जनाको विचार र अर्कोको पूर्वाग्रहलाई सन्तुष्ट पार्न उचित देखिनेभन्दा बढी प्रयासहरू गर्छौं। सेवकाइ एउटा सानदार र पवित्र बोलावट हो, र त्यसले हामीमा एउटा निष्कपट आत्मा र सबै परिणामहरूप्रति एउटा पवित्र तर विनम्र उदासीनता भेट्टाउनुपर्छ। इसाई सेवकहरूको प्रमुख कमीचाहिँ भक्ति गर्ने बानीको अभाव हो।” - रिचर्ड सिसिल*

सन्त पुरुष र नारीहरूको महान् आवश्यकता (अहिलेझैँ) कहिल्यै थिएन; अझ बढी आवश्यक पर्ने कुराचाहिँ सन्त र परमेश्वरप्रति समर्पित प्रचारकहरू हुन्। संसार लामो पाइलाको साथ लम्किँदै छ। संसारमाथि शैतानको पकड र शासन छ, र त्यसका सबै कदमहरूलाई आफ्नो उद्देश्य पूरा गर्न प्रयोग हुने बनाउन त्यसले परिश्रम गर्दै छ। धर्मले आफ्नो उत्कृष्ट काम गर्नुपर्छ, आफ्ना आकर्षक र सिद्ध नमुनाहरू प्रस्तुत गर्नुपर्छ। बुलन्द नमुनाहरू र सम्पूर्ण मौकाहरूद्वारा हरेक तरिकाले आधुनिक सन्त जीवन पवित्र आत्माद्वारा उत्प्रेरित गरिनुपर्छ। पावल आफ्नो घुँडामा जिए, ताकि एफिसीसको मण्डलीले नाप्न नसकिने सन्तपनाको उचाइ, चौडाइ र गहिराइ नाप्न सकेको होस्, र "परमेश्वरको सारा पूर्णताले भरिपूर्ण हुन सकोस्।” इपाफ्रासले कलस्सीको मण्डली "परमेश्वरको सारा इच्छामा सिद्ध र पूर्ण भएर उभिन सकोस्" भनेर थकाउने परिश्रम र उत्कट प्रार्थनाको कडा सङ्घर्षमा आफूलाई दिए। प्रेरितहरूका समयहरूमा परमेश्वरका मानिसहरू हरेक र "सबै जना विश्वासको र परमेश्वरको पुत्रको ज्ञानको एकतामा आइपुग्न र एउटा पूरा

बढेको मानिस बनिन, ख्रीष्टको परिपूर्णतारूपी कदको नापसम्म आइपुग्न" जहाँ पनि जेमा पनि उत्कट परिश्रम भइरहेको थियो। पुङ्कोहरूलाई कुनै निगाहा देखाएन; बूढो बालकपनलाई कुनै उत्साह दिएन। बालकहरू बढ्न परेको थियो; वृद्धहरू आफ्नो कमजोर र दुर्बलताको सट्टामा वृद्ध उमेरमा फल फलाउन परेको थियो, र मोटो र समृद्ध हुन परेको थियो। धर्ममा दिव्य कुराचाहिँ पवित्र पुरुषहरू र पवित्र स्त्रीहरू हुन्।

कुनै पनि पैसा, प्रतिभा वा संस्कृतिले परमेश्वरको लागि कुराहरूलाई प्रभाव पार्न सक्दैन। पवित्रताले प्राणलाई ऊर्जा दिँदा, अझ बढी विश्वास, अझ बढी प्रार्थना, अझ बढी जोस, अझ बढी समर्पणको इच्छाको साथ प्रेमले प्रज्वलित भएको पूर्ण मानिस – यो नै शक्तिको रहस्य हो। यी नै हामीलाई चाहिन्छ, र हामीमा हुनै पर्छ, र मानिसहरू परमेश्वरद्वारा सल्काएको यस भक्तिको स्वरूप हुनुपर्दछ। यी कुराहरूको अभावमा परमप्रभुको कामका उन्नतिहरू बन्द हुन्छन्, उहाँको उद्देश्य कूँजो हुन पुग्छ, र उहाँको नाम अपमानित हुन्छ। अपूर्व बुद्धि (जति उच्च, जति प्रतिभाशाली भए पनि), शिक्षा (अति शिक्षित र परिष्कृत), ओहोदा, मर्यादा, स्थान, आदरणीय नामहरू, उच्च धार्मिक स्थानहरूले परमेश्वरको यो रथलाई चलाउन सक्दैन। यो एउटा प्रज्वलित रथ हो, र प्रज्वलित शक्तिहरूले मात्र यसलाई चलाउन सक्छ। जोन मिल्टनको बुद्धि पनि यस कुरामा असफल हुन्छ। सम्राट्हरूको शक्ति पनि असफल हुन्छ। ब्राइनेर्डको आत्माले यसलाई चलाउन सक्छ। ब्राइनेर्डको आत्मा परमेश्वरको लागि प्रज्वलित थियो, प्राणहरूको लागि प्रज्वलित थियो। यस सारा कुरालाई प्रभाव पार्ने सबै कुरालाई जलाउने शक्ति र ज्वालाको तीव्रतालाई कुनै पनि लौकिक, सांसारिक र स्वार्थी कुराहरूले थोरै रूपमा पनि घटाउन सकेन।

प्रार्थना भक्तिको सृष्टिकर्ता र माध्यम पनि हो। भक्तिको आत्मा प्रार्थनाको आत्मा हो। प्रार्थना र भक्ति एक छन्, जसरी प्राण र शरीर एक छन्, जसरी जीवन र हृदय एक छन्। भक्तिविना साँचो प्रार्थना भन्ने नै छैन, र प्रार्थनाविना भक्ति छैन। प्रचारक अति पवित्र भक्तिद्वारा परमेश्वरमा समर्पित हुनुपर्छ। उनी

पेसेवर होइनन्, उनको सेवकाइ एउटा पेसा होइन; यो एउटा ईश्वरीय संस्था हो, र दिव्य भक्ति हो। उनी परमेश्वरमा अर्पित हुन्छन्। उनको लक्ष्य, आकाङ्क्षा र उद्देश्य परमेश्वर र परमेश्वरको लागि हो, र त्यस्ता कुराको लागि प्रार्थना अत्यावश्यक हो, जसरी जीवनको लागि भोजन अत्यावश्यक हुन्छ।

प्रचारक सबैभन्दामाथि परमेश्वरमा समर्पित भएको हुनुपर्दछ। प्रचारकको परमेश्वरसँगको सम्बन्ध उनको सेवकाइको चिन्ह र प्रमाण हो। यी कुराहरू स्पष्ट, निर्णयात्मक र झुक्किन नसक्ने हुनुपर्दछ। उनको भक्ति साधारण र सतह प्रकारको हुनुहुँदैन। यदि उनले अनुग्रहमा उन्नति गरेनन् भने उनले उन्नति गरेकै छैनन्। यदि उनले जीवन, चरित्र, र व्यवहारद्वारा प्रचार गरेनन् भने उनले प्रचार गरेकै छैनन्। यदि उनको भक्ति हलुका छ भने उनको प्रचार सङ्गीत जसरी नरम र सुमधुर हुन सक्छ, एपोलोजस्तो प्रतिभाशाली हुन सक्छ, यद्यपि त्यसको वजन प्वाँखको वजन हुनेछ, काल्पनिक, बिहानको बादल अथवा शीतजस्तो क्षणिक हुन्छ। प्रचारकको चरित्र र व्यवहारमा परमेश्वरप्रतिको भक्तिको विकल्प अरू कुनै छैन। जब एउटा मण्डली, धारणा, संस्था, कट्टरवादप्रतिका भक्तिहरू प्रेरणाको स्रोत र बोलावटको कारण हुन्छन्, यी तुच्छ, भ्रामक र व्यर्थ हुन्छन्। परमेश्वर नै प्रचारकको प्रयासको मूल स्रोत हुनुपर्दछ, उनका सबै परिश्रमको मूल र मुकुट। येशू ख्रीष्टको नाम र आदर, उहाँको कामको उन्नति यी नै सबै थोक हुनुपर्छ। येशू ख्रीष्टको नाम बाहेक प्रचारकमा अरू कुनै प्रेरणा हुनुहुँदैन, उहाँको नाम महिमित हुनुबाहेक अरू कुनै उद्देश्य हुनुहुँदैन, र उहाँको लागि बाहेक अरू कुनै परिश्रम हुनुहुँदैन। त्यसपछि प्रार्थना प्रकाशको एउटा स्रोत हुनेछ, चिरस्थायी प्रगतिको एउटा माध्यम, उनको सफलताको एउटा नाप हुनेछ। प्रचारकले चाहना गर्न सक्ने चिरस्थायी लक्ष्य, एउटा मात्र आकाङ्क्षा, परमेश्वर उनको साथमा रहनु हो।

प्रार्थनाले गर्न सक्ने कुराहरूको सिद्ध उदाहरणहरू परमेश्वरको कामको लागि यो युगमा भन्दा बढी कहिल्यै आवश्यक परेको थिएन। गहिरो र

उत्कट प्रार्थनाका युगहरू वा व्यक्तिहरूबाहेक कुनै पनि युग वा कुनै पनि व्यक्ति सुसमाचारको शक्तिको नमुना हुनेछैन। प्रार्थनाहीन युगहरूले स्वर्गीय शक्तिको अपूर्ण नमुनाहरू मात्र पाउनेछन्। प्रार्थनाहीन हृदयहरू हिमालको उचाइसम्म कहिल्यै उठ्नेछैनन्। त्यो युग विगतको युगभन्दा राम्रो हुन सक्छ, तर प्रगतिशील सभ्यताको शक्तिद्वारा उत्तम बनाएको युग र प्रार्थनाको शक्तिमार्फत पवित्रता र ख्रीष्ट समानताको वृद्धिद्वारा उत्तम बनाएको युगको बिचमा असीम दूरी छ।  ख्रीष्ट आउँदा यहूदीहरू त्योभन्दा अघिका युगहरूभन्दा धेरै राम्रा थिए। यो तिनीहरूको फरिसी धर्मको सुनौलो युग थियो। तिनीहरूको धर्मको सुनौलो युगले ख्रीष्टलाई क्रूसमा टाँग्यो। त्यति बेलाको जस्तो बढी प्रार्थना कहिल्यै थिएन, त्यति बेलाजस्तो कम प्रार्थना कहिल्यै थिएन; त्यति बेलाको जस्तो बढी बलिदान कहिल्यै चढाएन, त्यति बेलाजस्तो थोरै बलिदान कहिल्यै चढाएन; कहिल्यै त्यति थोरै मूर्तिपूजा थिएन, कहिल्यै त्यति बढी मूर्तिपूजा थिएन; कहिल्यै त्यति बढी मन्दिरको आराधना थिएन, कहिल्यै त्यति थोरै परमेश्वरको आराधना थिएन; कहिल्यै त्यति बढी ओठे आराधना थिएन, कहिल्यै त्यति थोरै हृदयबाटको आराधना थिएन (परमेश्वरलाई ओठहरूले आराधना चढायो, जसका हृदय र हातहरूले परमेश्वरको पुत्रलाई क्रूसमा टाँग्यो!) अहिले जस्तै कहिल्यै यति बढी मण्डलीमा जानेहरू थिएनन्, कहिल्यै यति थोरै सन्तहरू थिएनन्।

यो प्रार्थनाको शक्ति हो, जसले सन्तहरू बनाउँछ। पवित्र पात्रहरू साँचो प्रार्थनाको शक्तिले बनाइन्छन्। जति बढी साँचो सन्तहरू, त्यति बढी प्रार्थना; जति बढी प्रार्थना, त्यति बढी साँचो सन्तहरू।

# अध्याय - ११

# भक्तिको एउटा नमुना

*" म तिमीलाई ख्रीष्टसँग सम्बन्ध राख्न आग्रह गर्दछु, एउटा बढ्दो सम्बन्ध। ख्रीष्टमा हामीले कहिल्यै नदेखेका हटाउनु पर्ने पर्दाहरू छन्, र नयाँ प्रेमका तहहरू छन्। त्यो प्रेमको गहिराइसम्म म कहिल्यै पुग्नेछैनँ भनी म निराश छु, त्यसमा धेरै वटा बेरिएका तहहरू छन्। यसैले गहिराइसम्म खन्नू, र पसिना बगाएर परिश्रम गर्नू, र उहाँको लागि दुःख उठाउनू, र तिमीले सकेसम्म दिनको धेरै समय उहाँको लागि अलग पार्नू। हामीले परिश्रममा विजय पाउनेछौँ।" - शमूएल रदरफोर्ड*

यस्ता भक्ति र प्रार्थनापूर्ण प्रचारकहरू परमेश्वरसँग धेरै थिए र छन् पनि, जसको जीवनमा प्रार्थना शक्तिशाली, नियन्त्रण गर्ने र प्रस्ट देखिने शक्तिको रूपमा रहँदै आएको छ। संसारले तिनीहरूको शक्तिको महसुस गरेको छ, परमेश्वरले महसुस गर्नुभयो, र तिनीहरूको शक्तिलाई कदर गर्नुभयो। परमेश्वरको काम तिनीहरूको प्रार्थनाद्वारा शक्तिशाली र द्रुत गतिमा अगाडि बढेको छ, पवित्रता तिनीहरूको चरित्रमा स्वर्गीय चमकको साथ चम्किएको छ।

आफूले खोजिरहनुभएका मानिसहरूमध्ये एक जनालाई परमेश्वरले डेभिड ब्राइनेर्डमा भेट्टाउनुभयो, जसको काम र नाम इतिहासमा लेखिएको छ। तिनी साधारण मानिस थिएनन्, तर जुनसुकै समुदायको बिचमा पनि चम्किन सक्षम थिए, बुद्धिमान् र प्रतिभाशालीहरूको साथी, सबैभन्दा आकर्षक पुलपिटहरूमा स्थान पाउन र अति उच्च गुण भएका र सभ्यहरूको बिचमा परिश्रम गर्न विशेष रूपमा उपयुक्त थिए, जसले तिनलाई आफ्नो पास्टरको लागि सुनिश्चित गर्न धेरै चिन्तित थिए। अध्यक्ष एड्वर्ड्स तिनको बारेमा यसरी गवाही दिनुहुन्छ, कि "प्रतिष्ठित प्रतिभाहरू भएको, मानिसहरू र कुराहरूको बारेमा असाधारण ज्ञान भएको, दुर्लभ संवादको क्षमता भएको,

ईश्वरशास्त्रको ज्ञानमा उत्कृष्ट,  र साँच्ची नै यस्तो जवान उमेरको लागि एक असाधारण दिव्य स्वभाव भएको जवान मानिस हुनुहुन्थ्यो, विशेष गरी धर्मका सबै अनुभवात्मक कुराहरूमा। साँचो धर्मको स्वभाव र सारका धारणाहरूको लागि स्पष्ट र सही तरिकाले खडा भएका उनको उमेर बराबरको कसैलाई मैले कहिल्यै भेटिनँ। उनको प्रार्थना गर्ने तरिका झन्डै देखासिकी गर्न नसक्ने खालको थियो, यतिसम्म कि त्यसको बराबर मैले अति बिरलै देखेको छु। उनको ज्ञान उल्लेखनीय थियो, र पुलपिटको लागि उनमा असाधारण वरदानहरू थिए।"

डेभिड ब्राइनेर्डको भन्दा अरू कुनै अनुपम इतिहास पृथ्वीका इतिहासहरूमा अभिलेख भएको छैन। यस्तो मानिसको जीवन र कामले भन्दा अरू कुनै पनि चमत्कारले इसाइत्वको सत्यलाई स्वर्गीय शक्तिको साथ प्रमाणित गर्दैन। अमेरिकाको सताउने जङ्गलहरूमा एक्लै, मरणशील रोगसँग दिनरात सङ्घर्ष गर्दै, प्राणहरूको वास्तामा अशिक्षित, र प्रायः समयहरूमा (रातो) भारतीहरूको बिचमा असक्षम मूर्तिपूजक अनुवादकद्वारा मात्रै पहुँच पाएको अवस्थामा, साथै हृदय र हातमा परमेश्वरको वचन हुँदा उनको प्राण दिव्य ज्वालाले प्रज्वलित भयो; यही नै आफ्नो प्राणलाई परमेश्वरमा प्रार्थनामा खन्याउन ठाउँ र समय हो, तिनले परमेश्वरको आराधनालाई पूर्ण रूपमा स्थापित गरे, र यसका सबै अनुग्रही परिणामहरू सुनिश्चित गरे। भारतीहरू एक अज्ञानी र नीच, तुच्छ आत्माहरूलाई पुज्ने धर्म भन्ने अति तल्लो स्तरको मूर्खताबाट विशुद्ध, भक्तिपूर्ण, बुद्धिमान् इसाईको रूपमा महान् रूपमा परिवर्तन भए। सबै प्रकारका दुष्टताहरूलाई त्यागेर इसाइत्वको बाह्य कर्तव्यहरूलाई तुरुन्तै अङ्गालियो र निभाउन सुरु गरियो; पारिवारिक प्रार्थनाहरू स्थापित भए, शबाथ दिनको स्थापना भयो र पालना गरियो; धर्मको भित्री अनुग्रहहरू बढ्दै जाने मिठास र बलका साथ प्रकट गरियो। यी परिणामहरूका कारणहरू डेभिड ब्राइनेर्ड आफैमा भेट्टाइन्छ, परिस्थितिहरू वा आकस्मिक घटनाहरूमा होइन, तर त्यो मानिस ब्राइनेर्डमा नै हो। उनी परमेश्वरका मानिस थिए, उनको सुरुवात र अन्त र सबै समय परमेश्वरको लागि थियो। परमेश्वर अवरोधविना उनमा बग्न सक्नुहुन्थ्यो।

उनको हृदयको अवस्थाद्वारा अनुग्रहको सर्वशक्ति न त रोकियो, न त साँघुरियो; परमेश्वर पूर्ण अति शक्तिशाली रूपमा बग्नको लागि माध्यम फराकिलो र सफा पारियो, ताकि परमेश्वर आफ्नो सारा शक्तिको साथ आशाहीन असभ्य मरुभूमिमा आउन सकून्, र त्यसलाई फुल्ने र फलयुक्त बगैँचाको रूपमा परिवर्तन गर्न सकून्; किनभने यदि परमेश्वरले काम गर्न सही प्रकारको मानिस पाउन सक्नुभयो भने उहाँको लागि कठिन केही छैन।

ब्राइनेर्डले पवित्रता र प्रार्थनाको जीवन बिताए। उनको दैनिकी बारम्बार गरेका उपवास, अध्ययन र एकान्त प्रार्थनाको विवरणहरूले भरिएको छ। एकान्तमा बिताएको प्रार्थनाको समय दिनको धेरै घण्टाँहरूको रूपमा थिए। उनी भन्छन्, "जब म घर फर्कन्छु, र आफूलाई अध्ययन, प्रार्थना र उपवासको लागि दिन्छु, मेरो प्राण शारीरिक इच्छाहरू निर्मूल पारिन, आत्मत्याग, नम्रता र सबै सांसारिक कुराहरूबाट अलग्गिन चाहन्छ।" उनले अझै भने, "यस संसारमा परमेश्वरको लागि इमानदारीपूर्वक परिश्रम गर्नुबाहेक मलाई गर्नु केही छैन। संसारले दिन सक्ने कुनै पनि थोकको लागि एक मिनेट पनि जिउन म इच्छा गर्दिनँ।" यस्तो प्रकारको उच्च तहको प्रार्थना तिनले गरे: "परमेश्वरसँगको सम्बन्धको मिठास र वशमा पार्ने उहाँको प्रेमको शक्तिको केही भाग र कति प्रशंसनीय रूपमा त्यसले प्राणलाई पक्रिँदै छ, र सम्पूर्ण इच्छा र प्रेमलाई परमेश्वरमा केन्द्रित बनाउँदछ भन्ने कुराको अनुभूति गर्दै सुसमाचार प्रचार गर्ने भन्ने मेरो अगि भएको महान् काममा परमेश्वरले मलाई अगुवाइ गरुन्, र आशिष् दिउन् भनी बिन्ती गर्न र परमप्रभु मकहाँ फर्कुन्, र आफ्नो मुहारको प्रकाश मलाई देखाउन् भनी यस दिनलाई मैले गोप्य उपवास र प्रार्थनाको लागि छुटाएको छु। मध्य–बिहानको समयमा ममा अलिकति जीवन र बल थियो। मध्यान्हको नजिक हुँदा परमेश्वरले मलाई मसँग नरहेका मेरा साथीहरूको लागि तीव्र रूपमा अन्तर्बिन्तीमा कुस्ती खेल्न सक्षम बनाउनुभयो, तर रात पर्दा परमप्रभुले अद्भुत रूपमा प्रार्थनामा मलाई भेट्नुभयो। मलाई लाग्छ, कि मेरो आत्मा पहिले कहिल्यै यस्तो वेदनामा थिएन। मैले कुनै अवरोधको महसुस गरिनँ, किनभने स्वर्गीय अनुग्रहको खजाना मेरो लागि खोलियो। मैले अनुपस्थित भएका मेरा साथीहरूको लागि,

प्राणहरूको कटनीको लागि, धेरै दयनीय प्राणहरूको लागि र टाढा ठाउँहरूमा रहेका मैले व्यक्तिगत रूपमा परमेश्वरको छोराछोरी ठान्ने धेरैको लागि लडेँ। मध्य–बिहानदेखि झन्डै रात परुन्जेलसम्म यति वेदनामा थिएँ, कि म पूर्ण रूपमा पसिनाले भिजिसकेको थिएँ, तर पनि मैले केही गरेको छैनँ जस्तो लाग्यो। ओहो, मेरा प्रिय उद्धारकर्ताले दयनीय प्राणहरूको लागि रगतको पसिना बगाउनुभयो! म तिनीहरूप्रति अझै दयालु हुन चाहन्थेँ। स्वर्गीय प्रेम र अनुग्रहको प्रभावमुनि अझै पनि आनन्दको अवस्थामा मेरो मन भएको महसुस गरेँ, र यस्तो मनको अवस्थाको साथ मेरो हृदय परमेश्वरमा अडिग भएको स्थितिमा म ओछ्यानमा गएँ।" यो प्रार्थना नै थियो, जसले उनको जीवन र सेवकाइमा अद्भुत शक्ति दिएको थियो।

शक्तिशाली प्रार्थना गर्ने मानिसहरू आत्मिक शक्ति भएका मानिसहरू हुन्। प्रार्थनाहरू कहिल्यै मर्दैनन्। ब्राइनेर्डको पूर्ण जीवन प्रार्थनाको जीवन थियो। दिनरात तिनले प्रार्थना गरे। प्रचार गर्नुभन्दा अघि र प्रचार गरिसकेपछि तिनले प्रार्थना गरे। वनको थकाइलाग्दो एकान्त यात्रामा हुँदा तिनले प्रार्थना गरे। परालको आफ्नो ओछ्यानमा तिनले प्रार्थना गरे। घनघोर एकान्त वनतिर गएर तिनले प्रार्थना गरे। घण्टैपिच्छे, दिनैपिच्छे, एकाबिहानै, मध्यरातमा आफ्नो प्राणलाई खन्याएर, अन्तर्बिन्ती गर्दै, परमेश्वरसँग सङ्गत गर्दै तिनले प्रार्थना गर्थे, र उपवास बस्थे। उनी प्रार्थनामा शक्तिशाली रूपमा परमेश्वरसँग रहन्थे, र परमेश्वर उनको साथमा शक्तिशाली रूपमा रहनुहुन्थ्यो, र यसद्वारा उनी मरेको हुँदा पनि बोल्दै छन्, र काम गर्दै छन्, र बोल्नेछन्, र अन्त नआउन्जेल काम गर्नेछन्, र त्यो महिमित दिनको महिमितहरूको बिचमा उनी पहिलाहरूमध्ये हुनेछन्।

जोनाथन एड्वर्ड्स उहाँको बारेमा भन्नुहुन्छ, "उनको जीवनले सेवकाइका कामहरूमा सफलताको लागि सही बाटो देखाउँदछ। उनले त्यसलाई घेराबन्दी अथवा युद्धमा परेको सिपाहीले खोजे जसरी खोजेका थिए; अथवा महान् पुरस्कारको लागि दौडमा सहभागी हुने मानिसजस्तै। ख्रीष्टप्रति र प्राणहरूप्रतिको प्रेमले प्रभावित भएर, कसरी तिनले परिश्रम गरे? सधैँ

जोसका साथ। साजा र गोप्य रूपमा वचन र सिद्धान्तमा मात्र नभएर, तर आफूलाई जसको बिचमा पठायो तिनीहरूको हृदयमा ख्रीष्ट नबनिनुभएसम्म प्रार्थनामा दिनरात गोप्य रूपमा परमेश्वरसँग लडन्त लड्दै र व्याख्या गर्न नसकिने क्रन्दनहरू र वेदनाहरूको साथ प्रसवपीडामा थिए। याकूबको साँचो छोराजस्तो तिनी रातका अन्धकारको समयभरि उज्यालो नहुञ्जेल लडन्तमा लगनशील थिए!"

www.togmission.com

# अध्याय - १२

# हृदयको तयारी आवश्यक छ

*" हृदयबाट आएका कुराबाहेक अरू कुनै पनि कुरा हृदयमा पुग्दैन, अथवा जिउँदो अन्तस्करणबाट आएको कुराबाहेक अरू कुनै पनि कुराले अन्तस्करणलाई छेड्दैन।" - विलियम पेन*

*" बिहान म हृदयलाई तयार गर्नुको सट्टामा टाउकोलाई तयार गर्नुमा म धेरै व्यस्त थिएँ। यो मेरो बारम्बार गरिने गल्ती भएको छ, र म सधैँ यसको खराबीको महसुस गरेको छु, विशेष गरी प्रार्थनामा। हे प्रभु, यसलाई सुधार्नुहोस्! मेरो हृदयलाई बढाउनुहोस्, र म प्रचार गर्नेछु।" - रबेर्ट मुर्रे मेक्चइन*

*"हृदयभन्दा दिमाग बढी प्रयोग भएको एउटा प्रचारले श्रोताहरूलाई प्रभावशाली रूपमा प्रभाव पार्दैन।" - रिचर्ड सिसिल*

प्रार्थनाले आफ्नो अनेक गुण र अनेक आयाम भएका शक्तिहरूको साथ, सत्यलाई त्यसको पूर्णता र स्वतन्त्रता साथ, उच्चारण गर्नको लागि मुखलाई सहायता गर्छ। प्रचारकको लागि प्रार्थना गरिनुपर्छ, प्रचारक प्रार्थनाद्वारा बनिन्छन्। प्रचारकको मुखको लागि प्रार्थना गरिनुपर्छ; उनको मुख प्रार्थनाले खोलिनुपर्छ, र भरिएको हुनुपर्दछ। एउटा पवित्र मुख प्रार्थनाद्वारा बनिन्छ, धेरै प्रार्थनाद्वारा; एउटा साहसी मुख प्रार्थनाद्वारा बनिन्छ, धेरै प्रार्थनाद्वारा। मण्डली र संसार, परमेश्वर र स्वर्ग पावलको मुखप्रति धेरै ऋणी छन्; पावलको मुखको शक्तिको कारण प्रार्थना थियो।

प्रचारकको लागि धेरै किसिमले, धेरै परिस्थितिहरूमा, हरेक तरिकामा कति विविध, असीम, मूल्यवान्, उपयोगी छ प्रार्थना! एउटा ठुलो महत्त्वचाहिँ यसले उनको हृदयलाई सहायता गर्दछ।

www.togmission.com

प्रार्थनाले प्रचारकलाई हृदयबाट प्रचार गर्ने प्रचारक बनाउँदछ। प्रार्थनाले प्रचारकको हृदयलाई प्रचारकको प्रवचनमा हालिदिँदछ; प्रार्थनाले प्रचारकको प्रवचनलाई प्रचारकको हृदयमा हालिदिँदछ।

हृदयले प्रचारक बनाउँदछ। महान् हृदय भएका मानिसहरू महान् प्रचारकहरू हुन्। खराब हृदय भएका मानिसहरूले केही असल गर्छन् होला, तर यो बिरलै पाइने कुरा हो। ज्यामी र आगन्तुकले भेडाहरूलाई कुनै परिस्थितिमा सहायता गर्लान्, तर यो असल गोठालाको हृदय भएको असल गोठालो हो, जसले भेडाहरूलाई आशिष् दिन्छ, र गोठालाको भूमिका पूर्ण रूपमा निभाउँछ।

हामीले प्रवचनको तयारीलाई यतिसम्म जोड दियौँ, कि हामीले तयारी गर्नुपर्ने महत्त्वपूर्ण कुरालाई देख्न छोडिसक्यौँ – त्यो हृदय हो। तयार हृदय तयार प्रवचनभन्दा अति उत्तम छ। एउटा तयार हृदयले एउटा तयार प्रवचन ल्याउँछ।

प्रवचन बनाउने प्रविधि र त्यसको स्वादसम्बन्धी यति प्रशस्त कुराहरू लेखिसक्यो, कि हामी यो खट नै भवन हो भन्ने विचारले आश्वस्त भएका छौँ। एउटा यान्त्रिक र दिमागी सामग्रीजस्तो आफ्नो प्रवचनको रूप, स्वाद र सुन्दरताको लागि आफ्नो पूर्ण बललाई अर्पण गर्न जवान प्रचारकलाई सिकाएको छ। यसरी हामीले मानिसहरूमा एउटा हानिकारक स्वादको खेती गरेका छौँ, र अनुग्रहको सट्टामा प्रतिभा, भक्तिको सट्टामा वाक्कौशल, प्रकाशको सट्टामा भाषागत अलङ्कार, पवित्रताको सट्टामा प्रतिष्ठा र दक्षताको मागलाई बढाएका छौँ। यसद्वारा हामीले प्रचार गर्नुमा भएको वास्तविकतालाई गुमाएका छौँ, प्रचार गर्ने शक्ति गुमाएका छौँ, पापको लागि दोषी ठहरिनुलाई गुमाएका छौँ, उन्नत अनुभव र उच्च ख्रीष्टिय चरित्र गुमाएका छौँ, विवेकमाथि र जीवनमाथि भएको अधिकार गुमाएका छौँ, जुन सधैँ साँचो प्रचारको परिणामको रूपमा आउँछ।

प्रचारकहरू चाहेको भन्दा बढी अध्ययन गर्छन् भनी भन्न सुहाउँदैन। कतिपयले अध्ययन नै गर्दैनन्; अरूहरूले चाहिँदो अध्ययन गर्दैनन्। कति जनाले परमेश्वरकहाँ ग्रहणयोग्य तुल्याउने सही तरिकाले अध्ययन गर्दैनन्। तर हाम्रो महान् अभाव टाउकोको संस्कृतिमा होइन, तर हृदयको संस्कृतिमा हो; ज्ञानको अभाव होइन, तर पवित्रताको अभाव नै दुःखलाग्दो र प्रभावकारी कमजोरी हो; हामीले चाहेको भन्दा बढी जानेका छौँ भन्ने कुरा होइन, तर हामीले परमेश्वर र उहाँको वचनमा ध्यान गर्दैनौँ, र चाहिँदो रूपमा जागो रहने, उपवास बस्ने र प्रार्थना गर्ने गर्दैनौँ। हृदय नै हाम्रो प्रचारको लागि ठुलो अवरोध हो। स्वर्गीय शक्तिले गर्भाधान भएका शब्दहरूले हाम्रो हृदयमा बाधाहरूलाई सामना गर्दछन्; बन्धनमा परेर सामर्थ्यहीन र शक्तिहीन भएर झर्दछन्।

प्रशंसा र स्थानको अभिलाषा राख्ने उद्देश्यले आफूलाई रित्तो बनाएर कमाराको रूप धारण गर्नुभएका उहाँको सुसमाचार प्रचार गर्न सक्छ र? के घमन्डी, व्यर्थ, अहङ्कारीहरूले नम्र र दीन हृदय भएका उहाँको सुसमाचार प्रचार गर्न सक्छ र? के रिसाहा, भावनात्मक, स्वार्थी, कट्टर, सांसारिक मानिसले असीम धैर्य, आत्मत्याग, कोमलताले भरिएको प्रणालीलाई, जसले मुख्यतः संसारसँगको शत्रुता र संसारको लागि क्रूसमा टाँगिनु भन्ने कुराको माग गर्छ, प्रचार गर्न सकिन्छ र? के पेसागत, हृदयहीन, देखाउने काम गर्ने ज्यामीले भेडाहरूको लागि जीवन दिन माग गर्ने सुसमाचार प्रचार गर्न सक्छ र? के लोभी मानिसले, जसले आफ्नो तलब र पैसाको हिसाब गर्छ, आफ्नो हृदयलाई शुद्ध पारेर ख्रीष्ट र पावलको आत्मासँग मिलेर वेस्लीका यी शब्दहरूमा, "म त्यसलाई गोबर र फोहोर ठान्छु; म यसलाई खुट्टामुनि कुल्चिन्छु; म यसलाई सडकको हिलो समान ठान्छु (यद्यपि म होइन, तर मभित्र भएको परमेश्वरको अनुग्रहले), म यसलाई प्रेम गर्दिनँ, र म यसलाई खोज्दिनँ" भनी नभनुन्जेल सुसमाचार प्रचार गर्न सक्छ र? मानव प्रतिभाको ज्योति, मानव संस्कृतिको टल्काइ र बल, मानव विचारको प्रतिभा, मानव दिमागको शक्ति यी परमेश्वरको प्रकाशको लागि त्यसलाई सजाउन अथवा लागु गर्न आवश्यक पर्दैन; तर त्यसले सरलता, सोझोपन, विनम्रता र

बालकको हृदयमा भएको जस्तो विश्वास यी कुराहरूको माग गर्छ।

स्वर्गीय र आत्मिक शक्तिहरूप्रति बुद्धि र प्रतिभाको यो आत्मसमर्पण र अधीनताले नै प्रेरितहरूमध्ये पावललाई अतुलनीय बनायो। यो नै हो, जसले वेस्लीलाई उनको शक्ति दिएको र मानव इतिहासमा उनको परिश्रमको जरालाई गाडिदिएको। यो नै हो, लायोलालाई पछि हटिरहेको क्याथोलिजमका शक्तिहरूलाई फेरि बलियो तुल्याउन बल दियो।

हाम्रो महान् आवश्यकता हृदयको तयारी हो। लुथरले यसलाई एउटा स्वयंसिद्ध कुराको रूपमा माने: "जसले राम्रोसँग प्रार्थना गरेको छ उसले राम्रोसँग अध्ययन गरेको छ।" हामीले मानिसहरूले सोच्न र उनीहरूको बुद्धिलाई प्रयोग गर्नुहुँदैन भनी भन्दैनौँ, तर आफ्नो हृदयलाई सबैभन्दा बढी सही तुल्याउने व्यक्तिले आफ्नो बुद्धिलाई असल तरिकाले प्रयोग गर्नेछ। प्रचारकहरू विद्यार्थी हुनुहुँदैन भनी भन्दैनौँ, तर हामी भन्छौँ, कि तिनीहरूको ठुलो अध्ययन धर्मशास्त्र हुनुपर्दछ, र उसले बाइबललाई असल तरिकाले अध्ययन गर्छ, जसले आफ्नो हृदयलाई पूरा यत्नसित सम्हालेर राख्छ। प्रचारकले मानिसहरूलाई चिन्नुहुँदैन भनी हामी भन्दैनौँ, तर उनी मानव स्वभावमा निपुण हुनेछन्, जसले आफ्नै हृदयका गहिराइ र जटिलताहरूलाई थाहा पाएको हुन्छ। प्रचारको माध्यम दिमाग हुँदा त्यसको मूल हृदय हो भनी हामी भन्छौँ; तिमीले नालीलाई फराकिलो र गहिरो बनाउन सक्छौ, तर यदि तिमीले मूलको शुद्धता र गहिराइलाई ध्यान दिएनौ भने तिमीले सुकेको अथवा अशुद्ध नाली भेट्टाउने छौ। हामी भन्छौँ, कि साधारण बुद्धि भएको जुनसुकै मानिसमा पनि सुसमाचार प्रचार गर्न पर्याप्त ज्ञान हुन्छ, तर धेरै थोरैले मात्र त्यसो गर्न पर्याप्त अनुग्रह पाएका छन्। जसले आफ्नै हृदयसँग सङ्घर्ष गरेर जितेको छ, जसले त्यसलाई विनम्रता, विश्वास, प्रेम, सत्यता, करुणा, दया र साहस सिकाएको छ, जसले यसरी तालिम पाएर आफ्नो हृदयको समृद्ध खजानालाई प्रौढ बुद्धिद्वारा सुसमाचारको शक्तिले भरिएर श्रोताहरूको अन्तस्करणमा खन्याउन सक्छ, यस्तो व्यक्ति नै परमप्रभुको सामुन्ने असल र सबैभन्दा सफल प्रचारक हुनेछन्।

www.togmission.com

# अध्याय १३

# टाउकोबाटको भन्दा हृदयबाटको अनुग्रह

*" असल प्रचारक बन्नको लागि परिश्रम नगर्नू। यरिहोका पर्खालहरू भेडाको सिङ फुकेर भत्काइन्छ। प्रचारको भोजनको लागि येशूलाई मात्र हेर्नू, र जेको आवश्यकता छ त्यो दिइनेछ, जे दिएको छ त्यसले आशिष् पाउनेछ, चाहे त्यो जौको दाना होस् वा गहुँको रोटी, बोक्रा होस् वा टुक्रा होस्। तिम्रो मुख एउटा बग्ने नदी वा मोहर लगाएको एउटा मूल हुनेछ, जसरी तिम्रो हृदय छ। प्रचार, बातचित वा लेखमा सबै प्रकारका विवादबाट टाढा रहनू; प्रचारमा शैतानलाई बाहेक अरू कसैलाई तल नपार्नू, र येशू ख्रीष्ट बाहेक अरू कसैलाई पनि उच्च नपार्नू।" - बेर्रीड्ज*

हृदय नै संसारको मुक्तिदाता हो। टाउकोले बचाउँदैन। अपूर्व बुद्धिहरू, दिमागहरू, प्रतिभा, बल र प्राकृतिक प्रतिभाहरूले बचाउँदैन। सुसमाचार हृदयद्वारा बग्दछ। सबै शक्तिशाली शक्तिहरू हृदयका शक्तिहरू हुन्। सबै मिठा र सुन्दर अनुग्रहहरू हृदयका अनुग्रहहरू हुन्। महान् हृदयहरूले महान् चरित्रहरू बनाउँदछन्; महान् हृदयहरूले दिव्य स्वभावहरू बनाउँदछन्। परमेश्वर प्रेम हुनुहुन्छ। प्रेमभन्दा महान् केही छैन, परमेश्वरभन्दा महान् केही छैन। हृदयहरूले स्वर्ग बनाउँछन्, स्वर्ग प्रेम हो। स्वर्गभन्दा उच्च र मिठो अरू केही छैन। यो हृदय हो, र टाउको होइन, जसले परमेश्वरको लागि महान् प्रचारकहरू बनाउँदछ। धर्ममा सबै प्रकारले हृदयको महत्त्व छ। पुलपिटबाट हृदयले बोल्नुपर्छ। बेन्चमा हृदयले सुन्नुपर्दछ। वास्तवमा हामी हाम्रो हृदयले परमेश्वरको सेवा गर्छौं। टाउकोबाट आएको श्रद्धा स्वर्गमा स्विकारिँदैन।

हामी विश्वास गर्छौं, कि आधुनिक पुलपिटहरूमा हुने गम्भीर र अति लोकप्रिय भुलहरूमध्ये एउटा चाहिँ प्रार्थनाभन्दा विचारलाई बढी प्रयोग गर्नु हो, त्यसका प्रवचनहरू हृदयबाट भन्दा बढी टाउकोबाट आउनु हो। ठुला हृदयहरूले ठुला प्रचारकहरू बनाउँछन्; असल हृदयहरूले असल

प्रचारकहरू बनाउँछन्। हृदयलाई ठुलो बनाउन र उन्नति गर्न भएको एउटा ईश्वरशास्त्र विद्यालय सुसमाचारको सुनौलो आवश्यकता हो। एउटा पास्टरले आफ्ना मानिसहरूलाई आफ्नो हृदयले बाँधेर शासन गर्छन्। तिनीहरूले उनका वरदानहरूलाई देखेर आश्चर्यचकित हुन्छन् होला, तिनको क्षमतामा गर्व गर्छन् होला, र उनका प्रवचनहरूद्वारा केही समयको लागि प्रभावित हुन्छन् होला, तर उनको शक्तिको किल्ला चाहिँ उनको हृदय हो। उनको राजदण्ड चाहिँ प्रेम हो। उनको शक्तिको सिंहासन चाहिँ उनको हृदय हो।

असल गोठालाले आफ्नो प्राण भेडाहरूको लागि दिन्छ। टाउकोहरूले कदापि सहिदहरू बनाउँदैनन्। यो हृदय हो, जसले जीवनलाई प्रेम र इमानदारीको लागि आत्मसमर्पण गर्छ। एउटा इमानदार पास्टर हुनको लागि ठुलो साहसको आवश्यक पर्दछ, तर हृदयले मात्र यो साहस प्रदान गर्न सक्छ। वरदानहरू र प्रतिभाहरू साहसी होलान्, तर यी हृदयबाट आएका वरदानहरू र प्रतिभाहरू हुन्, र टाउकोबाट आएका होइनन्।

हृदयलाई तयार गर्नुभन्दा टाउकोलाई भर्नु सजिलो छ। हृदयबाटको प्रवचन बनाउनु भन्दा दिमागबाटको प्रवचन बनाउनु सजिलो छ। स्वर्गबाट परमेश्वरको पुत्रलाई ल्याएको हृदय हो। यो हृदयले नै हो, जसले मानिसहरूलाई स्वर्गमा तान्छ। संसारको दुःखमा सहानुभूति देखाउनको लागि, शोकमा सान्त्वना दिनको लागि, वेदनामा दया देखाउनको लागि र त्यसको पीडा हटाउनको लागि संसारले चाहेको हृदयका मानिसहरू हुन्। ख्रीष्ट विशेष रूपमा शोकहरूको मानिस हुनुहुन्थ्यो, किनभने उहाँ विशेष रूपमा हृदयको मानिस हुनुहुन्थ्यो।

मानिसहरूप्रतिको परमेश्वरको माग चाहिँ, "तिम्रो हृदय मलाई देऊ!" भन्ने हो। मानिसप्रतिको मानिसको माग चाहिँ, "तिम्रो हृदय मलाई देऊ!" भन्ने हो।

पेसागत सेवा हृदयहीनको सेवा हुन्छ। जब सेवामा तलबले मुख्य भूमिका खेल्छ तब हृदयको भूमिका थोरै हुन्छ। हामीले प्रचार गर्नुलाई हाम्रो व्यवसाय

बनाउन सक्छौँ, र हाम्रो हृदय त्यो व्यवसायमा नलगाउन सक्छौँ। जसले आफ्नो प्रचारमा आफूलाई अगाडि राख्दछ त्यसले आफ्नो हृदयलाई पछाडि राख्दछ। जसले आफ्नो अध्ययनमा हृदयसहित रोप्दैन त्यसले कदापि परमेश्वरको लागि कटनी गर्दैन। हृदयको अध्ययन गोप्य कोठा हो। हामीले त्यहाँ कसरी प्रचार गर्नु र के प्रचार गर्नु भन्ने कुराको बारेमा पुस्तकालयहरूमा भन्दा बढी सिक्न सक्छौँ। "येशू रुनुभयो" भन्ने पद नै बाइबल धर्मशास्त्रको सबैभन्दा छोटो र ठुलो पद हो। जसले रुँदै बहुमूल्य बिउहरू बोकेर जान्छ (महान् प्रचारहरू गर्दै होइन) त्यसले आनन्द साथ फसलका बिटाहरू बोकेर आउनेछ।

प्रार्थना गर्नुले ज्ञान दिन्छ, बुद्धि ल्याउँछ, मनलाई फराकिलो र बलियो बनाउँछ। गोप्य कोठा नै प्रचारकको लागि सिद्ध विद्यालय शिक्षक र विद्यालय हो। विचार प्रार्थनामा प्रज्वलित र स्पष्ट पारिनु मात्र नभएर विचार प्रार्थनामा नै जन्मिन्छ। घण्टौँहरूको अध्ययनभन्दा हामीले प्रार्थनामा एक घण्टामा धेरै सिक्न सक्छौँ, साँच्ची नै प्रार्थनामा नै हो। अरू कतै नपाइने किताबहरूलाई गोप्य कोठामा पाउन सकिन्छ र पढ्न सकिन्छ। प्रकाशहरू गोप्य कोठाहरूमा दिइन्छ, अरू कतै पनि होइन।

# अध्याय १४

# अभिषेक एक आवश्यकता

*" व्यक्तिगत प्रार्थनाले सेवामा ल्याउने एउटा ज्योतिमय आशिष् अवर्णनीय र अतुलनीय कुरा हो - त्योचाहिँ पवित्र जनबाटको अभिषेक। यदि हामीमा भएको अभिषेक सेनाहरूका परमप्रभुबाट आएको होइन भने हामी धोकेबाजी हौँ, किनकि प्रार्थनामा मात्र हामीले यसलाई प्राप्त गर्न सक्छौँ। प्रार्थनामा निरन्तर, दृढतापूर्वक उत्कट लागिरहौँ। जबसम्म स्वर्गीय शीतले तिम्रो ऊनलाई भिजाउँदैन, तबसम्म त्यो प्रार्थना भन्ने खलामा पडिरहोस्।" - चार्ल्स ह्याड्डन स्पर्जन*

वेस्लीका समयहरूका एक इसाई दार्शनिक अलेक्जेन्डर नक्सले, जो उहाँको अनुयायी होइन, तर अति घनिष्ठ मित्र र वेस्ली आन्दोलनप्रति धेरै आत्मिक सहानुभूति देखाउने व्यक्ति हुनुहुन्थ्यो, यसरी लेख्नुभयो: "यो अनौठो र दुःखलाग्दो कुरा हो, तर म साँच्ची नै यो तथ्यलाई विश्वास गर्छु, कि मेथोडिस्ट सम्प्रदाय र मेथोडिस्ट सेवकहरूको बिचमा बाहेक बेलायतमा रोचक प्रचारहरू त्यति धेरै छैन। पादरीहरूले पनि सामान्यतया यो कलालाई पूर्ण रूपमा गुमाएका छन्। मलाई लाग्छ, नैतिक संसारका महान् नियमहरूमा रसायनशास्त्रमा देखिने सम्बन्धहरू जसरी सही तरिकाले प्रचारिएको धार्मिक सत्य र मानव मनको गहिरो भावनाको बिच एक प्रकारको गोप्य सम्बन्ध छ। जहाँ एउटाको विधिवत् प्रदर्शन गरिन्छ, तब अर्कोले प्रतिक्रिया दिनेछ। के हाम्रो हृदय हामीभित्र-भित्रै जलेन र? - - तर यो भक्तिपूर्ण भावना प्रचारकमा पनि अपरिहार्य छ। अब म मेरो अवलोकनबाट बताउन बाध्य छु, कि यो अभिषेक सबै तुलना बाहिर बेलायतका मण्डलीहरूमा भन्दा अनधिकृत मेथोडिस्ट झुन्डहरूमा देखिने सम्भावना छ। वास्तवमा यो र यो मात्रै मेथोडिस्ट घरहरूले भर्ने र मण्डलीहरूलाई पातलो बनाउने कुराको रूपमा देखिन्छ। म साँच्चै (मेथोडिस्ट) अनुयायी होइन; म एउटा सबैभन्दा

इमानदार, मिलनसार बेलायतको आयरल्यान्ड मण्डलीको सेवक हुँ, बर्नेट र लेइटनको हेल र बोयल विद्यालयको एक विनम्र चेला हुँ। अब मैले यो उल्लेख गर्नै पर्छ, कि म दुई वर्ष अघि यो देशमा हुँदा मेरा महान् शिक्षकहरूले जसरी मलाई सिकाउन सक्ने एक जना प्रचारक पनि भेटिनँ, तर त्यस्ताहरूलाई मेथोडिस्ट भनिन्छ। र अब मलाई कुनै पनि अन्य भागहरूबाट सानो भन्दा सानो हृदयबाटको निर्देशन प्राप्त गर्छु भन्ने आशा छैन। मेथोडिस्ट प्रचारकहरूले (यद्यपि म तिनीहरूका सबै अभिव्यक्तिहरूलाई सधैँ अनुमोदन गर्दिनँ होला) साँच्ची नै यो साँचो र शुद्ध धर्मलाई फैलाउँदै छन्। मैले गएको आइतबार साँच्चै आनन्दको महसुस गरेँ। म साक्षी दिन सक्छु, कि प्रचारकले एकै चोटि सत्य र संयमताका शब्दहरू बोलेका थिए। त्यहाँ कुनै वाक्कौशल थिएन – इमानदार मानिसले कहिल्यै त्यस्ता कुराको सपना पनि देखेन, तर त्यहाँ अति उत्तम कुराहरू थिए: जिउँदो सत्यको सौहार्दपूर्ण सञ्चार। म जिउँदो भनी भन्छु, किनकि उनले अरूलाई के घोषणा गरे, त्यसमा उनी आफै जिइरहेका थिए भन्ने कुरालाई अनुभव नगर्नु असम्भव कुरा थियो।"

अभिषेक नै प्रचार गर्ने कला हो। प्रचारक, जसमा यो अभिषेक कहिल्यै थिएन, उनमा कहिल्यै प्रचार गर्ने कला थिएन। प्रचारक, जसले यो अभिषेकलाई गुमाउँछ, प्रचार गर्ने कलालाई गुमाउँछ। उनमा प्रवचन तयार पार्ने कला, वाक्कौशल, महान् स्पष्ट सोच्ने कला, श्रोताहरूलाई प्रसन्न पार्ने कलाजस्ता अरू जुनसुकै कला होस्, र त्यसलाई जोगाओस्, उनले स्वर्गीय प्रचार गर्ने कलालाई गुमाएको छ। अभिषेकले परमेश्वरको सत्यलाई शक्तिशाली र रोचक बनाउँछ, खिच्छ र आकर्षक बनाउँछ, भक्ति वृद्धि गर्छ, दोषी ठहराउँछ र उद्धार गर्छ।

अभिषेकले परमेश्वरको प्रकटित सत्यलाई जीवित तुल्याउँछ, जिउँदो र जीवन दिने बनाउँछ। अभिषेकविना बोलिएको परमेश्वरको सत्य पनि हल्का, मृत र बेकारको हुन्छ। सत्यले प्रशस्त भए तापनि, विचारले भरपुर भए तापनि, वाक्कौशलमा चम्के तापनि, तर्कमा सही भए तापनि, उत्कटतामा

शक्तिशाली भए तापनि स्वर्गीय यो अभिषेकविना यसको परिणाम मृत्यु हुनेछ, जीवन होइन। श्रीमान् स्पर्जन भन्नुहुन्छ, "मलाई अचम्म लाग्छ, कि हामीले अभिषेकको साथ प्रचार गर्नुको अर्थ के हो भनी स्पष्ट शब्दहरूमा बताउनको लागि कति समयसम्म आफ्नो दिमागलाई निचोरी रहन्छौँ, तापनि जसले प्रचार गर्छ उसलाई यसको उपस्थिति थाहा छ, र जसले सुन्छन्, र उसले चाँडै अनुपस्थितिलाई पत्ता लगाउँछन्। अनिकालमा परेको सामरिया यसको अभावमा गरेको भाषणको नमुना हो। यरूशलेमले उसको बोसे मज्जाले भरिएका चिजहरूको भोजको साथ अभिषेकले समृद्ध प्रवचनको प्रतिनिधित्व गर्छ। हरेक घाँसको पातमा शीतका मोतीहरू (थोपाहरू) प्रशस्त हुँदा बिहानको ताजापन कस्तो छ भनी सबैलाई थाहा हुन्छ, तर कसले यसलाई वर्णन गर्न सक्छ, आफै यो उत्पादन गर्नु झन् धेरै कम? आत्मिक अभिषेकको रहस्य त्यस्तै नै हो। हामीलाई थाहा छ, तर यो के हो भनी हामीले अरूलाई भन्न सक्दैनौँ। यसको नक्कल गर्नु मूर्खता जत्तिकै सजिलो छ। अभिषेक एउटा कुरा हो, जसलाई तपाईंले निर्माण गर्न सक्नुहुन्न, र यसका नक्कलहरू नालायक भन्दा खराब छन्। तापनि यो आफैमा बहुमूल्य छ, र बिनानाप आवश्यक छ – यदि तपाईंले विश्वासीहरूलाई भक्ति वृद्धि गराउनुहुन्छ र पापीहरूलाई ख्रीष्टमा ल्याउनुहुन्छ भने।"

## अध्याय १५

# अभिषेक साँचो सुसमाचार प्रचारको चिन्ह हो

*" अनन्तताको लागि बोल्नू, र सबैभन्दा माथि आफ्नो आत्मालाई विकास गर्नू। तिम्रो विवेक शुद्ध हुँदा र तिम्रो हृदय परमेश्वरको आत्माले भरपुर हुँदा तिमीले बोलेको एक शब्द अविश्वास र पापमा हुँदा बोलिएका दश हजार शब्दभन्दा मूल्यवान् छ। याद गर्नू, कि महिमा परमेश्वरको हुनुपर्छ, मानिसको होइन। संसारको प्रणाली भन्ने पर्दा हटाएको भए परमेश्वरका छोराछोरीहरूको प्रार्थनाको उत्तरस्वरूप कति गरिएको छ भनी हामीले थाहा पाउँथ्यौं।" - रबेर्ट मुर्रे मेक्चइन*

अभिषेक व्याख्या गर्न नसकिने र अवर्णनीय छ, जसलाई एउटा प्रख्यात स्कटल्यान्डको प्रचारकले यसरी वर्णन गर्नुहुन्छ: "कोही बेला प्रचारमा प्रवचन अथवा अभिव्यक्तिलाई श्रेय दिन नसकिने केही कुरा देखिन्छ, र त्यो के हो भनी वर्णन गर्न सकिँदैन, अथवा कहाँबाट आयो भनी भन्न सकिँदैन, तर यो परमेश्वरको वचनबाट तुरुन्तै आउँछ, र एउटा सुमधुर बलजफतीको साथ यसले छेडेर हृदय र भावनाभित्र पस्छ, र त्यस्ता कुरालाई प्राप्त गर्ने कुनै तरिका छ भने त्यो वक्ताको स्वर्गीय स्वभावद्वारा हो।"

हामीले यसलाई अभिषेक भन्छौं। यही अभिषेकले नै परमेश्वरको वचनलाई "जीवित र क्रियाशील र कुनै पनि दुईधारे तलवारभन्दा धारिलो, र प्राण र आत्मालाई त्यसका जोर्नी-जोर्नी र हाडको गुदीसम्मलाई भाग-भाग गरुन्जेल वारपार छेड्ने र हृदयका विचार र इच्छा जाँच्न सक्ने" बनाउँछ। यो यही नै अभिषेक हो, जसले प्रचारकका शब्दहरूलाई त्यस्तो तिखोपन, धारिलोपन र शक्ति दिन्छ, र जसले धेरै मरेका मण्डलीहरूमा घर्षण र हलचल सृजना गर्छ। त्यही सत्यहरू मानवको तेलले सकेसम्म नरम तुल्याएर अक्षरहरूको कठोरताले भनिएका छन्, तर त्यसमा जीवनको कुनै सङ्केत छैन, नाडीको एउटा धड्कन पनि छैन; चिहान र मृत्युजस्तै शान्तिपूर्ण। त्यही

प्रचारकले यसै बिचमा अभिषेकको बप्तिस्मा पाउँदछ, स्वर्गीय प्रभाव उनीमाथि आउँदछ, वचनका अक्षरहरू यस रहस्यमय शक्तिले सुशोभित र ज्वलन्त पारिन्छ, र जीवनको धड्कन सुरु हुन्छ -- [त्यो अभिषेकलाई] स्वीकार गर्ने जीवन अथवा इन्कार गर्ने जीवन। यो अभिषेक फैलिन्छ, र विवेकले दोषी ठहराउँछ, र हृदयलाई फुटाउँछ।

स्वर्गीय अभिषेक एउटा विशेषता हो, जसले साँचो सुसमाचार प्रचारलाई सत्यलाई प्रस्तुत गर्ने अन्य माध्यमहरूबाट अलग्याउँछ र छुट्याउँछ, र जसले यो भएको प्रचारक र नभएको प्रचारकको बिचमा फराकिलो आत्मिक खाडल सृजना गर्छ। यसले प्रकटित सत्यलाई परमेश्वरको पूर्ण शक्तिले थाम्छ, र भरपुर बनाउँछ। अभिषेक भनेको केवल परमेश्वरलाई उहाँका आफ्नै शब्दहरूमा उहाँका आफ्नै प्रचारकहरूद्वारा काम गर्न दिनु हो। शक्तिशाली र महान् प्रार्थनापूर्णता र निरन्तर प्रार्थनापूर्णताद्वारा, यही नै प्रचारकको सामर्थ्य र व्यक्तिगत कुरा हो, यसले प्रचारकलाई हृदयशक्ति दिँदछ, जुन दिमागी शक्तिभन्दा महान् छ, र त्यसद्वारा नरमता, शुद्धता, सामर्थ्य यी हृदयबाट बग्छन्। विशालता, स्वतन्त्रता, विचारको भरपूरी, सिधापन र बोलीको सरलता यी सबै अभिषेकका फलहरू हुन्।

अक्सर उत्सुकतालाई अभिषेक भनी गलत बुझिन्छ। जोसँग स्वर्गीय अभिषेक छ, ऊ स्वाभाविक रूपमा आत्मिक कुराहरूमा उत्सुक हुन्छ, तर थोरै पनि अभिषेकविना नै विशाल उत्सुकता हुन पनि सक्छ।

कुनै दृष्टिकोणबाट हेर्दाखेरि उत्सुकता र अभिषेक एउटै देख्न सकिन्छ। उत्सुकता सजिलै र पत्ता नलगाइ अभिषेकको सट्टामा प्रतिस्थापित हुन सक्छ, अथवा गलत बुझिन सक्छ। यसलाई छुट्याउनको लागि एउटा आत्मिक आँखा र एउटा आत्मिक स्वादको आवश्यक पर्छ।

उत्सुकता इमानदार, गम्भीर, उत्कट र लगनशील हुन सक्छ। यो राम्रो इच्छाको साथ कुनै कुरामा जान्छ, लगनशीलताका साथ त्यसलाई पछ्याउँछ,

र उत्साहका साथ आग्रह गर्छ; त्यस कुरामा शक्ति हालिदिन्छ। तर यी सबै शक्तिहरू केवल मानवीय भन्ने स्थानभन्दा माथि उठ्दैनन्। त्यसमा मानिस छन् – सम्पूर्ण मानिस, उसका सबै इच्छा र हृदय, दिमाग र प्रतिभा, योजना र काम र बोलीका साथ छन्। उसले आफूलाई नियन्त्रण गर्ने कुनै उद्देश्यको लागि आफूलाई अर्पण गर्छ, र त्यसमा निपुण हुन पछ्याइरहन्छ। त्यसमा परमेश्वरको केही पनि नहुन सक्छ। त्यसमा परमेश्वरका कुराहरू थोरै हुन सक्छ, किनभने त्यसमा मानिसका कुरा धेरै छन्। उसले आफ्नो गम्भीर उद्देश्यको पक्षमा वकालतद्वारा बिन्तीहरू प्रस्तुत गर्न सक्छ, जसले त्यसको महत्त्वको महसुसद्वारा सन्तुष्ट पार्छ अथवा छुवाइको अनुभव दिन्छ, र प्रभाव पार्छ अथवा विजय ल्याउँछ; र यी सबै कुरामा उत्सुकता केवल मानव शक्तिद्वारा मात्र प्रेरित भएर सांसारिक तरिकाले अगाडि बढ्न सक्छ, यसका वेदी सांसारिक हातहरूले बनाएको छ, र यसको आगो सांसारिक ज्वालाले सल्काएको छ। एउटा प्रख्यात वरदान भएको प्रचारकको बारेमा यसरी भनिएको छ, जसको धर्मशास्त्र व्याख्या आफ्नै कल्पना र आफ्नै उद्देश्यको लागि थियो, कि "उनी आफ्नै व्याख्यामा अति वाक्कौशल हुँदै गए।" यसैले मानिसहरू उनीहरूको आफ्नै योजना अथवा क्रियाहरूमा धेरै उत्सुक हुँदै जान्छन्। जगाएको स्वार्थीपन उत्सुकता हुन सक्छ।

अभिषेकको बारेमा चाहिँ? यो प्रचारमा व्याख्या गर्न नसकिने छ, र जसले नै प्रचार बनाउँदछ। यसले नै प्रचारलाई अन्य मानिसहरूको साधारण भाषणहरूबाट छुट्याउँछ, र अलग्याउँछ। यो ईश्वरत्व प्रचारमा देखिनु हो। यसले तिखोपनाको खाँचो भएकाहरूको लागि प्रचारलाई तिखो बनाउँछ। ताजापनाको खाँचो भएकाहरूको लागि यो शीतजस्तै पर्छ। यसलाई यसरी असल तरिकाले वर्णन गरिएको छ :

*“स्वर्गीय स्वभावको तिखोपना भएको दुईधारे तलवार,*
*जता हेर्‍यो, यसले बनाएका घाउहरू दुइटा थिए।*
*यो अशुद्धताको लागि मृत्यु थियो;*
*पापको लागि शोक गर्ने सबैको लागि जीवन थियो।*
*यसले कलहलाई जगायो, र शान्त पार्‍यो,*

*भित्र युद्ध र शान्ति ल्यायो।"*

अभिषेक प्रचारकमाथि अध्ययनमा होइन, तर गोप्य कोठामा आउँछ। यो प्रार्थनाको उत्तरस्वरूप आउने स्वर्गीय शीत हो। यो पवित्र आत्माको सुगन्धित सास हो। यसले गर्भाधान गर्छ, फैलिन्छ, नरम तुल्याउँछ, भित्र पस्छ, काट्छ र शान्त पार्छ। यसले वचनलाई विस्फोट हुने बमजस्तो, नुनजस्तो, चिनीजस्तो प्रस्तुत गर्छ; र वचनलाई शान्त पार्ने, व्यवस्थापन गर्ने, प्रकाश दिने र खोजतलास गर्नेको रूपमा बनाउँछ। श्रोतालाई दोषी अथवा सन्त बनाउँछ, उसलाई बच्चाजस्तै रुन र विशाल मानिसजस्तै जिउन लगाउँछ। उसको हृदय र पैसाको थैलीलाई नरम तरिकाले खोल्छ, यद्यपि वसन्त ऋतुले पातहरूलाई खोले जसरी बलियो रूपमा खोल्छ। अभिषेक बुद्धिजीवीहरूले पाउने पुरस्कार होइन। यो कक्षा कोठाहरूमा भेटिँदैन। कुनै पनि वाक्कौशलले अभिषेकलाई आकर्षण गर्न सक्दैन। कुनै पनि परिश्रमले यसलाई जित्न सक्दैन। कुनै पनि माथिल्लो तहले यसलाई प्रदान गर्न सक्दैन। यो परमेश्वरको इनाम हो – उहाँका दूतहरूको लागि भएको उहाँको छाप हो। यो छनोट गरिएका सच्चा र साहसीहरूलाई दिइने स्वर्गीय उपाधि हो, जसले यो अभिषिक्त सम्मानलाई धेरै घण्टाहरूको आँसुसहितको कुस्ती प्रार्थनाद्वारा खोजिएका थिए।

उत्सुकता असल र प्रभावशाली छ; प्रतिभा प्रतिभाशाली र महान् छ। विचार जगाउँछ, र प्रेरणा दिन्छ, तर पापको शाङ्लो तोड्न र परमेश्वरको लागि विमुख र भ्रष्ट हृदयहरूलाई जित्न, धाँदोहरूलाइ सुधार्न र मण्डलीलाई उसको आफ्नो पुरानो शुद्ध र सामर्थ्य बाटोमा पुनर्स्थापित गर्न उत्सुकता वा प्रतिभा वा विचारभन्दा बढी शक्तिशाली सामर्थ्य चाहिन्छ – यसको लागि स्वर्गीय दान चाहिन्छ। यो पवित्र अभिषेकले बाहेक अरू कुनै कुराले यो गर्न सक्दैन।

## अध्याय १६

# अभिषेकको मूल्य अधिक प्रार्थना

*" यदि अभिषेक छैन भने सेवकका सम्पूर्ण परिश्रमहरू व्यर्थ हुन्छन्, अथवा व्यर्थभन्दा पनि खराब। अभिषेक स्वर्गबाट ओर्लेर आउनुपर्छ, र उनको सेवकाइमा एउटा स्वाद र एउटा अनुभूति र एउटा आनन्द फैलाउनुपर्छ, र उनलाई आफ्नो कामको लागि योग्य तुल्याउने अरू माध्यमहरूमध्ये बाइबल धर्मशास्त्रले पहिलो स्थान पाउनुपर्छ, र अन्तिम स्थान पनि परमेश्वरको वचन र प्रार्थनालाई दिइनुपर्छ।" - रिचर्ड सिसिल*

इसाई प्रणालीमा अभिषेक चाहिँ पवित्र आत्माको अभिषेक हो, जसले परमेश्वरको कामको लागि अलग पार्छ र त्यसको लागि योग्य तुल्याउँछ। अभिषेक एउटा ईश्वरीय सक्षमता हो, जसद्वारा प्रचारकले प्रचारको अद्वितीय र उद्धार गर्ने उद्देश्यलाई पूरा गर्छ। यो अभिषेकविना साँचो आत्मिक परिणामहरू हासिल गरिँदैन। प्रचारका परिणामहरू र शक्तिहरू अपवित्र भाषणका परिणामहरूभन्दा माथि उठ्दैनन्। अभिषेकविना प्रचार पुलपिट जतिकै प्रभावकारी हुन्छ।

प्रचारकमाथि भएको स्वर्गीय अभिषेकले परमेश्वरको वचनद्वारा सुसमाचारबाट बग्ने आत्मिक परिणामहरू उत्पादन गर्छ; र यो अभिषेकविना यी परिणामहरूलाई सुनिश्चित गर्न सकिँदैन। धेरै रमाइला प्रभावहरू बनाउन सकिन्छ, तर यी सबै सुसमाचार प्रचारको परिणामभन्दा धेरै तल पर्छन्। यो अभिषेकलाई नक्कल गर्न सकिन्छ। योजस्तै देखिने धेरै कुराहरू छन्, र धेरै परिणामहरू छन्, जुन यसको प्रभावसँग मिल्दोजुल्दो छन्; तर ती सबै यसको परिणाम र यसको स्वभावको लागि विदेशी छन्। दयनीय वा भावनात्मक प्रवचनद्वारा उत्तेजित जोस वा कोमलता स्वर्गीय अभिषेकको छालजस्तो देख्न सक्छ, तर तिनीहरूमा तीक्ष्णता,  हृदय फोर्ने शक्ति छैन। यी

सतह, दयालाग्दो, भावनात्मक छालहरूमा कुनै हृदय निको पार्ने मलहम छैन। यी कट्टरपन्थी होइनन्, न त पापको खोजतलास, अथवा पाप निको पार्ने।

साँचो सुसमाचार प्रचारलाई अन्य शक्तिलाई प्रस्तुत गर्ने अरू तरिकाहरूबाट अलग पार्ने एउटा विशिष्ट विशेषता यो दिव्य अभिषेक हो। यसले परमेश्वरको सम्पूर्ण शक्तिको साथ प्रकटित सत्यलाई समर्थन गर्दछ, र त्यसभित्र फैलिएको छ। यसले वचनलाई उज्यालो पार्दछ, र बुद्धिलाई विशाल र समृद्ध बनाउँदछ, र त्यसलाई वचनलाई पक्रिन र बुझ्न सामर्थ्य दिँदछ। यसले प्रचारकको हृदयलाई योग्य बनाउँदछ, र त्यसलाई उच्च परिणामहरू हासिल गर्न आवश्यक पर्ने कोमल, शुद्ध, सामर्थ्य र प्रकाशमय स्थितिमा ल्याउँदछ। अभिषेकले प्रचारकलाई स्वतन्त्रता, र विचार र आत्माको विस्तार प्रदान गर्दछ – एक स्वतन्त्रता, पूर्णता र उच्चारणको प्रत्यक्षता दिँदछ, जुन अरू कुनै पनि प्रक्रियाबाट हासिल गर्न सकिँदैन। प्रचारकमाथि यो अभिषेकविना अन्य कुनै सत्यको प्रणालीहरूजस्तै नै सुसमाचारमा पनि आफैलाई फैलाउने कुनै शक्ति छैन। यो नै त्यसको स्वर्गीयपनको छाप हो। प्रचारकमा भएको अभिषेकले सुसमाचारमा परमेश्वरलाई हाल्दछ। अभिषेकविना सुसमाचारमा परमेश्वर अनुपस्थित हुनुहुन्छ, र मानिसहरूको चतुरता, रुचि अथवा प्रतिभाले त्यसको सिद्धान्तहरूलाई लागु गर्न र प्रकट गर्न उत्पादन गर्न सक्ने नीच र असन्तोषजनक शक्तिहरूमा सुसमाचार छोडिन्छ।

अन्य कुराहरूभन्दा यो कुरामा नै पुलपिट प्रायः असफल हुँदछ। यो सर्वमहत्त्वपूर्ण बिन्दुमा नै यो असफल हुन्छ। त्यसमा शिक्षा हुन सक्छ, प्रतिभा र वाक्पटुताले आनन्द र आकर्षण ल्याउन सक्छ, भावना वा कम आक्रमक तरिकाहरूले भीड ल्याउन सक्छ, दिमागी क्षमताले आफ्ना सबै स्रोतहरूको साथ प्रभाव पार्न र सत्यलाई लागु गर्न सक्छ, तर यो अभिषेकविना यी हरेक र सबै समुद्रको चट्टान विरुद्धको पानीको लगातारको आक्रमणजस्तो मात्र हुन्छ। पानीका छिट्काहरू र फिँजहरूले चट्टानहरूलाई टल्काउन र ढाक्न सक्छ, तर चट्टानहरू अझै अप्रभावित र असर पार्न नसकिने नै हुन्छन्। जसरी

समुद्रको निरन्तर छालले यी चट्टानहरूलाई बगाउन सक्दैन, त्यसरी नै मानिसको हृदयको कठोरपना र पापलाई यी मानवीय शक्तिहरूले बगाउन सक्दैन।

यो अभिषेक नै अर्पण गराउने शक्ति हो, र यसको उपस्थिति नै त्यो अर्पणको निरन्तर परीक्षण हो। प्रचारकमाथि भएको यो स्वर्गीय अभिषेकले नै परमेश्वर र उहाँको कामप्रतिको उसको अर्पणलाई सुनिश्चित गर्दै छ। अन्य शक्तिहरू र अभिप्रायहरूले उसलाई काममा बोलाउन सक्छ, तर यही (अभिषेक) नै साँचो अर्पण हो। पवित्र आत्माको शक्तिद्वारा परमेश्वरको कामको लागि अलग पारिनु नै परमेश्वरले स्वीकार गर्ने वैध अर्पण हो।

अभिषेक स्वर्गीय अभिषेक यही नै पुलपिटको आवश्यकता र हुनै पर्ने कुरा हो। परमेश्वरको हातद्वारा राखिएको यो दिव्य र स्वर्गीय तेलले पूर्ण मानिसलाई – हृदय, दिमाग र आत्मालाई – नरम र चिप्लो पार्न पर्छ, जबसम्म यसले उसलाई सबै पार्थिव, सांसारिक, स्वार्थी मनसाय र लक्ष्यहरूबाट शक्तिशाली रूपमा छुटाएर सबै प्रकारको पवित्र र ईश्वरीय कुराको लागि अलग पार्दैन।

प्रचारकमाथि भएको यो अभिषेकको उपस्थितिले नै धेरै वटा मण्डलीहरूमा हलचल र घर्षण सृजना गर्दछ। त्यही सत्यलाई अक्षरको कठोरतामा भनिएको छ, तर कुनै हलचल देखिएको छैन, कुनै पीडा वा धड्कनको महसुस भएको छैन। सबै कुरा चिहानजस्तै शान्त छन्। अर्को प्रचारक आउँछ, र यो रहस्यमय प्रभाव उसमाथि छ; शब्दको अक्षर पवित्र आत्माको शक्तिद्वारा बोलिएको छ, एक शक्तिशाली हलचलको महसुस गरिएको छ। विवेकभित्र पस्ने र जगाउने र हृदयलाई फुटाउने चाहिँ अभिषेक नै हो। अभिषेकविनाको प्रचारले सबै कुरालाई कट्टर, सुख्खा, खस्रो र मृत बनाउँछ।

यो अभिषेक एउटा सम्झना अथवा विगतको युग मात्र होइन; यो एक

वर्तमान, अनुभूत, महसुस गर्न सकिने तथ्य हो। यो मानिसको अनुभव साथसाथै उसको प्रचारसँग सम्बन्धित छ। यसले नै उसलाई उसको स्वर्गीय मालिकको स्वरूपमा रूपान्तरण गर्दछ, साथसाथै यसद्वारा नै उसले ख्रीष्टको सत्यलाई शक्तिको साथ घोषणा गर्दछ। सेवकाइमा यो नै यति शक्तिशाली छ, कि योविना अरू सबै कमजोर र व्यर्थ देखिन्छ, र यसको उपस्थितिले अन्य सबै र कमजोर शक्तिहरूको अनुपस्थितिको प्रायश्चित्त गर्न सक्छ।

यो अभिषेक एउटा गुमाउन नसकिने उपहार होइन। यो एक ससर्त उपहार हो, जुन प्रक्रियाद्वारा सुरुमा यो प्राप्त गरिएको थियो, त्यहीद्वारा यसको उपस्थितिको कायम र वृद्धि गरिन्छ। त्योचाहिँ परमेश्वरलाई चढाइने निरन्तर प्रार्थनाद्वारा, परमेश्वरप्रतिको उत्सुकताद्वारा, यसको महत्त्वको अनुमान गरेर, अथक उत्कटताका साथ यसको खोजी गरेर, यसविनाको अरू सबै थोकलाई हानि र असफल सम्झेर।

कसरी र कहाँबाट आउँछ यो अभिषेक? प्रार्थनाको उत्तरस्वरूप प्रत्यक्ष रूपमा परमेश्वरबाट आउँछ। प्रार्थना गर्ने हृदयहरू नै पवित्र तेलले भरिएका हृदयहरू हुन्; प्रार्थना गर्ने ओठहरू नै यो दिव्य अभिषेकले अभिषेक गरिएका ओठहरू हुन्।

प्रार्थना, धेरै प्रार्थना नै यो प्रचारको लागि आवश्यक पर्ने अभिषेकको मूल्य हो। प्रार्थना, धेरै प्रार्थना नै यो अभिषेकलाई कायम राख्न एक मात्र सर्त हो। निरन्तर प्रार्थनाविना प्रचारकले अभिषेक कहिल्यै पाउन सक्दैन। प्रार्थनामा लगनशीलता छैन भने बासी मन्नमा जसरी अभिषेकमा कीरा पर्छ।

# अध्याय १७
# प्रार्थना नै आत्मिक नेतृत्वको चिन्ह हो

*" मलाई एक सय जना प्रचारकहरू दिनुहोस्, जो पापबाहेक अरू केहीसँग डराउँदैनन्, र परमेश्वरबाहेक अरू केहीको इच्छा गर्दैनन्, र तिनीहरू सेवक होस्, वा साधारण मानिसहरू होस्, मलाई त्यसको एउटा पराल जतिको पनि मतलब छैन। त्यस्ताहरूले मात्रै नरकका ढोकाहरूलाई हल्लाउँछन्, र स्वर्गको राज्यलाई पृथ्वीमा स्थापना गर्छन्। परमेश्वरले प्रार्थनाको उत्तरस्वरूप बाहेक अरू केही गर्नुहुन्न।" - जोन वेस्ली*

प्रेरितहरूले आफ्नो सेवकाइको लागि प्रार्थनाको आवश्यकता र महत्त्व जान्थे। तिनीहरूले जान्थे, कि प्रेरितहरूको रूपमा उनीहरूको उच्च नियुक्तिले प्रार्थनाको आवश्यकताबाट तिनीहरूलाई छुटाउनुको सट्टामा तिनीहरूलाई त्यसको अझ जरुरी आवश्यकताद्वारा त्यसप्रति समर्पित गरायो, ताकि तिनीहरू अत्यन्तै डाही भए, नत्र अरू कुनै महत्त्वपूर्ण कामले तिनीहरूको समयलाई सिद्ध्याएर तिनीहरूले प्रार्थना गर्नुपर्ने तरिकाले प्रार्थना गर्नुबाट रोकिदिन्थ्यो। यसैले तिनीहरूले गरिबहरूलाई सघाउने भनिने संवेदनशील र व्यस्ततापूर्ण कामलाई हेरचाह गर्न साधारण मानिसहरूलाई नियुक्ति गरे, ताकि तिनीहरूले (प्रेरितहरू) "प्रार्थना र वचनको सेवकाइमा सम्पूर्ण समय दिन सकून्।" प्रार्थना पहिलो स्थानमा राखिएको छ, र प्रार्थनासँगको तिनीहरूको सम्बन्ध सबैभन्दा बलियो स्थानमा राखिएको छ – "आफ्नो सम्पूर्ण समय दिन सकोस्," प्रार्थना गर्नको लागि आफूहरूलाई समर्पण गरेर उत्कटता, उत्सुकता, लगनशीलता र समय दिएर त्यसलाई एउटा व्यवसाय जतिकै गम्भीर रूपमा लिए।

पवित्र प्रेरित मानिसहरूले यस प्रार्थना भनिने दिव्य काममा आफूहरूलाई कति समर्पण गरे! पावल भन्नुहुन्छ, "रातदिन जोसका साथ प्रार्थना गर्छौं।"

"हामी प्रार्थनामा निरन्तर आफूलाई दिन्छौँ" भन्ने नै प्रेरितीय समर्पणको सहमति थियो। यी नयाँ करारका प्रचारकहरूले परमेश्वरका जनहरूका लागि कति आफूलाई प्रार्थनामा अर्पण गरे। कसरी परमेश्वरलाई आफ्नो सर्वशक्तिसहित तिनीहरूको प्रार्थनाद्वारा तिनीहरूको मण्डलीमा ल्याए! यी पवित्र प्रेरितहरूले परमेश्वरको वचनलाई इमानदारीपूर्वक प्रचार गर्नेद्वारा आफ्नो उच्च र गम्भीर कर्तव्यलाई पूरा गर्‍याैँ भनी व्यर्थमा कल्पना गरेनन्, तर तिनीहरूको प्रार्थनाको उत्कटता र लगनशीलताद्वारा तिनीहरूको प्रचार सधैँ रहने र प्रभाव पार्नेको रूपमा बनाइयो। प्रेरितीय प्रार्थनाचाहिँ प्रेरितीय प्रचार जसरी नै परिश्रमशील, कठिन र अत्यन्त महत्त्वपूर्ण काम थियो। तिनीहरूले आफ्ना मानिसहरूलाई विश्वास र पवित्रताको उच्च क्षेत्रहरूमा ल्याउनको लागि शक्तिशाली रूपमा दिनरात प्रार्थना गरे। ती मानिसहरूलाई त्यही उच्च आत्मिक स्वभावमा राखिराख्नको लागि अझ शक्तिशाली रूपमा तिनीहरूले प्रार्थना गरे। ख्रीष्टको विद्यालयमा आफ्ना मानिसहरूको लागि अन्तर्विन्ती गर्ने भनिने उच्च र दिव्य कलालाई कहिल्यै नसिकेको प्रचारकले, प्रवचनको कलाको शिक्षा हजारौँ किलोमा उसमाथि खन्याए तापनि र ऊ प्रवचन बनाउनु र प्रचार गर्नुमा अति प्रतिभाशाली जेहनदार भए तापनि, कहिल्यै प्रचार गर्ने कलालाई सिक्नेछैनन्।

प्रेरितहरू र सन्त अगुवाहरूको प्रार्थनाले प्रेरित नभएकाहरूबाट सन्तहरू बनाउनुमा अति प्रभावशाली काम गर्छ। यदि पछिल्ला वर्षहरूमा मण्डलीका अगुवाहरूले आफ्ना मानिसहरूलाई प्रार्थना गर्नुमा प्रेरितहरूजस्तै विशेष र उत्कट भएको भए दुःखलाग्दो सांसारिकपनाका अन्धकारमय समयहरू र विश्वास–त्यागले इतिहासलाई बिगार्ने, र महिमालाई ढाक्ने र मण्डलीको प्रगतिलाई रोक्ने थिएन। प्रेरितीय प्रार्थनाले प्रेरितीय सन्तहरू बनाउँछ, र मण्डलीमा प्रेरितीय समयको पवित्रता र शक्तिलाई कायम राख्छ।

मानिसहरूको मध्यस्थकर्ता बन्नको लागि कस्तो प्राणको उच्च स्थान, कस्तो शुद्धता र उद्देश्यको महानता, कस्तो निःस्वार्थीपन, कस्तो आत्मबलिदान, कस्तो थकाउने परिश्रम, कस्तो आत्माको उत्कटता, कस्तो

दिव्य होसियारीको आवश्यक हुन्छ!

प्रचारकले आफूलाई आफ्ना मानिसहरूको लागि प्रार्थनामा दिनुपर्छ। उनीहरूले सिर्फ उद्धार पाउन् भनी होइन, तर शक्तिशाली रूपमा उद्धार पाउन् भनी हो। प्रेरितहरूले आफ्ना सन्तहरू परिपक्व हुन सकून् भनी आफूलाई प्रार्थनामा दिए। तिनीहरूले परमेश्वरका कुराहरूमा थोरै स्वाद पाउन् भनी होइन, तर तिनीहरू परमेश्वरको सम्पूर्ण पूर्णताले भरिपूर्ण हुन सकून भनी हो। पावलले यो परिणाम प्राप्त गर्नका लागि आफ्नो प्रेरितीय प्रचारमाथि मात्र निर्भर भएनन्, तर "यही कारणले उहाँ हाम्रा प्रभु येशू ख्रीष्टका पिताको सामु आफ्ना घुँडा टेक्नुभयो।" पावलका प्रचारले भन्दा पनि पावलको प्रार्थनाले पावलद्वारा उद्धार पाएकाहरूलाई सन्तपनाको राजमार्गमा अझ अगाडि बढायो। इपाफ्रासले कलस्सीमा भएका सन्तहरूलाई आफ्ना प्रचारद्वारा जतिकै अथवा झन् बढी आफ्नो प्रार्थनाद्वारा [भलाइ] गरे। उनले तिनीहरूको लागि प्रार्थनामा सधैँ उत्कटतासहित परिश्रम गरे, ताकि "परमेश्वरको सारा इच्छामा तिनीहरू सिद्ध र पूर्ण भएर उभिन सकून्।"

प्रचारकहरू मुख्य रूपमा परमेश्वरका अगुवाहरू हुन्। मण्डलीको अवस्थाको लागि मुख्यतः तिनीहरू जबाफदेही छन्। तिनीहरूले त्यसको गुणको आकार दिँदछन्, र त्यसको जीवनको आवाज र दिशा दिँदछन्।

हर प्रकारले धेरै कुराहरू यी अगुवाहरूमाथि नै निर्भर छ। तिनीहरूले समय र संस्थाहरूको आकार दिँदछन्। मण्डली दिव्य छ, त्यसले बढाउने धन स्वर्गीय छ, तर यसले मानवको छाप बोक्छ। त्यो धन माटोका भाँडाहरूमा छन्, र भाँडोको स्वाद त्यसमा हुन्छ। परमप्रभुको मण्डलीले अगुवाहरूलाई बनाउँछ, अथवा अगुवाहरूद्वारा बनिन्छ। चाहे यो तिनीहरूलाई बनाउँछ, अथवा तिनीहरूद्वारा बनाएको हुन्छ, त्यसका अगुवाहरू जस्ता छन् त्यस्तै हुनेछ; आत्मिक हुन्छ यदि तिनीहरू त्यस्ता छन् भने, सांसारिक हुन्छ यदि तिनीहरू त्यस्ता छन् भने, छ्यासमिसे हुन्छ यदि तिनीहरू त्यस्ता छन् भने। इस्राएलका राजाहरूले इस्राएलको धार्मिकतालाई चरित्र दिए। एउटा

मण्डलीले बिरलै आफ्ना अगुवाहरूको विरोधमा विद्रोह गर्छ, वा तिनीहरूको धर्मभन्दा माथि हुन्छ। आत्मिक अगुवाहरू, पवित्र शक्ति भएका पुरुषहरू नेतृत्वमा रहनु परमेश्वरको निगाहको बलियो चिन्ह हो; दुर्बल र सांसारिक अगुवाहरू नेतृत्वमा हुँदा विनाश र कमजोरीपनले पछ्याउँछ। जब परमेश्वरले ठिटाहरूलाई शासक तुल्याउनुभयो, र स–साना बालकहरूलाई तिनीहरूमाथि शासन गर्न दिनुभयो, इस्राएल तल गिरेको थियो। बच्चाहरूले परमेश्वरको इस्राएललाई दमन गर्दा र स्त्रीहरूले तिनीहरूमाथि शासन गर्दा अगमवक्ताहरूले कुनै पनि खुसीको अवस्थाको भविष्यवाणी गरेका छैनन्। आत्मिक अगुवापनका समयहरू नै मण्डलीको लागि महान् आत्मिक समृद्धिको समय हो।

बलियो आत्मिक अगुवापनका प्रख्यात विशेषताहरूमध्ये प्रार्थना एउटा हो। प्रार्थनामा शक्तिशाली भएका मानिसहरू शक्तिशाली र बनाउने मानिसहरू हुन्। परमेश्वरसँगको तिनीहरूको शक्ति विजयको कदम हो।

गोप्य कोठामा परमेश्वरबाट आफ्नो सन्देशलाई ताजा रूपमा प्राप्त नगर्ने एउटा मानिसले कसरी प्रचार गर्न सक्छ? परमेश्वरसँग गोप्य रूपमा समय बिताएर आफ्नो विश्वासलाई नजगाईकन, आफ्नो दृष्टिलाई सफा नपारीकन र आफ्नो हृदयलाई न्यानो नबनाईकन कसरी उसले प्रचार गर्न सक्छ? ती पुलपिटका ओठहरूलाई हाय, जसलाई गोप्य कोठाको आगोले छोएको छैन। तिनीहरू सधैँ सुख्खा र अभिषेकहीन रहनेछन्, र दिव्य सत्यहरू कहिल्यै ती ओठहरूबाट शक्तिसाथ आउनेछैनन्। जहाँसम्म धर्मको वास्तविक हितको मतलब हुन्छ, गोप्य कोठाविनाको पुलपिट सदाको लागि बाँझो रहने छ। एउटा प्रचारकले औपचारिक, रोचक अथवा शिक्षित तरिकाले प्रार्थनाविना नै प्रचार गर्न सकिन्छ, तर यस प्रकारको प्रचार र परमेश्वरका बहुमूल्य बिउहरूलाई पवित्र हातहरूले प्रार्थनापूर्ण विलाप गर्ने हृदयहरूसहित रोप्नुको बिचमा अमापनीय दूर छ। प्रार्थनाहीन सेवकाइ सबै परमेश्वरको सत्य र परमेश्वरको मण्डलीको लागि मृत्यु संस्कार गर्ने सेवकाइ हो। ऊसँग अति महँगो मुर्दा–बाकस होला, र अति सुन्दर फूलहरू होला, तर आकर्षक

प्रदर्शनको बाबजुत पनि त्यो एउटा मृत्यु संस्कार हो। एउटा प्रार्थनाहीन इसाईले कहिल्यै परमेश्वरको सत्यलाई सिक्नेछैनन्; एउटा प्रार्थनाहीन सेवकाइले कहिल्यै परमेश्वरको सत्यलाई सिकाउन सक्नेछैन। युगौँहरूको महिमा प्रार्थनाहीन मण्डलीहरूले गर्दा गुमेको छ। प्रार्थनाहीन मण्डलीहरूले गर्दा हाम्रो प्रभुको आगमन अनिश्चित समयको लागि पछाडि सारिएको छ। प्रार्थनाहीन मण्डलीहरूमा हुने मरेका आराधना सेवाको उपस्थितिमा नरकले आफूलाई विशाल बनाएको छ, र आफ्ना भयानक खाडलहरूलाई भरेको छ।

उत्तम महान् भेटीचाहिँ प्रार्थनाको भेटी हो। बीसौँ शताब्दीका प्रचारकहरूले प्रार्थनाको पाठलाई राम्रो गरी सिके, र प्रार्थनाको शक्तिलाई पूर्ण रूपमा प्रयोग गरे भने यस शताब्दीको अन्त हुनु अगि सहस्राब्दी मध्यान्हमा आइपुग्ने छ। "निरन्तर प्रार्थना गरिरहो" भन्नु नै बीसौँ शताब्दीका प्रचारकहरूलाई तुरहीको आवाज हो। यदि बीसौँ शताब्दीले आफ्ना वचनहरू, आफ्ना विचारहरू, आफ्ना शब्दहरू र आफ्ना प्रवचनहरू गोप्य कोठामा पाउने हो भने आउने शताब्दीले नयाँ स्वर्ग र नयाँ पृथ्वीलाई देख्नेछ। पुरानो पापको दाग लागेको र पापको ग्रहण लागेको स्वर्ग र पृथ्वी प्रार्थनापूर्ण सेवकाइको शक्तिले हटेर जानेछ।

www.tognision.com

## अध्याय १८

# प्रचारकहरूलाई मानिसहरूको प्रार्थना चाहिन्छ

*" यदि आफ्ना सेवकहरूको गुनासो गरिरहेका केही इसाईहरूले मानिसहरूको अगि कम बोलेका र प्रकट गरेका थिए भने र आफ्ना सेवकहरूको लागि परमेश्वरलाई पुकार्न आफ्नो सम्पूर्ण शक्ति लगाएका थिए भने र आफ्नो विनम्र, उत्कट र निरन्तर प्रार्थनाहरूको साथ उठेर स्वर्गलाई घेरेका थिए भने तिनीहरू (सेवकहरू) अझ बढी सफलताको बाटोमा हुन्थे।" - जोनाथन एड्वर्ड्स*

कसै गरी प्रचारकहरूको लागि विशेष रूपमा प्रार्थना गर्ने अभ्यास अप्रयोगमा परेको छ, वा छोडिएको छ। यस अभ्यासलाई सेवकाइको असक्षमताको सार्वजनिक घोषणाको रूपमा मान्दा, यो अभ्यास सेवकाइलाई होच्याउने अभ्यास हो भनी दोषी ठहराइएको कहिलेकाहीँ हामीले सुनेका छौँ। यसले शिक्षा र आत्मनिर्भरताको गर्वलाई अपमान गर्छ। हुन सक्छ, यस्ता कुराहरूलाई अस्तित्वमा रहन दिने दयनीय अवस्थामा भएको सेवकाइमा यी कुराहरूलाई अपमान गर्नुपर्छ, र हप्काउनुपर्छ।

www.tegmission.com

प्रचारकको लागि प्रार्थना उनको पेसाको कर्तव्य होइन, एउटा सौभाग्य हो, तर त्यो एउटा आवश्यकता हो। प्रचारकको लागि प्रार्थनाभन्दा हावा फोक्सोको लागि बढी आवश्यक छैन। प्रचारकलाई प्रार्थना गर्नु पूर्ण रूपमा आवश्यक छ। प्रचारकको लागि प्रार्थना गर्नु पूर्ण रूपमा आवश्यक छ। यी दुई प्रस्तावहरू विवाहमा एक भएका छन्, जसको बिचमा कुनै सम्बन्धविच्छेद थाहा हुनुहुँदैन: प्रचारकले प्रार्थना गर्नै पर्छ; प्रचारकको लागि प्रार्थना गरिनै पर्छ। भययोग्य जिम्मेवारीहरूलाई पूरा गर्न र विशाल र साँचो सफलता उनको काममा हासिल गर्न उनले गर्न सक्ने सबै प्रार्थना र उनको लागि गर्न लगाउन सक्ने सबै प्रार्थनाको आवश्यक पर्छ। साँचो प्रचारकले आफूमा प्रार्थनाको आत्मा र बानी विकास गर्नुको साथ उत्कटतासहित

परमेश्वरका जनहरूको प्रार्थनाको लागि ठुलो अपेक्षाको साथ अपेक्षा गर्छन्।

एउटा मानिस जति पवित्र छ उति नै प्रार्थनाको महत्त्वको अनुमान गर्छ। प्रार्थना गर्नेहरूलाई परमेश्वरले आफूलाई दिनुहुन्छ, र प्राणलाई परमेश्वरको प्रकाशको नाप प्राणको परमेश्वरप्रतिको तिर्सनासहितको खुरन्धार प्रार्थनाको नाप हो भनेर उनले स्पष्ट देख्छ। मुक्तिले प्रार्थनाहीन हृदयमा आइपुग्ने बाटो कहिल्यै फेला पार्दैन। प्रार्थनाहीन आत्मामा पवित्र आत्मा कहिल्यै रहनुहुन्न। प्रार्थनाहीन प्राणमा प्रचारले कहिल्यै भक्ति वृद्धि ल्याउँदैन। प्रार्थनाहीन इसाईहरूको बारेमा ख्रीष्टलाई केही थाहा छैन। प्रार्थनाहीन प्रचारकले सुसमाचारलाई प्रस्तुत गर्न सक्दैन। वरदानहरू, प्रतिभाहरू, शिक्षा, वाक्कौशल, परमेश्वरको बोलावट यी कुराहरूले प्रार्थनाको मागलाई घटाउन सक्दैन, तर केवल प्रचारकले प्रार्थना गर्नु र प्रचारकको लागि प्रार्थना गरिनुको आवश्यकतालाई तीव्र बनाउँछ। आफ्नो कामको प्रकृति, जिम्मेवारी र कठिनाइहरूमा प्रचारकको आँखा जति बढी खुल्छ त्यति बढी उसले प्रार्थनाको आवश्यकतालाई देख्नेछ, र यदि उनी साँचो प्रचारक छन् भने त्यति नै बढी उनले प्रार्थनाको आवश्यकतालाई महसुस गर्छ – व्यक्तिगत रूपमा आफ्नो प्रार्थनालाई बढाउनुमा मात्र नभएर तर अरूलाई उनीहरूको प्रार्थनाद्वारा आफूलाई मदत गर्नुमा पनि।

पावल यसको एउटा उदाहरण हो। यदि कोही मानिसले व्यक्तिगत बलद्वारा, मस्तिष्क शक्तिद्वारा, संस्कृतिद्वारा, व्यक्तिगत अनुग्रहद्वारा, परमेश्वरको प्रेरितीय आज्ञाद्वारा र परमेश्वरको असाधारण बोलावटद्वारा सुसमाचारलाई प्रस्तुत गर्न सक्छ भने त्यो मानिस पावल थिए। प्रचारक आफूलाई प्रार्थनामा दिएको मानिस हुनुपर्छ। यस कुरामा पावल एक प्रख्यात उदाहरण हो। साँचो प्रेरितीय प्रचारकले आफ्नो सेवकाइलाई पूर्ण सफलतामा पुऱ्याउनको लागि असल मानिसहरूको प्रार्थना पाउनुपर्छ, पावल यस कुराको लागि एउटा सर्वश्रेष्ठ उदाहरण हो। तिनी सबै परमेश्वरका सन्तहरूको सहायताको माग गर्छन्, चाहना गर्छन्, र उत्सुकतासाथ बिन्ती गर्छन्। तिनलाई थाहा थियो, कि आत्मिक संसारमा पनि अरू क्षेत्रहरूजस्तै एकतामा शक्ति

छ; कि विश्वास, इच्छा र प्रार्थनाको एकाग्रता र एकीकरणले आत्मिक शक्तिको मात्रा त्यो आफ्नो शक्तिमा बलियो र अजित नबनुन्जेल बढायो। प्रार्थनाका मात्राहरूले, पानीका थोपाहरूजस्तै मिलेर समुद्र बनाउँछ, जसले प्रतिरोधलाई अस्वीकार गर्छ। यसैले पावल आत्मिक संसारका क्रियाहरूको आफ्नो स्पष्ट र पूर्ण ज्ञानसहित छरिएको प्रार्थनाका मात्राहरूलाई जम्मा गरेर र त्यसलाई आफ्नो सेवकाइमा खन्याएर आफ्नो सेवकाइलाई प्रभावशाली, अनन्त रहने र अजित समुद्रजस्तो बनाउने सङ्कल्पमा थिए। पावलका परिश्रम र परिणामहरूमा भएको सर्वश्रेष्ठताको कारण, र मण्डली र संसारमाथि परेको प्रभाव उनले आफ्नो लागि र आफ्नो सेवकाइको लागि अरूभन्दा बढी प्रार्थना प्राप्त गर्न सफल भए भन्ने कुरामा भेटिँदैन होला त? रोममा भएका आफ्ना भाइहरूलाई उनले लेखे: "भाइ हो, हाम्रा प्रभु येशू ख्रीष्ट र पवित्र आत्माको प्रेमद्वारा मेरो निम्ति परमेश्वरसँग प्रार्थना गर्न मसँग घोर प्रयत्न गर भनी म तिमीहरूलाई आग्रहपूर्वक बिन्ती गर्दछु।" एफिसीहरूलाई लेखे: "सारा प्रार्थना र निवेदनसाथ सब समय पवित्र आत्मामा प्रार्थना गर। यस उद्देश्यले लगनशील र सतर्क भएर सबै सन्तहरूका निम्ति प्रार्थना गरिरहो। मेरो निम्ति पनि प्रार्थना गर, कि जब म आफ्नो मुख खोल्छु तब मलाई वचन दिइओस्, र म निर्भयतासाथ सुसमाचारको रहस्य घोषणा गर्न सकूँ।" कलस्सीहरूलाई उनले जोड दिएर भने: "हाम्रा निम्ति पनि प्रार्थना गर, ताकि ख्रीष्टको त्यो रहस्य प्रचार गर्नलाई परमेश्वरले हामीलाई वचनको निम्ति एउटा ढोका खोलिदेउन्, जसको निम्ति म थुनामा परेको छु, र मैले बोल्नुपर्ने वचन खुलस्त पार्न सकूँ।" थेसलोनिकीहरूलाई तिनले कडा रूपमा भने: "भाइ हो, हाम्रा निम्ति प्रार्थना गर।" पावलले कोरिन्थीको मण्डलीलाई आफूलाई सहायता गर्न यसरी भन्छन्: "तिमीहरूले पनि प्रार्थनाद्वारा हामीलाई सहायता गर्नै पर्छ।" यो तिनीहरूको कामको एक हिस्सा थियो। तिनीहरूले प्रार्थनाको सहयोगी हात दिनु परेको थियो। उनले थप र समापन आदेशको रूपमा थेसलोनिकी मण्डलीलाई तिनीहरूको प्रार्थनाको महत्त्व र आवश्यकताको बारेमा यसरी भन्छन्: "अन्त्यमा भाइ हो, हाम्रा निम्ति प्रार्थना गर, ताकि प्रभुको वचन शीघ्रतासाथ फैलिओस् र विजयी होस्, जसरी तिमीहरूका माझमा भएको पनि थियो, र भ्रष्ट र दुष्ट

मानिसहरूबाट हामी छुटकारा पाउन सकौं।" उनले फिलिप्पीहरूलाई प्रभावित गर्छन्, कि उनका सबै परीक्षाहरू र विरोधहरू उनका लागि तिनीहरूले गर्ने प्रार्थनाको प्रभावकारिताद्वारा सुसमाचार फैलाउनको लागि माध्यमको रूपमा बनाइन सक्छ। फिलेमोनले तिनको लागि एउटा वासस्थान तयार गर्नुपर्थ्यो, किनकि फिलेमोनको प्रार्थनाद्वारा पावल तिनको पाहुना बन्ने थिए।

यस कुरामा पावलको मनोवृद्धिले उहाँको नम्रता र सुसमाचार प्रस्तुत गर्ने आत्मिक शक्तिहरूमा भएको उनको गहिरो अन्तर्दृष्टिलाई चित्रण गर्दछ। योभन्दा अझ बढी यसले सधैँको लागि पाठ सिकाउँदछ, कि यदि पावल आफ्नो सेवकाइको सफलताको लागि परमेश्वरका सन्तहरूको प्रार्थनामाथि यति निर्भर थिए भने आजको सेवकाइको लागि परमेश्वरका सन्तहरूको प्रार्थनामा केन्द्रित हुनुको आवश्यकता कति ठुलो होला!

प्रार्थनाको लागि गरिने यो उत्कट बिन्ती आफ्नो मर्यादालाई घटाउने, प्रभावलाई घटाउने अथवा भक्तिलाई ओछ्याउनेको रूपमा पावलले महसुस गरेनन्। त्यस्तो गरे पनि के भयो त? मर्यादा जाओस्, प्रभाव नष्ट होस्, इज्जत कलङ्कित होस् – उनले तिनीहरूको प्रार्थना पाउनै पर्थ्यो। प्रमुख प्रेरितको रूपमा बोलावट पाएर  नियुक्ति गरिएर त्यसरी नै चिनिएको उनका सबै उपायहरू उनका मानिसहरूको प्रार्थनाविना असक्षम थिए। उनले आफ्नो लागि प्रार्थना गर्न आग्रह गर्दै सबैतिर चिठी लेखे। के तपाईं आफ्नो प्रचारकको लागि प्रार्थना गर्नुहुन्छ? के तपाईं गोप्य रूपमा उनको लागि प्रार्थना गर्नुहुन्छ? सार्वजनिक प्रार्थनाहरू थोरै मूल्यवान् हुन्छन्, जबसम्म ती व्यक्तिगत प्रार्थनामा स्थापित भएको अथवा पछ्याएको हुँदैन। प्रचारकको लागि प्रार्थना गर्नेहरू उनको लागि हारून र हुर मोशाको लागि भएजस्तै हुन्छन्। तिनीहरूले उनको हातलाई उठाइराख्छन्, र उनीहरूको वरिपरि यति भयङ्कर रूपमा भइरहेको विषयको फैसला गर्छन्।

प्रेरितहरूको बिन्ती र उद्देश्य मण्डलीलाई प्रार्थना गर्न लगाउनु थियो। उनीहरूले खुसीसाथ दिने अनुग्रहलाई बेवास्ता गरेनन्। धार्मिक गतिविधि र

कामले आत्मिक जीवनमा पाउने ठाउँबारे उनीहरू अनभिज्ञ थिएनन्; तर यीमध्ये एक न त सबैलाई प्रेरितहरूको अनुमान वा महत्त्वको मूल्याङ्कनअनुसार प्रार्थनाको आवश्यकता र महत्त्वसँग तुलना गर्न सकिन्छ। प्रार्थनाको सबै महत्त्वपूर्ण दायित्व र आवश्यकता लागु गर्न अति पवित्र र महत्त्वपूर्ण बिन्तीहरू प्रयोग भए, अति उत्कट अर्तीहरू, अति व्यापक र उत्तेजित पार्ने शब्दहरू उच्चारण गरिए।

"सबै ठाउँका सन्तहरूलाई प्रार्थना गर्न लगाउनु" नै प्रेरितीय प्रयासको बोझ र प्रेरितीय सफलताको मुख्य माध्यम थियो। येशू ख्रीष्टले आफ्नो व्यक्तिगत सेवकाइको समयमा यो गर्न कोसिस गर्नुभयो। पृथ्वीको पाकिसकेका फसलहरू खेतालाहरूको अभावले नष्ट भइरहेको देखेर उहाँ असीम दयाले भरिनुभयो, र आफ्नै प्रार्थनालाई बिचमा रोकेर उहाँले आफ्ना चेलाहरूको मूर्ख संवेदनालाई प्रार्थनाप्रति जगाउन कोसिस गर्दै उहाँले यसरी तिनीहरूलाई आदेश दिनुभयो: "यसकारण फसलका प्रभुलाई प्रार्थना गर, र उहाँले आफ्नो फसलमा खेतालाहरू पठाइदेउन्," र "तिनीहरू सधैँ प्रार्थना गरिरहून् र निराश नहोऊन् भन्ने हेतुले उहाँले तिनीहरूलाई एउटा दृष्टान्त भन्नुभयो।"

### अध्याय १९

# प्रार्थनाबाट ठुलो परिणाम प्राप्त गर्न हतारबिनाको लगनशीलता चाहिन्छ

*" यो सदा रहने कामको व्यस्तता र सङ्गतले मेरो शरीरलाई नभए पनि प्राणलाई नाश पार्दछ। बढी एकान्त र बिहानका समयहरू! मलाई शङ्का छ, कि मैले व्यक्तिगत भक्ति, धार्मिक ध्यान र धर्मशास्त्र अध्ययनजस्ता धार्मिक कार्यहरूको लागि स्वाभाविक रूपमा अति थोरै समय छुट्याउने गरिरहेको छु। यसैले म दुब्लो र चिसो र कडा छु। मैले दैनिक दुई घण्टा वा डेढ घण्टा छुट्याउने गरेको भए हुन्थ्यो। म राति धेरै ढिलोसम्म बिउँझिरहन्छु, त्यसैले बिहान हतारसहितको आधा घण्टा मात्र मेरो लागि हुन्छ। निस्सन्देह सबै असल मानिसहरूको अनुभवले यो प्रस्तावलाई पुष्टि गर्दछ, कि उचित नापको व्यक्तिगत भक्तिको समयविना प्राण दुब्लाउने छ। तर सबै कुरा प्रार्थनाद्वारा गर्न सकिन्छ - सर्वशक्तिशाली प्रार्थना, म यो भन्न तयार छु - र किन हुँदैन? किनभने प्रेम र सत्यका परमेश्वरको अनुग्रही नियुक्तिद्वारा मात्रै त्यो सर्वशक्तिशाली भएको छ। त्यसो भए प्रार्थना गर्नू, प्रार्थना गर्नू, प्रार्थना गर्नू!" - विलियम विल्बेफोर्स*

हाम्रो भक्तिको मापन घडीको आधारमा गरिँदैन, तर समय त्यसको लागि अत्यावश्यक कुरा हो। पर्खिरहनु र लागिरहनु भन्नेको क्षमता आधारभूत रूपमा परमेश्वरसँगको हाम्रो सम्बन्धसँग सम्बन्धित छ। हतार गर्नु, जुनचाहिँ जता पनि असुहाउँदो र हानिकारक हुन्छ, परमेश्वरसँगको सम्बन्ध भन्ने महान् काममा विशेष रूपमा चिन्ताजनक कुरा हो। छोटो अवधिको भक्ति गहिरो भक्तिको लागि विनाश हो। स्थिरता, समझशक्ति र बल यी कहिल्यै हतारका साथीहरू होइनन्। छोटो भक्तिले आत्मिक शक्ति घटाउँछ, आत्मिक प्रगति बन्द गर्छ, आत्मिक जग नष्ट पार्छ, आत्मिक जीवनको जरा र मौलाइ सुकाउँछ। यिनै कुराहरू विश्वासत्याग प्रशस्त रूपमा उत्पादन गर्ने मूलहरू

हुन्, सतही भक्तिको निश्चित सङ्केत; यसले झुक्याउँछ, सुकाउँछ, बिउलाई कुहिन लगाउँछ र माटोलाई कमजोर बनाउँछ।

यो सत्य हो, कि बाइबलका प्रार्थनाहरू शब्द र छपाइमा छोटा छन्, तर बाइबलका प्रार्थना गर्ने मानिसहरूले घण्टौँको मिठो र पवित्र कुस्तीका समयहरू परमेश्वरसँग बिताएका थिए। तिनीहरूले छोटा शब्दहरूद्वारा तर लामो पर्खाइद्वारा विजय प्राप्त गरे। मोशाले लेखेका प्रार्थनाहरू छोटा हुन सक्छन्, तर मोशाले उपवास र शक्तिशाली क्रन्दनहरूसहित चालिस दिन र रातहरू परमेश्वरलाई प्रार्थना गरे।

एलियाका प्रार्थनाहरूलाई केही छोटा अनुच्छेदहरूमा सङ्कुचित गर्न सकिन्छ, तर निस्सन्देह एलियाले आश्वस्त साहसको साथ आहाबलाई, "मेरो वचनविना आगामी केही वर्षहरूभरि न त शीत पर्नेछ न केही पानी पर्नेछ" भनी भन्नुभन्दा अगि धेरै घण्टौँहरूको तीव्र सङ्घर्ष र उच्च बातचितका समयहरू परमेश्वरसित बिताए। पावलको प्रार्थनाको मौखिक सङ्क्षेप छोटो छ, तर पावल "दिनरात जोसका साथ प्रार्थना गरे।" "प्रभुको प्रार्थना" शिशुको ओठको लागि स्वर्गीय सङ्क्षेप हो, तर प्रौढ ख्रीष्ट येशूले आफ्नो काम गर्नुभन्दा अघि धेरै पल्ट रातभरि प्रार्थना गर्नुभयो; र उहाँको रातभरिको र लामो समयसम्मको भक्तिले उहाँको काममा पूर्णता र सिद्धता ल्यायो, र उहाँको गुणको ईश्वरत्वको पूर्णता र महिमा ल्यायो।

आत्मिक काम कठोर परिश्रम आवश्यक पर्ने काम हो, र मानिसहरू यो गर्न घृणा गर्छन्। प्रार्थना, साँचो प्रार्थनाको लागि गम्भीर ध्यान र समयको खर्च हुन्छ, जसमा मासु र रगतले स्वाद लिँदैन। थोरै व्यक्तिहरू यति बलियो रूपमा बनेका हुन्छन्, कि तिनीहरूले महँगो खर्च गर्नेछन्, जबकि सतही कामले पनि बजारमा स्वीकृति पाउनेछ। हामीलाई राम्रो देखुन्जेल हामीले आफैलाई हाम्रो भिखारी प्रार्थनामा बानी बसाल्न सक्छौँ, कम्तिमा यसले एउटा सभ्य रूप राख्छ र विवेकलाई शान्त पार्छ – अफिमको सबैभन्दा घातक अफिम! हामीले हाम्रो प्रार्थनालाई बेवास्ता गर्न सकिन्छ र जग

नसिद्धिएसम्म खतराको महसुस नगर्न सकिन्छ। हतारको भक्तिले कमजोर विश्वास, कमजोर दोषको महसुस र शङ्कास्पद भक्ति ल्याउँछ। परमेश्वरसँग थोरै समय बिताउनु परमेश्वरको लागि थोरै हुनु हो। प्रार्थनालाई छोटो बनाउनाले सम्पूर्ण धार्मिक चरित्रलाई छोटो, अभावपूर्ण, कन्जुस र लापर्बाही बनाउँछ।

आत्मामा परमेश्वरको पूर्ण प्रवाहको लागि समय लाग्छ। छोटो भक्तिले परमेश्वरको पूर्ण प्रवाहको नलीलाई काटिदिन्छ। परमेश्वरको पूर्ण प्रकाश पाउनको लागि गोप्य ठाउँहरूमा धेरै समय बिताउन आवश्यक हुन्छ। छोटो समय र हतारले (परमेश्वरको चित्र) चित्रलाई बिगार्छ।

हेन्री मार्टिनले विलाप गरे, कि लगातारको प्रवचन तयारीले भएको व्यक्तिगत अध्ययनको अभाव र छोटो प्रार्थनाले परमेश्वर र उनको प्राणको बिचको सम्बन्धलाई धेरै बिरानो बनाएको छ। उहाँले फैसला गर्नुभयो, कि उहाँले साझा सेवाको लागि अति धेरै समय र परमेश्वरसँगको गोप्य सम्बन्धलाई अति थोरै समय अर्पण गर्नुभयो। यसैले उपवास र प्रार्थनाको लागि समय छुट्याउनुमा उहाँ धेरै प्रभावित हुनुहुन्थ्यो। परिणामस्वरूप उहाँले लेख्नुभयो: "आज बिहान दुई घण्टा प्रार्थना गर्नको लागि सहायता पाएँ।" राजाहरूका साथी भएको विलियम विल्बेर्फोर्सले यसरी भन्नुभयो: "मैले व्यक्तिगत भक्तिको लागि थप समय सुरक्षित गर्नुपर्छ। मेरो सार्वजनिक जीवन मेरो लागि धेरै भयो। व्यक्तिगत भक्तिलाई छोट्याउनाले प्राण भोकाउँछ; त्यो दुब्लो र कमजोर हुँदै जान्छ। म धेरै ढिलोसम्म बिउँझिरहन्छु।" संसद्मा भएको एउटा असफलताको बारेमा उहाँ यसरी भन्नुहुन्छ: "मैले मेरो दुःख र सरमलाई लेखिराखूँ, र सबै सायद मेरो व्यक्तिगत भक्ति छोट्याएकोले हुन सक्छ, परमेश्वरले मलाई ठेस खान दिनुभयो।" धेरै एकान्त र बिहानीका समयहरू नै उहाँको उपाय भयो।

प्रार्थनाको लागि दिएको धेरै घण्टाहरू र बिहानीका समयहरूले सडिएको आत्मिक जीवनलाई पुनर्जीवित गर्न र बलियो बनाउन जादुजस्तै काम गर्छ।

प्रार्थनाको लागि दिएको धेरै घण्टाहरू र बिहानीका समयहरू पवित्र जीवनको रूपमा प्रकट हुन्छ। यदि हाम्रो भक्तिको समय नछोट्याएको र हतार नभएको भए पवित्र जीवन यति दुर्लभ वा यति गाह्रो कुरा हुनेछैन। यदि हाम्रो गोप्य कोठाका समयहरू लामो र तीव्र भएको भए ख्रीष्टको मिठो र भावविहीन सुगन्धसहितको स्वभाव पराई र आशाहीन सम्पदाको रूपमा हुने थिएन। हामी जीर्ण जीवन जिउँदै छु, किनभने हामी अल्प प्रार्थना गर्छौं। गोप्य कोठामा भोज गर्न बिताउने प्रशस्त समयले हाम्रो जीवनमा मासी र बोसोपन ल्याउँछ। गोप्य कोठामा परमेश्वरसँग रहन सक्नुमा भएको हाम्रो क्षमताले गोप्य कोठा बाहिर परमेश्वरसँग रहन सक्नुमा भएको हाम्रो क्षमतालाई मापन गर्दछ। आत्तुरीसहितको गोप्य कोठाको भ्रमण झुक्याउने र कर्तव्यबाट चुक्नु हो। हामी ती कुराहरूले भ्रममा मात्र परेका छैनौँ, तर हामी ती कुराहरूले धेरै तरिकामा हारेका छौँ, र धेरै प्रशस्त पैतृक सम्पत्तिहरूलाई गुमाएका छौँ। गोप्य कोठामा पर्खिरहनाले निर्देशन दिन्छ र जित्छ। हामीलाई यसबाट सिकाएको छ, र महान् विजयहरू प्रायः महान् पर्खाइहरूका परिणामहरू हुन् – – शब्दहरू र योजनाहरू सिद्धिने बेलासम्म पर्खिनु र निःशब्द र शान्त पर्खाइले मुकुट ल्याउँछ। येशू ख्रीष्टले निश्चयात्मक तरिकामा प्रश्न गर्नुभयो: “के परमेश्वरले उहाँलाई रातदिन पुकार्ने आफ्ना चुनिएकाहरूको न्याय गरिदिनुहुन्न र?”

हामीले गर्न सक्ने महान् कुरा नै प्रार्थना गर्नु हो, र त्यसलाई असल तरिकाले गर्न शान्तता, समय र हतारबिनाको लगनशीलता हुनुपर्छ; नत्र त्यो सबैभन्दा सानो र अल्प चिजको रूपमा परिणत हुन्छ। साँचो प्रार्थनामा भलाइको लागि परिणाम ठुलो छ, र कमजोर प्रार्थनामा न्यूनतम। हामीले अति धेरै साँचो प्रार्थना गर्न सक्दैनौँ; हामीले अति थोरै नक्कली प्रार्थना गर्न सक्दैनौँ। हामीले प्रार्थनाको महत्त्वलाई नयाँ तरिकाले फेरि सिक्नुपर्छ, प्रार्थनाको विद्यालयमा फेरि प्रवेश गर्नुपर्छ। सिक्न धेरै समय लाग्ने अरू केही त्यहाँ छैन। र यदि हामीले यो अचम्मको कला सिक्ने हो भने हामीले बालक सन्तहरूले "येशूसँगको थोरै बातचित" भनी गाए जसरी यता थोरै उता थोरै भनी समय दिनुहुँदैन – तर हामीले परमेश्वर र प्रार्थनाको लागि दिनको उत्तम

घडीहरू माग्नुपर्छ र फलामे पक्राइले पक्रिनुपर्छ, अथवा त्यहाँ नामको लायक प्रार्थना हुनेछैन।

यी दिनहरू यद्यपि एउटा प्रार्थनाको दिनहरू होइन। प्रार्थना गर्ने मानिसहरू थोरै छन्। प्रचारक र पादरीहरूद्वारा प्रार्थनाको अपमान हुन्छ। यी हतार र हलचलका विद्युत् र बाफका दिनहरूमा मानिसहरूले प्रार्थना गर्न समय दिनेछैनन्। यस्ता प्रचारकहरू छन्, जसले नियमित वा राज्यका अवसरहरूमा आफ्नो कार्यक्रमको एक भागको रूपमा प्रार्थनाहरू बोल्ने गर्छन्; तर कसले परमेश्वरलाई पक्रिन आफूलाई जगाउँछ? कसले याकूबले जस्तो विजयी राजकुमार अन्तर्विन्तीकर्ताको रूपमा मुकुट पहिऱ्याइने बेलासम्म प्रार्थना गर्छ? कसले एलियाजस्तो बाँधिएको प्रकृतिका सबै शक्तिहरू खोलिने बेलासम्म र महामारीले मरेको भूमि परमेश्वरको बगैँचाजस्तो फुल्ने बेलासम्म प्रार्थना गर्छ? कसले येशू ख्रीष्टले पहाडमा परमेश्वरसँग प्रार्थनामा रातभरि बिताएको जसरी प्रार्थना गरेको छ? प्रेरितहरूले "आफूलाई प्रार्थनामा दिए" – मानिसहरूलाई अथवा प्रचारकहरूलाई समेत गर्न लगाउनुमा अति गाह्रो कुरा। सामान्य मानिसहरू छन्, जसले आफ्ना पैसा दिनेछन्। तिनीहरूमध्ये केहीले प्रशस्त मात्रामा दिन्छन्, तर तिनीहरूले आफूलाई प्रार्थनामा दिनेछैनन्, जसविना तिनीहरूको पैसा श्राप मात्र हो। प्रशस्त प्रचारकहरू छन्, जसले जागृति र परमेश्वरको राज्यको फैलावटको आवश्यकताबारे महान् र वाक्कौशल प्रवचनहरू प्रचार गर्नेछन्, तर त्यो काम गर्ने धेरै छैनन्, जुनविना सबै प्रचार र सङ्गठनहरू व्यर्थभन्दा खराब छन्, त्योचाहिँ प्रार्थना हो। यो अप्रचलित र झन्डै हराएको कला हो; र यो युगले पाउन सक्ने महान् हितकारी त्यो मानिस हो, जसले प्रचारकहरू र मण्डलीलाई प्रार्थनातिर फर्काउँछ।

# अध्याय २०

# प्रार्थनासहितको पुलपिटले प्रार्थना गर्ने मण्डली जन्माउँछ

*"म फैसला गर्छु, कि मेरो प्रार्थना शैतानभन्दा पनि ठुलो छ; यदि त्यसको विपरीत भएको भए लुथरले योभन्दा धेरै अगि नै फरक तरिकाले काम गरेका हुन्थे। यद्यपि परमेश्वरले मेरो तर्फबाट गर्नुभएको ठुला आश्चर्यकर्महरू वा चमत्कारहरूलाई मानिसहरूले देख्नेछैनन् र स्वीकार गर्नेछैनन्। यदि मैले प्रार्थनालाई एक दिनको लागि बेवास्ता गरेँ भने मैले विश्वासको आगोको धेरै ठुलो अंशलाई गुमाउनुपर्छ।" - मार्टिन लुथर*

पेन्तिकोसभन्दा अगि प्रेरितहरूले प्रार्थनाको महान् महत्त्वको झलक मात्र पाएका थिए। तर पेन्तिकोसमा पवित्र आत्मा ओर्लेर आएको र भरिदिएकोले प्रार्थनालाई ख्रीष्टको सुसमाचारमा महत्त्वपूर्ण र सबै-निर्देशन गर्ने स्थानमा माथि उठायो। हरेक सन्तलाई अहिलेको प्रार्थनाको आह्वान नै पवित्र आत्माको उच्च स्वरको अति महत्त्वपूर्ण आह्वान हो। सन्तत्वको धार्मिकता प्रार्थनाद्वारा नै बनाइन्छ, शुद्ध र सिद्ध पारिन्छ। सुसमाचार सुस्त र डरपोकको कदममा चल्छ, जब सन्तहरू बिहान चाँडै र रातमा ढिलोसम्म आफ्नो प्रार्थनामा रहँदैनन्।

आधुनिक सन्तहरूलाई कसरी प्रार्थना गर्ने भनी सिकाउन सक्ने र त्यसमा लगाउन सक्ने ख्रीष्टजस्ता अगुवाहरू कहाँ छन्? के हामीलाई थाहा छ, कि हामी प्रार्थनाहीन सन्त समुदायलाई खडा गर्दै छौँ? प्रेरितीय अगुवाहरू कहाँ छन्, जसले परमेश्वरका मानिसहरूलाई प्रार्थना गर्न लगाउन सक्छन्? तिनीहरू अगाडि आऊन् र काम गरुन्, र त्यो नै गर्न सकिने महान् काम हुनेछ। शैक्षिक सुविधाको वृद्धि र पैसाको बलको ठुलो वृद्धि धर्मको लागि सबैभन्दा ठुलो श्राप हुनेछ, यदि हामीले गरिरहेको भन्दा बढी र असल प्रार्थनाद्वारा त्यसलाई पवित्र पारिएन भने। धेरै प्रार्थना आफसेआफ आउनेछैन।

बीसौँ वा तीसौँ शताब्दीको कोषको लागि गरिने अभियानले हाम्रो प्रार्थनालाई मदत गर्नेछैन, तर यदि हामी होसियारी भएनौँ भने बाधा पुऱ्याउने छ। प्रार्थना गर्ने अगुवापनको विशेष प्रयासले बाहेक अरू केहीले केही प्राप्त हुनेछैन। मण्डलीको मुटु र जीवनमा प्रार्थनाको अत्यावश्यक महत्त्व र सत्यलाई स्थापित गर्ने प्रेरितीय प्रयासमा प्रमुख व्यक्तिहरूले नेतृत्व गर्नुपर्छ। प्रार्थना गर्ने अगुवाहरूले बाहेक अरू कोहीले प्रार्थना गर्ने अनुयायीहरू प्राप्त गर्न सक्दैनन्। प्रार्थना गर्ने प्रेरितहरूले प्रार्थना गर्ने सन्तहरू जन्माउँछन्। प्रार्थनासहितको पुलपिटले प्रार्थना गर्ने मण्डली जन्माउँछ। सन्तहरूलाई यो प्रार्थना भन्ने व्यवसायमा लगाउन सक्ने कोही व्यक्तिको महान् खाँचो हामीलाई छ। हामी प्रार्थनापूर्ण सन्तहरूको पुस्ता होइनौँ। प्रार्थना नगर्ने सन्तहरू एउटा भिखारी गिरोह हुन्, जसमा न त सन्तहरूको जोस, न त सौन्दर्य, न त शक्ति छ। यो धाँदोलाई कसले पुनर्स्थापना गर्नेछ? सुधारक र प्रेरितहरूमा महान् ऊ हुनेछ, जसले मण्डलीलाई प्रार्थना गर्न लगाउँछ।

हामी यसलाई सबैभन्दा विवेकपूर्ण फैसलाको रूपमा राख्छौँ, कि यस र सबै युगहरूमा मण्डलीको महान् आवश्यकता चाहिँ यस्ता मानिसहरू हुन्, जसको जीवनमा यस्ता आदेश दिने खालको विश्वास, निष्कलङ्क पवित्रता, छाप लगाएको आत्मिक शक्ति र भस्म पार्ने भक्ति छ, ताकि तिनीहरूको प्रार्थना, विश्वास, जीवन र सेवकाइ आत्मिक क्रान्तिहरू ल्याउन सक्ने गरी यति आमूल परिवर्तन ल्याउने र आवेगपूर्ण हुन्छ, जसले व्यक्ति र मण्डलीको जीवनमा संवत्हरू सुरु गर्नेछ।

हामीले बताउने मानिसहरू यस्ता होइनन्, जसले नौला माध्यमहरूद्वारा भावनालाई जगाउनेहरू, न त मनमोहक मनोरञ्जनहरूद्वारा आकर्षण गर्नेहरू, तर मानिसहरू जसले परमेश्वरको वचनको प्रचार र पवित्र आत्माको शक्तिद्वारा कुराहरूलाई जगाउँछन् र क्रान्तिहरू ल्याउँछन्, क्रान्तिहरू जसले वर्तमानका कुराहरूको पूर्ण बहावलाई परिवर्तन गर्छन्।

प्राकृतिक क्षमताहरू र शिक्षाले दिने उत्कृष्ट स्थानहरूले यस कुरामा

कारकको रूपमा काम गर्नेछैन, तर विश्वास गर्ने क्षमता, प्रार्थना गर्ने क्षमता, पूर्ण समर्पणको शक्ति, आफूलाई होच्याउने क्षमता, परमप्रभुको महिमामा आफूलाई पूर्ण रूपमा गुमाउनु, र परमेश्वरको सबै पूर्णताप्रतिको अटल र अतृप्त लालसा र खोजी। मानिसहरू जसले परमेश्वरको लागि मण्डलीमा आगो सल्काउन सक्छन्; होहल्ला र देखावटी तरिकाले होइन, तर तीव्र र शान्त रापले, जसले परमेश्वरको लागि सबै कुरालाई पग्लाउँछन् र प्रभाव पार्छन्।

यदि परमेश्वरले एउटा उचित मानिस पाउनुभयो भने उहाँले अद्‌भुत काम गर्न सक्नुहुन्छ। मानिसहरूले अद्‌भुत काम गर्न सक्छन्, यदि तिनीहरूले परमेश्वरलाई आफूलाई अगुवाइ गर्ने ठाउँमा पुर्‍याए भने। संसारलाई उथलपुथल पारिएको आत्माको पूर्ण अभिषेक यी आखिरी दिनहरूमा विशेष रूपमा उपयुक्त हुनेछ। मानिसहरू जसले कुराहरूलाई परमेश्वरको लागि शक्तिशाली रूपमा जगाउन सक्छन्, जसका आत्मिक क्रान्तिहरूले कुराहरूको अवस्थालाई पूर्ण रूपमा परिवर्तन गर्छन्, यिनीहरू नै मण्डलीको विश्वव्यापी आवश्यकता हो।

मण्डली कहिल्यै यस्ता मानिसहरूविना थिएन; तिनीहरूले नै त्यसका इतिहासलाई सजाउँछन्, तिनीहरू मण्डलीको ईश्वरत्वको खडा रहेका चमत्कारहरू हुन्; तिनीहरूका उदाहरण र इतिहासहरू अटल प्रेरणा र आशिष् हो। यिनीहरूको गन्ती र शक्तिको एउटा वृद्धि नै हाम्रो प्रार्थना हुनुपर्दछ।

आत्मिक कुराहरूमा जे भइसकेका छन्, त्यो फेरि गर्न सकिन्छ र अझै राम्रो गर्न सकिन्छ। ख्रीष्टको दृष्टिकोण पनि यही नै थियो। उहाँले भन्नुभयो, "साँच्चै, म तिमीहरूलाई भन्दछु, जसले मलाई विश्वास गर्दछ, त्यसले मैले गरेका काम पनि गर्नेछ, र तीभन्दा ठूला काम गर्नेछ, किनभने म पिताकहाँ गइरहेछु।" विगतले परमेश्वरको लागि महान् काम गर्ने सम्भावनाहरू अथवा मागहरूलाई समाप्त गरेको छैन। मण्डली जसले आफ्नो शक्ति र अनुग्रहका

आश्चर्यकर्महरूको लागि विगतको इतिहासमाथि निर्भर भएको छ, त्यो एउटा पतित मण्डली हो।

परमेश्वरले चुनिएका मानिसहरू चाहनुहुन्छ – – मानिसहरू जसबाट स्वयम् र संसार कठोर क्रूसको टँगाइले हटेको छ, एउटा दिवालापन जसले पूर्ण रूपमा स्वयम् र संसारलाई नाश पारेको छ, कि अब पुनः प्राप्तिको लागि न त आशा, न त चाहना छ; मानिसहरू जो यस कङ्गाल अवस्था र क्रूसको टँगाइद्वारा पूर्ण हृदयका साथ परमेश्वरतिर फर्केका छन्।

प्रार्थनाको उत्तर दिने परमेश्वरको प्रतिबद्धताको महसुस अझ बढी गरिन सकोस् भनी उत्कट रूपमा प्रार्थना गरौँ।

**-समाप्त-**